“समृद्ध राप्ती नगरको आधारः कृषि, पर्यटन र पूर्वाधार”

# रणनीतिक नगर विकास योजना

## २०७७/७८ – २०८१/८२




## राप्ती नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

भण्डारा,चितवन

**बाग्मती प्रदेश**

२०७७

# राप्ती नगरपालिकाको रणनीतिक नगर विकास योजना (आ.व.२०७७/७८ - २०८१/८२)

**प्रकाशक:** राप्ती नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

भण्डारा, बागमती प्रदेश प्रदेश, चितवन

सम्पर्क फोन: +९77 56 550015

वेभसाइट: www.raptimunchitwan.gov.np

इमेल : rraptimunicipality42@gmail.com

**सर्वाधिकार:** प्रकाशकमा

**प्राविधिक सहयोग :**

**परामर्शकर्ता : अन्नपुर्ण कन्सल्टिङ ग्रुप प्रा.लि,भक्तपुर**

**प्रकाशन वर्ष: २०७७**

**मुद्रक:**

# शुभ-कामना ।



नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ ले स्थानीय तहलाई आ-आफ्नो क्षेत्रको वार्षिक, आवधिक तथा रणनीतिक र दीर्घकालिन योजनाहरू तयार गर्ने, कार्यान्वयन गर्ने र अनुगमन गर्ने जिम्मेवारी प्रदान गरेको छ । सो अनुसार नगररपालिकाको रणनीतिक/आवधिक, एकीकृत एवं वार्षिक योजना तर्जुमा र नतिजा अनुगमनकोलागि क्षेत्रगत स्थिति सहित नगररपालिकाको वस्तुगत विवरण तयारी आवश्यक हुन्छ । यस नगररपालिकाको आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, वन तथा वातावरण र संस्थागत विकास तथा सुशासनका क्षेत्रको विकासकोलागि नगररपालिका भित्र संचालन गरिनु पर्ने कार्यक्रम तथा आयोजनाहरुलाई व्यवस्थित एवं तर्कबद्धढंगबाट प्रस्तुती आवश्यक हुन्छ । यसैको परिमाण स्वरुप यस राप्ती नगररपालिकाको यस रणनीतिक योजना तयार गरिएको छ ।

नगररपालिकाको समग्र नेतृत्व, अन्नपुर्ण कन्सलटिङ ग्रुपको प्राबिधिक सहयोग तथा नगर कार्यपालिका पदाधिकारी तथा विषयगत समिति संयोजक तथा सदस्य, नगरपालिकाका शाखा प्रमुख तथा कर्मचरी नगर सल्लाहकार विज्ञहरु तथा अन्य नगर विकासमा सरोकारवाला विषय क्षेत्रका विज्ञहरुको सहभागितामा रणनीतिक योजना तयार गरिएको हो । यस रणनीतिक योजनाले यस नगर क्षेत्रको समग्र विकासमा मार्गदर्शन गर्ने विश्वास लिएको छु । नगररपालिका एउटा स्थानिय सरकारको रुपमा स्थापित भै सकेको बर्तमान अवस्थामा यस नगररपालिकाले आफ्नो नगर क्षेत्र भित्र गर्नुपर्ने कार्यहरुको लागि आवश्यक नीति, रणनीति तथा कार्यक्रम र योजनाहरु तय गरिएको यस दस्तावेजले हामी जनप्रतिनिधि र नगरपालिकालाई मार्गदर्शन गरी आफ्नो लक्षमा पुग्न सहयोग पुऱ्याउने विश्वास लिएको छु ।

अन्त्यमा, राप्ती नगररपालिकाको यस रणनीतिक योजना तयारीको कार्यमा प्राविधिक सहयोग प्रदान गर्ने परामर्शदाता अन्नपुर्ण कन्सलटिङ ग्रुप र सोको तर्फबाट सहजीकरण गर्नुहुने परामर्शदाताहरुको, परिश्रम र योगदानको कदर गर्दछु । यसका अतिरिक्त सम्पूर्ण जनप्रतिनिधिहरू, नगर सल्लाकार विज्ञहरु, सरोकारवाला निकायहरू, नगरपालिकाकाका कर्मचारीहरू तथा सामाजिक कार्यकर्ताहरुको योगदान लाई उच्च कदर गर्दै धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

धन्यवाद ।

२०७७/०४/८

........................

प्रभा बराल
नगर प्रमुख
राप्ती नगरपालिका

# शुभ-कामना ।



नेपालको संविधानले ३ वटा तहको सरकारहरुको व्यवस्था गरे अनुसार हाल स्थानीय तहमा गाँउपालिकाका तथा नगरपालिकाकाहरु स्थानीय सरकारको रुपमा रहेका छन् । संविवधाले नै उनीहरुलाई विभिन्न जिम्मेवारीहरु सुम्पेको छ । त्यसको अतिरिक्त स्थानीय सरकार सञ्चालन ऐन, २०७४, ले स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ ले स्थानीय तहलाई आ-आफ्नो क्षेत्रको वार्षिक, आवधिक तथा रणनीतिक र दीर्घकालिन योजनाहरू तयार गर्ने, कार्यान्वयन गर्ने र अनुगमन गर्ने जिम्मेवारी प्रदान गरेको छ । सो अनुसार स्थानीय सरकारको रुपमा रहेका नगरपालिकाहरुले पनि आफ्नो क्षेत्रभित्रको समग्र विकासको लागि रणनीतिक/आवधिक, एकीकृत एवं वार्षिक योजना तर्जुमा गर्ने त्यसको प्रभावकारी कार्यन्वयन गर्न जरुरी छ । यसै आवश्यकता बोध गरी यस राप्ती नगरपालिकाको लागि नतिजामा आधारित यो रणनीतिक योजना तयार गरिएको छ । यसको प्रभावकारी कार्यन्वयन मार्फत यस नगरपालिकाको आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, वन तथा वातावरण र संस्थागत विकासको क्षेत्रमा सुधार भै जनताको जीवनस्तरमा सुधार हुने अपेक्षा गरेको छु ।

नगरपालिकाकाको समग्र जननिवाचित नेतृत्व, अन्नपुर्ण कन्सलटिङ ग्रुपको प्राबिधिक सहयोग तथा नगरपालिकाका शाखा प्रमुख तथा कर्मचरी नगर सल्लाहकार विज्ञहरु तथा अन्य नगर विकासमा सरोकारवाला विषय क्षेत्रका विज्ञहरुको सहभागितामा रणनीतिक योजनाको तयार गरिएको हो । यस योजनाले यस नगररपालिका क्षेत्रको विकासमा मार्गदर्शन गर्ने विश्वास लिएको छु ।

अन्त्यमा, राप्ती नगररपालिकाको विकासको मार्गदर्शको रुपमा तयार भएको यो रणनीतिक योजना तयारी कार्यमा प्राविधिक सहयोग प्रदान गर्ने परामर्शदाता अन्नपुर्ण कन्सलटिङ ग्रुपको सहजीकरण, परिश्रम र योगदानको कदर गर्दछु । यसका अतिरिक्त सम्पूर्ण जनप्रतिनिधिहरू, नगर सल्लाकार विज्ञहरु, सम्पूर्ण सरोकारवाला निकायहरू, नगररपालिका कर्मचारीहरू तथा सामाजिक योगदानको उच्च कदर गर्दै धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

धन्यवाद ।

२०७६/०४/८

.........................

इमानसिंह लामा

उपप्रमुख

राप्ती नगरपालिका

# कृतज्ञता

नेपाल संघिय संरचनामा प्रवेश गरेको धेरै समय भएको छैन । मिति २०७४ बैशाखमा स्थानीय तहको निर्वाचन पश्चात संघिय संरचना अनुसार हाल देशभरमा २९३ नगररपालिकाका रहेका छन् ति मध्ये राप्ती नगररपालिका बागमती प्रदेशको चितवन जिल्लामा अवस्थित छ । जनप्रतिनिधिहरुको निर्वाचन पश्चात राप्ती नगररपालिकाकाले योजनावद्ध तरिकाले नगर बिकास गर्ने उद्देश्य राखि नगरको बिकासको लागि ५ बर्षे रणनीतिक योजना तर्जुमा गर्ने निर्णय गरी "स्थानीय शासन (सञ्चालन तथा व्यवस्थापन) ऐन, २०७४" को व्यवस्था अनुसार पाँच बर्ष अवधिका लागि नगर विकास रणनीतिक योजना (२०७७/७८-२०८१/८२) तर्जुमा गरेको छ । नगर विकासका सरोकारवाला हरुको सहभागितामा नगररपालिकाको संभावना तथा समस्या र श्रोत साधनको पहिचान गरी नगर विकासको दीर्घकालीन सोच, उद्देश्य, रणनीति, परिणाम र प्रमुख आयोजना तथा कार्यक्रम सहित सहभागितामूलक रुपमा नगर विकास रणनीतिक योजना तर्जुमा कार्य सम्पन्न गरिएको छ ।

जननिर्वाचित प्रतिनिधि र अन्य सवै सरोकारवालाहरुको सहभागितामा तर्जुमा गरिएको यो योजना र यसको कार्यान्वयनमा नेतृत्वकारी, सयमन्वयात्मक, सहकार्य र श्रोत परिचालन सम्बन्धी धेरै चुनौतिहरु आई पर्न सक्ने संभावनाका बीचमा योजना तर्जुमा गरिएको हुँदा यस तर्फ नेतृत्व तहमा रहेका जननिर्वाचित प्रतिनिधिहरु, नागरिक समाज, विषयगत निकाय तथा गैर सरकारी संस्था, समुदायमा आधारित संस्था र आम नगरवासीबाट विशेष पहल र सहयोगको अपेक्षा गरिएको छ ।

यस नगर विकास रणनीतिक योजना तर्जुमा कार्यमा आवश्यक निर्णय, पहल र भूमिका निर्वाह गनु हुर्ने सम्पूर्ण जनप्रतिनिधिहरू तथा अन्य पदाधिकारीहरुको भूमिका प्रति विशेष धन्यवाद व्यक्त गर्न चाहन्छु । योजना तर्जुमा कार्यमा प्रत्यक्ष रुपमा सहभागी भएर सहयोग गर्नु हुने नगरपालिकाका विभिन्न शाखा, उपशाखा, इकाईमा कार्यरत कर्मचारीहरुको योगदान प्रसंशायोग्य रहेको छ ।

रणनीतिक योजना तयार गर्ने सन्दभमा तथ्याङ्क संकलन र विश्लेषण, नगरपालिकाको संभावना, समस्या र अग्रणी क्षेत्रको पहिचान, सहभागितामूलक कार्यशाला द्वारा नगर विकासको दीर्घकालीन सोच, लक्ष्य, उदेश्य र रणनीति तर्जुमा, प्राथमिकता प्राप्त आयोजना तथा कार्यक्रम तर्जुमा, श्रोत साधनको प्रवाह विश्लेषण, अनुमान तथा विनियोजन, कार्ययोजना तथा अनुगमन योजना तर्जुमा प्रक्रियाको सहजिकरण, प्राविधिक सहयोग पुराउनु हुने अन्नपुर्ण कन्सलटिङ ग्रुपको परामशदाताका टोलि नेता सहित का सम्पूर्ण विशेषज्ञ टोली धन्यवादको पात्र हुनुहुन्छ । अन्त्यमा, रणनीतिक योजना तयार गर्दा प्रत्यक्ष रुपमा सहयोग पुऱ्याउनु हुने नगर कार्यपालिका पदाधिकारी तथा विषयगत समिति संयोजक तथा सदस्य, नगर सल्लाहकार विज्ञहरु तथा अन्य नगर विकासमा सरोकारवाला विषय क्षेत्रका विज्ञहरु नगरपालिकाका शाखा प्रमुख तथा कर्मचरी साथीहरुमा विशेष आभार व्यक्त गर्दै योजना तर्जुमा प्रक्रियामा जस्तै यसको कार्यान्वयनमा पनि सक्रिय सहयोगको अपेक्षा राप्ती नगररपालिका कार्यालयको तर्फबाट व्यक्त गर्दछु ।

..................

गंगा बहादुर भुजेल<br>
प्रमुख प्रशासकिय अधिकृत<br>
राप्ती नगरपालिका

# राप्ती नगरपालिका
## रणनीतिक नगर विकास योजना सारांश

| | | |
|---|---|---|
| **दीर्घकालीन सोच** | : | **समृद्ध राप्तीको आधारः कृषि, पर्यटन र पूर्वाधार** |
| **निर्देशक सिद्धान्त** | : | • कृषि, पर्यटन र पूर्वाधारमा उच्च प्राथमिकता<br>• स्थानीय अर्थतन्त्रको विकास र विस्तार<br>• व्यवस्थित भू-उपयोग र योजनाबद्ध विकास<br>• उत्पादनमूलक, जलवायु तथा विपद् उत्थानशिल पूर्वाधार<br>• प्रभावकारी सेवा प्रवाह तथा कार्य सम्पादन<br>• अन्तर सरकार, निजी, गैर सरकारी तथा समुदाय साझेदारी र सहकार्य<br>• समावेशीकरण, सुशासन तथा सदाचार प्रर्वधन<br>• सूचना तथा नतिजामा आधारित विकास व्यवस्थापन |
| **लक्ष्य** | : | **समृद्ध राप्तीको आधार तयार हुने** |
| **उद्धेश्यहरु** | | १. स्थानीय उत्पादन, रोजगारी र आयमा दीगो बृद्धि गर्नु<br>२. स्वस्थ, सभ्य, सिर्जनशिल र सीपयुक्त मानव संशाधनको विकास गर्नु<br>३. बसोबास, बजार तथा अन्तरआबद्धता व्यवस्थित र सहज बनाउनु<br>४. जमीन, हरियाली र जलश्रोतको दीगो व्यवस्थापन र समुत्थानशिलता सुनिश्चित गर्नु<br>५. नगरपालिकाको सेवा प्रवाह, कार्यसम्पादन र जवाफदेहिताको स्तर बढाउनु |
| **प्राथमिकता तथा रणनीति** | : | • कृषि, पशुपंक्षी र वनजन्य उपजको व्यवसायीकरण, विविधीकरण र औद्योगिकरण गर्ने,<br>• सेवामूलक, साँस्कृतिक, कृषि र ग्रामीण पर्यटन व्यावसायको विकास तथा प्रवर्द्धन गर्ने,<br>• गुणस्तरीय र व्यवसायिक शिक्षा, आधारभूत स्वास्थ्य, सरसफाई तथा खानेपानी सुविधा, सशक्तिकरण र समावेशीकरण प्रवर्द्धन र सुनिश्चित गर्ने,<br>• यातायात, बजार र सुरक्षित आवास, स्वच्छ उर्जा, पर्यटन र संचारका पुर्वाधारको विस्तार र स्तरोन्नति गर्ने,<br>• विकास प्रक्रिया तथा नतिजालाई वातावरणमैत्री, उत्थानशील र दीगो बनाउने,<br>• अन्तर सरकार, सहकारी, निजी क्षेत्र, समुदाय र नागरिक समाजको समन्वय, साझेदारी र सहकार्यलाई कामयावी बनाउने |
| **आर्थिक बिकासका प्रतिफलहरु** | | |
| | : | तुलनात्मक लाभका स्थानीय कृषि उत्पादनको बृद्धि, व्यवसायिकरण र विविधीकरण भएको हुनेछ । |
| | : | सिंचाई सुविधाको विकास, विस्तार र उपलब्धतामा बृद्धि भएको हुनेछ । |
| | : | पशुपंक्षीजन्य उत्पादनको बृद्धि, व्यवसायीकरण र विविधीकरण भएको हुनेछ । |
| | : | पर्यटनको आधारभूत पूर्वाधार, सेवा तथा सुविधाको विकास बृद्धि भएको हुनेछ । |
| | : | स्थानीय कच्चा पदार्थ, श्रम तथा सीपमा आधारित उद्योग व्यवसायको सिर्जना, विकास र विस्तार भएको हुनेछ । |
| | : | बैंक तथा वित्तीय सेवामा नगरबासीको पहुँच बृद्धि भएको हुनेछ । |
| **सामाजिक बिकासका प्रतिफलहरु** | | |
| | : | विद्यालय शिक्षाको गुणस्तर तथा प्राविधिक शिक्षामा पहुँच बृद्धि भएको हुनेछ । |
| | : | बलबालिकाको आधारभूत स्वास्थ्य सेवा तथा पोषणको उपलब्धता, गुणस्तर र उपयोगमा बृद्धि भएको हुनेछ । |
| | : | स्वस्छ खानेपानी सुविधा तथा स्वस्थ्य व्यवहारमा अभिवृद्धि भएको हुनेछ । |

| | | |
|---|---|---|
| | : | विपन्न, पिछडिएका तथा जोखिम रहेका वर्गको सक्षमता, संलग्नता र आत्म विश्वासमा अभिबृद्धि भएको हुनेछ । |
| | : | युवा वर्गको सक्षमता, उद्यमशिलता र क्रियाशिल सहभागितामा अभिबृद्धि भएको हुनेछ। |
| | : | स्थानीय कला, भाषा तथा संस्कृतिको संरक्षण, सम्बर्धन र प्रवर्द्धन भएको हुनेछ । |
| **भौतिक पूर्वाधार बिकासका प्रतिफलहरु** | | |
| | : | आवागमन, बजार एवं आधारभूत सुविधामा अभिबृद्धि भएको हुनेछ । |
| | : | व्यवस्थित वस्ती, सुरक्षित आवास तथा सार्वजनिक सुविधामा अभिबृद्धि भएको हुनेछ । |
| | | सबैको लागी यातायतको पहुच बृद्धि भएको हुनेछ । |
| | | विद्युत तथा स्वच्छ उर्जाको उपलब्धता र उपयोगमा बृद्धि भएको हुनेछ । |
| | : | सूचना तथा संचार प्रविधिको उपलब्धता र उपयोगमा बृद्धि भएको हुनेछ । |
| **बन वातावरण तथा बिपद् व्यवस्थापन सम्बन्धका प्रतिफलहरु** | | |
| | : | वन तथा हरियाली क्षेत्रमा बृद्धि भएको हुनेछ । |
| | : | जल, जमीन र जलाधारका अन्य श्रोतको संरक्षण तथा उपयोगमा बृद्धि भएको हुनेछ । |
| | : | पर्यावरणीय स्वच्छता, सुन्दरता र स्वच्छ व्यवहारमा अभिबृद्धि भएको हुनेछ । |
| | : | विपद् जोखिम, विपद्जन्य क्षति र जलवायु परिवर्तनको असर न्यूनीकरण भएको हुनेछ । |
| **शुसासन तथा संथागत बिकासका प्रतिफलहरु** | | |
| | : | स्थानीय नीति तथा कार्य सम्पादन प्रणाली सरल, स्पष्ट तथा पारदर्शी भएको हुनेछ । |
| | : | संगठन विकास तथा स्थानीय सेवा व्यवस्थापन, क्षमता र कार्य सम्पादनमा अभिबृद्धि भएको हुनेछ । |
| | : | आन्तरिक तथा वाह्य श्रोत परिचालन बृद्धि र व्यवस्थित भएको हुनेछ । |
| | : | विकास व्यवस्थापन प्रणाली प्रविधिमैत्री, समावेशी र नतिजामूलक भएको हुनेछ । |
| **आवधिक योजनाको लागि आवश्यक श्रोत अनुमान** | : | |

| विषय क्षेत्र | कुल अनुमानित लागत (रु. हजार) | प्रतिशत |
|---|---|---|
| आर्थिक विकास | १२३०४५० | २५.०० |
| सामाजिक विकास | ११७८८०० | २३.९५ |
| पुर्वाधार विकास | २२९९००० | ४६.७१ |
| वातावरण तथा विपद व्यवस्थापन | १३८३५० | २.८१ |
| सुशासन तथा संस्थागत विकास | ७४७५० | १.५२ |
| **कुल बजेट** | ४९२१३५० | १०० |

**आवधिक योजनाको लागि प्रक्षेपित श्रोत** :



# शब्द संक्षेपको विस्तारित रुप

| | | |
|---|---|---|
| आ.व. | : | आर्थिक वर्ष |
| आ.ले.प. | : | आन्तरिक लेखा परिक्षण |
| कि.मि. | : | किलोमिटर |
| गा.पा. | : | गाउँपालिका |
| गैसस | : | गैर सरकारी संस्था |
| न.पा./नपा | : | नगरपालिका |
| मवि | : | माध्यामिक विद्यालय |
| रु. | : | रुपैंयाँ |
| हे. | : | हेक्टर |

# विषय सूची


परिच्छेद १ ........ ११

परिचय ........ ११

१.१ पृष्ठभूमि ........ ११

१.२ रणनीतिक योजना तर्जुमाको उद्देश्य ........ ११

१.३ कानुनी तथा नीतिगत व्यवस्था ........ १२

१.४ रणनीतिक विकास योजना तर्जुमा तथा प्रक्रिया ........ १३

१.५ सीमा ........ १५

परिच्छेद २ ........ १६

नगरपालिका को संक्षिप्त परिचय ........ १६

२.१ परिचय ........ १६

२.२ भौगोलिक अवस्था, क्षेत्रफल एवं प्रशासनिक विभाजन ........ १६

२.३ जनसंख्या बनौट ........ १७

२.४ आर्थिक तथा सामाजिक विकासको अवस्था ........ १७

२.५ नगर विकासको प्रमुख संभावना, अवसर तथा चूनौति ........ १७

परिच्छेद ३ ........ १९

दीर्घकालीन सोच तथा योजनाको प्रारुप ........ १९

३.१ नगर विकासको दीर्घकालिन सोचः ........ १९

३.२ लक्ष्य तथा उद्धेश्य ........ २०

३.३ क्षेत्रगत बृहत् उद्देश्यहरू ........ २०

३.४ समष्टिगत प्राथमिकता तथा रणनीतिहरु ........ २१

परिच्छेद ४ ........ २२

आर्थिक विकास क्षेत्र ........ २२

४.१ पृष्ठभूमि ........ २२

४.२ वर्तमान अवस्था ........ २२

४.३ लक्ष तथा उदेश्य ........ २५

४.४ रणनीति तथा कार्यनीति ........ २५

४.५ प्रमुख रणनीतिक कार्यक्रम (कार्यान्वयन योजना) ........ ३०

परिच्छेद ५ ........ ३७

सामाजिक विकास क्षेत्र ........ ३७

५.१ पृष्ठभूमि ........ ३७

५.२ वर्तमान अवस्था ........ ३७

५.४ रणनीति तथा कार्यनीति ........ ४१
५.५ प्रमुख रणनीतिक कार्यक्रम (कार्यान्वयन योजना) ........ ४४
परिच्छेद ६ ........ ५०
पूर्वाधार विकास क्षेत्र ........ ५०
६.१. पृष्ठभूमि ........ ५०
६.२ वर्तमान अवस्था ........ ५०
६.३ लक्ष तथा उद्धेश्य ........ ५२
६.४ रणनीति तथा कार्यनीति ........ ५२
६.५ प्रमुख रणनीतिक कार्यक्रम (कार्यान्वयन योजना) ........ ५४
परिच्छेद ७ ........ ५९
वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र ........ ५९
७.१ पृष्ठभूमि ........ ५९
७.३ लक्ष तथा उद्धेश्य ........ ६२
७.४ रणनीति तथा कार्यनीति ........ ६२
७.५ प्रमुख रणनीतिक कार्यक्रम (कार्यान्वयन योजना) ........ ६५
परिच्छेद ८ ........ ६८
सुशासन तथा संस्थागत विकास क्षेत्र ........ ६८
८.१. पृष्ठभूमि ........ ६८
८.२. वर्तमान अवस्था ........ ६८
८.३ लक्ष तथा उद्धेश्य ........ ७०
८.४ रणनीति तथा कार्यनीति ........ ७०
८.५ प्रमुख रणनीतिक कार्यक्रम (कार्यान्वयन योजना) ........ ७५
परिच्छेद ९ ........ ७८
कार्यान्वयन व्यवस्था ........ ७८
९.१ संस्थागत व्यवस्था तथा मानव संशाधन योजना ........ ८२
९.२ योजना कार्यान्वयन ........ ८२
९.३ वित्तीय श्रोत व्यवस्थापन ........ ८१
९.४ अनुगमन तथा मूल्याकन योजना ........ ८४
अनुसूची १: आर्थिक विकास क्षेत्रको सम्भावना, समस्या, चुनौती तथा सम्भावना विश्लेषण ........ ८५
अनुसूची २: सामजिक विकास क्षेत्रको सम्भावना,चुनौती तथा रणनीति बिश्लेशण ........ ९२
अनुसूची ३: पूर्वाधार विकास क्षेत्रको सम्भावना,चुनौती तथा रणनीति बिश्लेशण ........ ९४
अनुसूची ४ : वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रको सम्भावना,चुनौती तथा रणनीति ........ ९६
अनुसूची ५ : सुशासन तथा संस्थागत विकास क्षेत्रको सम्भावना,चुनौती तथा चुनौती ........ ९६

अनुसूची ६ : बजार विकास तथा व्यवस्थापनको लागि प्रस्तावित प्रमुख स्थानहरु ........................................ ९८
अनुसूची ७ : नगरपालिकामा रहेका कृषि तथा पशुपालन पकेट क्षेत्रहरु ................................................ ९८
अनुसूची ८ : सन्दर्भ सामग्रीहरु ............................................................................ ९९
अनुसुची ९: एकीकृत नगर विकास योजना तर्जुमा कार्यशालाका केही तस्वीरहरु.................................... १०१
अनुसुची १०: एकीकृत नगर विकास योजना तर्जुमा कार्यशालाको उपस्थिति ...................................... १०५

# परिच्छेद १
# परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधानले व्यवस्था गरेको स्थानीय तहको अधिकार क्षेत्र एवं स्थानीय तह संचालन सम्बन्धी संघीय कानून स्थानीय सरकार संचालन ऐन, २०७४ मा व्यवस्थित काम, कर्तव्य र जिम्मेवारीहरु स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७५ वाट निर्दिष्ट गरेका तौरतरिकाहरुलाई समेत अवलम्बन गरी यो योजना तर्जुमा गरिएको छ। स्थानीय सरकार संचालन ऐन, २०७४ ले गाउँपालिका तथा नगरपालिकाले स्थानीयस्तरको विकासका लागि आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा आवधिक, वार्षिक, रणनीतिक क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तर्जुमा गरी लागू गर्नु पर्ने व्यवस्था गरेको छ । यस योजनामा योजना तर्जुमासम्बन्धी संवैधानिक व्यवस्था, विगतका प्रयास एवं अभ्यास, उपलब्ध कार्यविधि तथा निर्देशिका, संघीय शासन व्यवस्था अनुसार ऐन तथा नियमले गरेका व्यवस्था तथा स्थानीय वस्तुस्थिति एवं आवश्यकता आधार लिइएको  छ ।

संविधान तथा कानूनले स्थानीय तहले उपरोक्त प्रकारका योजना तर्जुमा गर्दा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समय सीमा र प्रक्रियासँग अनुकूल हुने गरी वातावरण तथा, बालमैत्री शासन, सुशासन, जलवायु परिवर्तन अनुकूलन, विपद व्यवस्थापन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित पक्षलाई समेत  ध्यान दिनु पर्ने व्यवस्था गरेको छ। स्थानीय सरकार संचालन ऐन, २०७४  ले नगरपालिकाले योजना तर्जुमा गर्दा आर्थिक विकास, गरिबी निवारण, रोजगार, आय बृद्धि, दीगो बिकास, स्थानीय साधन श्रोत र सीपको अधिकतम उपयोग, छिट्टै प्रतिफल प्राप्त हुन सक्ने क्षेत्र र कम लागत एवं स्थानीय वासिन्दाहरुको सहभागिता जुट्न सक्ने  क्षेत्रलाई प्राथमिकता  दिनु पर्ने व्यवस्था गरेको छ ।

नगरपालिकाले तयार गरेको वस्तुस्थिति विवरणको आधारमा नगर विकासको वर्तमान अवस्था, संभावना तथा समस्या विश्लेषण गरी राप्ती नगरपालिकाको रणनीतिक विकास योजना (२०७७/०७८-२०८१/८२) तर्जुमा गरिएको छ । राजनीतिक परिवर्तन र सामाजिक आर्थिक परिवर्तनको हालको अवस्थामा नगर विकासको प्रयास एवं प्रक्रियाहरुलाई व्यवस्थित ढंगबाट दिशानिर्देश गर्न एकीकृत स्वरुपको आवधिक योजना तर्जुमा गर्ने र सोको आधारमा बार्षिक योजना तथा बजेट तर्जुमा गरी नतिजामुखी तथा प्रभावकारी विकास कार्य संचालन र सेवा प्रवाह गर्न यस नगरपालिकाको प्रथम प्रयासको रुपमा यो रणनीतिक नगर विकास योजनाको तर्जुमा गरिएको हो । योजना तर्जुमा गर्ने क्रममा सहभागितामूलक योजना तर्जुमा प्रक्रिया बमोजिम नगर कार्यपालिका पदाधिकारी तथा विषयगत समिति संयोजक तथा सदस्य, नगरपालिकाका शाखा प्रमुख तथा कर्मचरी नगर सल्लाहकार विज्ञहरु तथा अन्य नगर विकासमा सरोकारवाला विषय क्षेत्रका विज्ञहरुको सहभागिता सुनिश्चित गरिएको थियो ।

रणनीतिक नगर विकास योजना तर्जुमाका क्रममा यस नगरपालिकाको विकास प्रयासमा विभिन्न विषयगत क्षेत्रको वर्तमान अवस्था विश्लेषण गरी अवस्था सुधारका लागि दुरदृष्टि, लक्ष्य, क्षेत्रगत उद्देश्य, रणनीति तथा कार्यनीति र प्रमुख कार्यक्रमहरु, तर्जुमा गरिएको छ । यस योजनाले समग्र तथा योजनावद्ध विकासका लागि गर्नुपर्ने कार्यको मार्गदर्शन तथा अनुगमनको लागि आधार प्रदान गर्नुका साथै आगामी ५ वर्षका लागि लक्ष्य किटान गरी त्यसका लागि श्रोत परिचालनको योजना समेत तय गरेको छ। आगामी वर्षहरुको बार्षिक योजना तर्जुमाका दौरानमा यो रणनीतिक विकास योजना नगरपालिकाको लागि महत्वपूर्ण मार्गदर्शक नीतिगत दस्तावेज हुनेछ।

## १.२ रणनीतिक योजना तर्जुमाको उद्देश्य

नगरपालिकाको योजनाबद्ध विकासका लागि सरकारी, गैरसरकारी, सहकारी, समुदायमा आधारित संस्था तथा निजी क्षेत्रलाई एक थलोमा ल्याई एकीकृत तथा समष्टिगत विकास प्रक्रियालाई मार्गदर्शन गर्नु यस रणनीतिक विकास योजना तर्जुमाको मुख्य उद्देश्य हो । यस योजना तर्जुमाका निर्दिष्ट उद्देश्यहरु देहायअनुसार छन्:

- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय आवश्यकता र प्राथमिकताका आधारमा रणनीतिक नगर बिकास योजना तर्जुमा गर्ने ।
- सहभागितामूलक पद्धतिबाट नगरको समग्र बिकासको दीर्घकालीन सोच, लक्ष्य निर्धारण गरी आधार सूचना र परिमाणको आधारमा उद्देश्य, रणनीति प्राथमिकता एवं प्रमुख कार्यक्रमहरुको खाका तयार गर्ने
- रणनीतिक योजनाको कार्यान्वयनका लागि वार्षिक योजना कार्यान्वयन, अनुगमन र समीक्षाको खाका तयार पार्ने

- नगरको विकासका अग्रणी क्षेत्रहरुको विषय क्षेत्रगत रणनीतिक योजना (Sectoral Plan) तथा प्राथमिकता प्राप्त विकास आयोजना कार्यक्रमहरु तर्जुमा गर्न मार्गनिर्देशिन गर्ने
- विषय क्षेत्रगत रुपमा प्राथमिकता प्राप्त आयोजना र कार्यक्रममा लगानी सुरक्षित गर्न मध्यमकालीन खर्च संरचना (Medium Term Expenditure Framework- MTEF) तयार गर्न आधार तयार गर्ने
- समुदाय, सहकारी, निजी क्षेत्र र विकास साझेदारको लगानी र सहभागिता प्रर्वद्धनका लागि मार्ग प्रशस्त गर्ने

## १.३ कानुनी तथा नीतिगत व्यवस्था

नेपालको संविधानले व्यवस्था गरेका मौलिक हक, राज्यका निर्देशक सिद्धान्त र नीति, स्थानीय तहको अधिकार, संघीय एवं प्रदेश नीति तथा कानून र स्थानीय नीति तथा कानून बमोजम स्थानीय तहको विकासको मार्गचित्र निर्माण गर्नु पर्ने हुन्छ । नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको अधिकारहरूको कार्य विस्तृतीकरण प्रतिवेदनमा स्थानीयस्तरका आवधिक योजना र बार्षिक योजना तथा बजेट स्वीकृती सम्बन्धी कार्यलाई स्थानीय तहको कार्यसूचीमा सूचीकृत गरेको छ । स्थानीय शासन संचालन सम्बन्धी संघीय कानून, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ६ को दफा २४ को उपदफा १ अनुसार नगरपालिकाले आफ्नो अधिकार क्षेत्रको भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, बार्षिक र विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन विकास योजना बनाई लागू गर्नुपर्ने व्यवस्था गरेको छ । यस प्रकार योजना बनाउँदा नेपाल सरकार, प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समय सीमा प्रक्रियासँग अनुकुल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकुलन, विपद् व्यवस्थापन, लैंगिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयहरूलाई ध्यान दिनु पर्ने व्यवस्था गरेको छ ।

यसका अतिरिक्त स्थानीय सरकार संचालन ऐनले गाउँपालिका तथा नगरपालिकाले योजना तर्जुमा गर्दा देहायअनुसार गर्नु पर्ने समेत व्यवस्था गरेकाले ती विषयलाई मनन् गरी यस रणनीतिक योजना तर्जुमा गरिएको छ ।

- मध्यम तथा दीर्घकालिन प्रकृतिका रणनीतिका आयोजनाहरुको सूची
- स्थानीय बुद्धिजिवी, विषयविज्ञ, अनुभवी, पेशाविद्, सीमान्तकृत तथा लोपोन्मुख समुदाय, महिला, बालबालिका, दलित, युवा, अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक लगायतका सरोकारवालाको अधिकतम सहभागिता
- कार्यक्रम र प्रमुख आयोजनाहरुको स्रोत साधनको पूर्वानूमान र योजना कार्यान्वयन तालिका तयार
- संघीय र प्रदेशस्तरको आयोजना कार्यक्रम, प्राथमिकताका क्षेत्र, रणनीति समायोजन
- वार्षिक योजना तर्जुमा गर्दा स्थानीयस्तरका विकास आयोजना सम्बन्धी अध्ययन, अनुसन्धान तथा प्रभाव मूल्याङ्कनमा प्रतिवद्धता प्राप्त भएको
- गैर सरकारी संस्था, उपभोक्ता समिति, सहकारी संस्था र सामुदायिक संस्थाबाट संचालन गर्ने आयोजना, कार्यक्रम तथा बजेट र सो सम्बन्धमा सरोकारवालाहरुको प्रतिवद्धता
- अन्तरराष्ट्रिय गैर सरकारी संस्थाबाट संचालन आयोजना /कार्यक्रम समावेश

संवैधानिक दायित्व तथा स्थानीय सरकार संचालन सम्बन्धी संघीय कानूनका अतिरिक्त स्थानीय तहको रणनीतिक विकास योजना तर्जुमा प्रक्रियामा देहायअनुसार कानूनी तथा नीतिगत दस्तावेजमा उल्लिखित यस नगरपालिकाका सन्दर्भमा उपयुक्त हुने विषयहरुलाई स्थानीयकरण गर्ने आधार समेत लिइएको छ

- दिगो विकासका लक्ष्यहरू,
- राष्ट्रिय भू-उपयोग नीति, २०६९,
- विषयगत ऐन तथा नीतिहरू,
- नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धी सम्झौताहरु,
- राष्ट्रिय योजनाबाट जारी राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन निर्देशिका,
- राष्ट्रिय, प्रादेशिक तथा जिल्लास्तरीय विषयगत गुरुयोजनाहरू ।

## १.४ रणनीतिक विकास योजना तर्जुमा तथा प्रक्रिया

यस नगरपालिकाको रणनीतिक विकास योजना तर्जुमाको क्रममा देहायको विधि तथा प्रक्रिया अवलम्वन गरिएको छ।

### १.४.१ नगरपालिकाले तयार गरेको पार्श्वचित्रको अध्यान

रणनीतिक विकास योजना तर्जुमा क्रममा गरिने वस्तुस्थिति बिश्लेषणको लागि आवश्यक आधार तथ्याङ्क तथा सूचना श्रोतको रुपमा नगर वस्तुस्थिति विवरणलाई लिइएको छ ।

### १.४.२ आधाररेखा सुचना तथा वस्तुस्थिति विश्लेषण

रणनीतिक नगर योजना तर्जुमा कार्यमा सघाउने महत्वपूर्ण सूचनाको आधारको रुपमा वस्तुगत विवरणमा उल्लेखित नगरपालिकाको भौगोलिक तथा भौतिक अवस्थिति, जनसांख्यिक, आर्थिक, सामाजिक, पूर्वाधार विकास, वातावरण तथा विपद व्यवस्थापन र संस्थागत विकास तथा सुशासनको अवस्था सहित विषयगत वस्तुस्थिति विवरणको विश्लेषण एवं सहभागितामूलक छलफल गरिएको छ ।

### १.४.३ रणनीतिक विकास योजना तर्जुमा कार्यशाला गोष्ठी

नगरपालिकाको आयोजना तथा प्राविधिक टोलीको सहजीकरणमा २०७७ असार २० गते रणनीतिक विकास योजना तर्जुमासम्बन्धी एक दिने कार्यशाला गोष्ठीमा सम्पन्न भएको थियो । उक्त योजना तर्जुमा गोष्ठीमा नगर विकासको दीर्घकालिन सोच (Vision) वस्तुस्थिति विश्लेषणका आधारका योजनाको लक्ष्य (Goal), उद्देश्य (Objectives) तथा रणनीति (Strategies), संभावना तथा समस्या विश्लेषण, विषय क्षेत्रगत रणनीतिक उद्धेश्य (Outputs) एवं भौतिक लक्ष्य निर्धारण (Targets) एवं वार्षिक कार्यान्वयन तालिका निर्धारण गर्ने कार्य सम्पन्न गरिएको छ । गोष्ठीमा विषय क्षेत्र योजनाको लक्ष्य, उद्देश्य, प्रतिफल र प्रमुख कार्यक्रम तथा आयोजना, भौतिक लक्ष्य र आवश्यक श्रोतमा सहमती गरिएको छ । यसका साथै कार्यशालामा गत आर्थिक बर्षहरुमा उपलब्ध स्रोतको आधारमा रणनीतिक नगर विकास योजना अवधिमा नगरपालिकाको आन्तरिक स्रोत, राजस्व बाँडफाँडबाट प्राप्त राजस्व, संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान समेत अन्य विभिन्न स्रोतबाट प्राप्त आगामी ५ बर्षको उपलब्ध हुन सक्ने श्रोत समेत अनुमान तथा प्रक्षेपण गरिएको थियो । कार्यशालामा मस्तिष्क मन्थन, समूह कार्य, वृहत समूह प्रस्तुती तथा छलफल आदि जस्ता कार्यशाला विधिको प्रयोग गरिएको थियो ।



*योजना तर्जुमा गोष्ठीमा योजनाको बारेमा बिचार प्रस्तुत गर्दै नगर प्रमुख*

नगरपालिकाको समष्टिगत आर्थिक तथा सामाजिक विकासको लक्ष्य प्राप्त गर्न नगरपालिका तथा स्थानीय तहका सरोकारवालाहरुको स्रोत तथा क्षमता आधार मानी ५ बर्ष अवधिको योजना प्रारम्भिक मस्यौदा तयार गरिएको थियो । योजनालाई बार्षिक योजना (बार्षिक नीति, कार्यक्रम तथा बजेट) मार्फत कार्यान्वयन गर्ने र नियमित अनुगमन तथा आवधिक समीक्षा तथा मूल्याङ्कन गरी नतिजाको मापन तथा सिकाईको प्रारुप समेत तयार गरिएको छ । नगर कार्यपालिका पदाधिकारी तथा विषयगत समिति संयोजक तथा सदस्य, नगरपालिकाका शाखा प्रमुख तथा कर्मचारी नगर विकासका सरोकारवालाको सहभागिता र विषय क्षेत्रका विज्ञहरु नगर सल्लाहकार विज्ञहरुको सहजीकरणमा गोष्ठी सम्पन्न भएको थियो ।

### १.४.४ योजना दस्तावेजको मस्यौदा तयारी

रणनीतिक नगर विकास योजना तयारी कार्यशाला गोष्ठी तथा वडास्तरीय तथा लक्षित समूह परामर्श गोष्ठीबाट आएका सूचना तथा अपेक्षालाई विषय विज्ञहरुसँगको परामर्श तथा प्राविधिक टोलीको सहयोगमा नतिजामूलक योजनाको स्तरीय ढाँचामा विषयगत रुपमा लिपिवद्ध गरी दस्तावेज तयार गरिएको छ। योजना दस्तावेज मुख्य ९ परिच्छेदमा विभाजन गरिएको छ । सन्दर्भ सामग्रीको रुपमा राष्ट्रिय तथा प्रदेश आवधिक योजना, जिल्लाका अन्य नगरपालिकाको बिभिन्न दस्ताबेदको प्रारुपलाई उपयोग गरिएको छ। साथै योजनामा योजनाविद् तथा विषयविज्ञहरुको सुझाब लिई योजना तर्जुमा प्राविधिक सहयोग टोलीद्धारा रणनीतिक विकास योजना दस्तावेज लेखन गरियो ।



*योजना तर्जुमा कार्यशाला गोष्ठीमा विचार प्रस्तुत गर्दै नगर उप-प्रमुख*

योजना दस्तावेज नतिजामूलक योजनाको ढाँचामा स्थानीय तहका अधिकार क्षेत्रका सवै विषय एवं प्राविधिक पक्षहरुलाई तर्कपूर्ण एवं वस्तुनिस्ठ ढंगबाट प्रस्तुत गरी रणनीतिक विकास योजनाको मस्यौदा दस्तावेज तयार गरिएको छ । योजना तयारी तथा विस्तृत कार्यशाला गोष्ठी, वस्तुस्थिति विश्लेषण र विषयगत समूह अभ्यासको प्रतिफल तथा वस्तुस्थिति विवरण र सान्दर्भिक दस्तावेज एवं दोश्रो स्रोतबाट उपलब्ध विवरण र सूचनालाई योजना दस्तावेज तयारीको प्रमुख आधार बनाइएको थियो ।

### १.४.५ मस्यौदा प्रस्तुती तथा सुझाव संकलन कार्यशाला तथा अन्तिम दस्तावेज तयारी

स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन र नतिजामूलक योजनाको स्तरीय ढाँचामा सहभागितामूलक कार्यशाला, विषयविज्ञको सुझाब र परामर्शका आधारमा तयार रणनीतिक विकास योजनाको मस्यौदालाई नगरपालिकाका मस्यौदा प्रस्तुती तथा सुझाव संकलन कार्यशालाको आयोजना गरी प्रस्तुती, छलफल तथा सुझाव प्राप्त गरियो ।



*योजना तर्जुमा कार्यशाला गोष्ठीमा समूह अभ्यासको निष्कर्ष प्रस्तुती गर्दै विषय विज्ञ तथा परामर्शदाता*

नगरपालिकाको आयोजनामा २०७७ साल श्रावण ४ गते संचालित कार्यशालामा नगर कार्यपालिकाका पदाधिकारी, कर्मचारी र सरोकारवाला माझ योजनाको मस्यौदा प्रस्तुती, विषय क्षेत्र समूह तथा वृहत समूह छलफल र परामर्श गरी रणनीतिक विकास योजनालाई पूर्ण बनाउन आवश्यक सुझाव प्राप्त गरियो । यस कार्यशालामा विषयगत समूह तथा लक्षित समूह परामर्शबाट सुझावलाई समेत प्रस्तुत गरी वस्तुस्थिति विश्लेषण, कार्यक्रम, रणनीति तथा कार्यनीतिमा समावेश गरियो ।

यस कार्यशालाबाट जनसमुदाय, निजी क्षेत्र, गैसस तथा समुदायिक संस्था, संघ तथा प्रदेश सरकारबाट सिधै कार्यान्वयन हुने आयोजना तथा कार्यक्रममा हुने लगानी समेत विश्लेषण गरी श्रोत परिचालन रणनीति समेत तय गरिएको छ । साथै कार्यशालामा योजनाको नतिजा खाकामा आधारित भई प्रस्तावित प्रमुख आयोजनाको प्रक्रिया अनुगमन, प्रतिफल, असर तथा प्रभावको नतिजा अनुगमन तथा लेखाजोखाको खाका समेत प्रस्तुत तथा छलफल गरिएको थियो ।

गोष्ठीमा नगर कार्यपालिका पदाधिकारी तथा विषयगत समिति संयोजक तथा सदस्य, नगरपालिकाका शाखा प्रमुख तथा कर्मचारी, विषय क्षेत्रका विज्ञहरु नगर सल्लाहकार विज्ञहरु, तथा अगुवा, समाजसेवी बुद्धिजिवी, लक्षित वर्ग तथा समुदाय संस्थाका प्रतिनिधिहरुको उपस्थिति रहेको थियो ।

कार्यशालाको निष्कर्ष तथा सरोकारवालाबाट प्राप्त सुझाव एवं पृष्ठपोषणलाई समावेश गरी राप्ती नगरपालिकाको रणनीतिक विकास योजनाको दस्तावेजलाई अन्तिम रुप प्रदान गरिएको छ ।

## १.५ सीमा

यस रणनीतिक नगर विकास योजना तर्जुमाका सीमाहरू देहाअनुसार प्रस्तुत गरिएको छ :

- रणनीतिक विकास योजना तर्जुमा क्रममा गरिने वस्तुस्थिति बिश्लेषणको लागि आवश्यक आधार तथ्याङ्क तथा सूचना श्रोतको रुपमा नगर वस्तुस्थिति विवरणलाई लिइएको छ । बिषय क्षेत्रगत तथ्याङ्क तथा सूचनामा कुनै दुविधा उत्पन्न भएको अवस्थामा कार्यशालाको क्रममा नै सहभागितामूलक छलफलबाट सहमति बनाई सोही आधारमा विश्लेषण गरिएको छ ।साथै नेपाल सरकार प्रदेश सरकारका प्रकाशन तथा दस्तावेज लगायत अन्य सूचना समेतलाई आधार बनाइएको छ ।
- राष्ट्रिय तथा प्रादेशिक योजना तर्जुमाको क्रममा रहेको हुँदा उक्त योजनाको लक्ष्य, उद्देश्य, प्राथमिकता र रणनीतिसँग योजना पूर्ण तादाम्यता गर्न सकिएको छैन ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार नगरपालिका क्षेत्रमा क्रियाशील गैरसरकारी संस्था, सामुदायिक संघ-संस्था र निजी क्षेत्रका कार्यक्रमहरू नगरसभाबाट पारित गरी कार्यान्वयन गर्नु पर्ने व्यवस्था भएतापनि यो अभ्यास पूर्ण रुपमा कार्यान्वयनमा आइसकेको अवस्था नहुँदा गैर सरकारी तथा अन्य क्षेत्रबाट हुने क्रियाकलाप तथा लगानीलाई पूर्ण रुपमा आँकलन गरी योजनामा समावेश गर्न सकिएको छैन ।
- नेपाल सरकार र प्रदेश सरकारले विशेष कार्यक्रमका लागि अनुदान प्रदान गरी कार्यान्वयन प्रक्रिया निर्धारण गरेकोमा नगरपालिकाले उक्त श्रोत साधनको प्रक्षेपण गरि नसकेकोले योजना तर्जुमाको यथार्थ श्रोत साधनको प्रक्षेपण हुन सकेन र अनुमानित श्रोतमात्र प्रक्षेपण गरिएको छ ।
- नेपाल सरकार वा प्रदेश सरकारको संयुक्त लगानी वा सार्वजनिक निजी साझेदारीमा संभाव्य आयोजना संचालन तथा व्यवस्थापनको यथार्थ प्रक्षेपण गर्न सकिएको छैन ।

# परिच्छेद २

# नगरपालिका को संक्षिप्त परिचय

## २.१ परिचय

संघिय गणतन्त्र नेपालको पुनसंरचना अनुसार राप्ती नगरपालिका बागमती प्रदेश, चितवन जिल्लाको सुदुर पूर्वी क्षेत्रमा उतर दक्षिण लम्कीएको यस नगरपालिकाले उच्च पहाडी क्षेत्र देखि राप्ती नदीले बनाएको होचो समथर भूभाग समेटेर बनेको छ । प्राकृतिक सम्पदा र सौन्दर्यको मनोरम समथर भूमि, कृषि र पर्यटनको केन्द्रको रुपमा स्थापित, पुरातात्विक ऐतिहासिक, सांस्कृतिक गौरवको अमूल्य , विविध संभावना, श्रोत एवं कृषि उपजहरुको उर्बर भुमिको रुपमा राप्ती नगरपालिका रहेको छ । भौगोलिक रुपमा यस नगरपालिकाको पूर्वमा मकवानपुर जिल्ला संग जोडिएको लोथर खोला , उत्तरमा घादिङ जिल्ला संग जोडिएको कमिनचुली कान्दा सार्लिङ्ग जस्ता लेकहरु , दक्षिणमा राप्ती नदि चितवन राष्ट्रिय निकुन्ज भारतसग जोडिएको छ र पशिचमम। खैरहानी र कालिका नगरपालिकासंग जोडिएको २१२.३१ बर्ग किलोमिटरमा फैलिएको छ । राज्य पुनसंरचना अनुसार साविकका पिप्ले, भण्डारा, बिरेन्द्रनगर, लोथर र कोराक गा.वि.स हरुलाई मिलाई राप्ती नगरपालिका हाल १३ वटा वडा कायम गरीएको छ ।

## २.२ भौगोलिक अवस्था, क्षेत्रफल एवं प्रशासनिक विभाजन

भौगोलिक अवस्थीतीको रुपमा हेर्दा राप्ती नगरपालिका भित्री मधेशमा पदर्छ । तर यस नगरपालिका उतर दक्षिण फैलिएको हुर्दा तराईको समथर फाट देखि उच्च पाहाडी क्षेत्र समेत समेटेको छ। भौगोलिक रुपमा यस नगरपालिकाको पूर्वमा मकवानपुर जिल्ला संग जोडिएको लोथर खोला , उत्तरमा घादिङ जिल्ला संग जोडिएको कमिनचुली कान्दा सार्लिङ्ग जस्ता लेकहरु , दक्षिणमा राप्ती नदि चितवन राष्ट्रिय निकुन्ज भारतसग जोडिएको छ र पशिचमम। खैरहानी र कालिका नगरपालिकासंग जोडिएका छ । यस नगरपालिका समुन्द्री सतह वाट २०८.१७८ देखि १९०६.८२९२ मिटर सम्मको उचाईमा रहेको यस राप्ती नगरपालिकामा पाहाडमा लालीगुरास फुल्ने देखि तराईमा नरिबेल फल्ने जस्ता जैविक, विविधता, प्राकृतिक स्रोत तथा पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण रहेको छ। नेपालको संविधान र संघीय शासन प्रणाली अनुसार स्थापित यस राप्ती नगरपालिकाको वडागत विवरण देहायअनुसार प्रस्तुत गरिएको छ ।

तालिका १: पुनसंरचित नगरपालिकाको वडागत विवरण

| वडा नम्बर | समावेश साविक गाविस र वडा | वडाको क्षेत्रफल (वर्गकिमि) | वडाको केन्द्र रहेको स्थान |
|---|---|---|---|
| १ | राप्ती (१,२) | २६.३ | पिप्ले |
| २ | राप्ती (३) | ६.२ | गड्यौली |
| ३ | राप्ती (४) | ९.९ | झुरभुरे |
| ४ | राप्ती (८) | ५.० | डडुवा |
| ५ | राप्ती (५) | ६.० | भण्डारा |
| ६ | राप्ती (६,७) | ११.१ | भण्डारा |
| ७ | राप्ती (९) | ३.५ | विरन्द्रनगर |
| ८ | राप्ती (१०, ११) | १२.८ | बजरहट्टी |
| ९ | राप्ती (१२) | १८.६ | पानीसरा ढाप |
| १० | कोराक (५,८,९) | २२.४ | खहरे |
| ११ | कोराक (१,३,७) | २०.४ | आँपपानी |
| १२ | कोराक(२,४,७)<br>लोथर (१(३) | २६.१ | यौरालीटार |
| १३ | लोथर (४(९) | ४३.९ | कालीटार |
| | **जम्मा** | **२१२.३१** | |

**स्रोतः स्थलरुप नक्सा, नापी विभाग**

*नोटः यहाँ प्रस्तुत क्षेत्रफल भौगोलिक सूचना प्रणालीमा आधारित नक्शाबाट लिइएको हो र अन्य स्रोतबाट प्राप्त तथ्याङ्क अनुसार क्षेत्रफल फरक पर्न सक्दछ ।*

## २.३ जनसंख्या बनौट

घरधुरी सर्भेक्षण २०७५ अनुसार राप्ती नगरपालिकाको कुल जनसंख्या ६४८२० रहेको छ जसमा पुरुष ३३५४२ ( ५१.७५) महिला ३१२७८ (४८.२५) प्रतिशत छ। वडा अनुसार सबैभन्दा उच्च जनसंख्या वडा नं. ७ मा ६,९४३ जना रहेको छ भने सबैभन्दा न्यून वडा नं. १२ मा २,८१८ रहेको छ। हालको औसत घरपरिवारको आकार ५.१७ र लैंगिक अनुपात (पुरुष र महिला) १: १.०७४ रहेको छ। नगरपालिकामा कुल जनसंख्याको २३.५९ % ब्राम्हण तामाङ १८.५१ प्रतिशत, चेपाङ्ग १६.७६ प्रतिशत, दलित ८.०७ प्रतिशत, क्षेत्री ७.९९ थारु, मगर,नेवार,राई र गुरुङ्ग क्रमश ५.६३,५.०५,४.५,४.३ र २.५५ प्रतिशत रहेका छन्।।

## २.४ आर्थिक तथा सामाजिक विकासको अवस्था

राप्ती नगरपालिकाको आर्थिक तथा सामाजिक विकासको अवस्थाको विश्लेषण गर्दा यस नगरपालिकामा आर्थिक रुपले सक्रिय जनसंख्या (१५ बर्ष भन्दा माथि र ५९ बर्ष सम्म उमेर) ६५.६६ प्रतिशत रहेको छ। पेशागत रुपमा कृषि तथा पशुपालनमा,बैदेशिक रोजगार, जागिर,ज्याला मज्दुरी, व्यापार व्यवसाय र अन्य पेशामा आश्रित जनसंख्याको प्रतिशत क्रमशः १६.९, ७.९२, ६.१५,५.२.८, २.४ र ४.५६ प्रतिशत रहेको छ। यस नगरपालिका क्षेत्रभित्र १० वटा वाणिज्य बैंकले सेवा प्रधान गदै आएका छन्। , ७ वटा लघुवित्त वैंक र ४५ सहकारी संस्थाहरू रहेका छन्। यस नगरपालिका २ वटा क्याम्पस र सामुदायिक र संस्थागत गरी ६० वटा विद्यालय संचालनमा रहेका छन् भने १ अस्पताल ७ वटा स्वास्थ्य चौकी रहेका छन् ।

## २.५ नगर विकासको प्रमुख संभावना, अवसर तथा चूनौति

नगर विकासका प्रमूख समस्या, अवसर तथा चुनौतिहरु पहिचानका लागि मिति ०७७ असार २० गते नगर कार्यपालिका पदाधिकारी तथा विषयगत समिति संयोजक तथा सदस्य, नगरपालिकाका शाखा प्रमुख तथा कर्मचरी नगर सल्लाहकार विज्ञहरु नगर विकासमा सरोकारवाला विषय क्षेत्रका विज्ञहरु सम्विलित नगरपालिका स्तरीय गोष्ठिहरु आयोजना गरियो। सो गोष्ठिहरुमा नगरपालिका बिकासका प्रमुख समस्या, समस्या समाधानका उपायहरु, नगरपालिकामा रहेका विकासका सम्भावना र अवसरहरु तथा नगरपालिकाले सामना गर्नु पर्ने चुनौतिहरुको बिश्लेषण गरियो। विषयगत रुपमा नगरस्तरीय समस्या बिश्लेषण तथा अवसर र चुनौतिहरुको बिस्तृत बिवरण अनुसुचि १ देखि अनुसुचि ५ मा प्रस्तुत गरिएको छ।

### २.५.१ राप्ती नगरपालिकाको मुख्य अवसरहरु

- नदी जन्य उत्पादन, गिटी, बालुवा,ढुग्गा बनपैदावार,काठ दाउरा जडिवुटी उपलव्ध हुनु।
- चितवन राष्ट्रिय निकुन्ज सग सिमा जोडिनु
- सम्भावना बोकेको पर्यटकिय स्थलहरु हुनुको साथै पर्यटन प्रबद्धन वाट आर्य श्रोतमा बृद्धी गर्न सकिने।
- भैगोलिक विविधताको अपार संभावना तराईको समथर भुभाग देखि उच्च पाहाडी भुभाग समेटिएको छ। (यहाँ उच्च पहाडमा फुल्ने लाली गुरास फुल्नुको साथै तराईमा नरिबेल फल्दछ)।
- यूवाजनशक्ति प्रयाप्त हुनाले विकासमा अवसर
- नगरपालिकाको भु -उपभोगको अवस्थाको बिश्लेषण गर्दा कूल क्षेत्रफलको ५६.०९ प्रतिशत भुभाग बन जंगलले ढाकेको छ।
- पाहाडी वडाहरु,१०,११,१२,१३,१ परेवाटार र ३ धमिली मा हरियाली वन क्षेत्र,चरन क्षेत्रको कारण पशुपालनको संभावना अधिक रहेको।
- आधुनिक तथा व्यावसायिक कृषि उत्पादनको लागी १ देखि ९ नम्वर वडाहरुमा प्रचुर संभावना रहेको।
- प्रकृतिक रुपमा प्रसस्त रुपमा खोला नाला भएको हुर्दा सिचाईको सुविधामा सहजता रहेको।

- विभिन्न सहयोगी संघसंस्थाहरुको उपलब्धता र नगरपालिकामा काम गर्ने इच्छा ।
- राष्ट्रीय सडक संजाल पुर्व पश्चिम राजमार्गसग जोडिएको हुर्दा उधोग धन्दा व्यावसायमा पहुँचता

२.५.२ राप्ती नगरपालिकाको मुख्य चुनौतीहरु

- शैक्षिक बेरोजगारीको संख्या बढदै जानु ।
- न.पा को उत्तरी पाहाडी क्षेत्र भौगोलिक विकटताको कारण बिकास कार्यमा कठिनाई, दुर्गमता ।
- विभिन्न किसिमका प्रकोपहरु (भूकम्प, बाढी, पहिरो, हुरी चट्याङ)को प्रभाव क्षेत्र भएकाले संकटासन्न हुनु ।
- उत्तरी खण्डमा यातायातको कठीनाईका कारण ढुवानीमा उच्च लागत बढ्नु ।
- प्रयाप्त आर्थिक र प्राविधिक श्रोतको अभाव ।
- विकासमा दिगोपना हुन नसक्नु ।
- पाहाडी क्षेत्रमा साक्षरताको कमीको कारण अन्धविश्वास हराउन नसक्नु ।
- युवालाई कृषि क्षेत्रमा आकषण गर्न नसक्नु ।
- बैदेशिक रोजगार प्रति आकषण बडदै जानु ।
- उधोग धन्दा संचालनको लागी प्रर्याप्त आधार तथा कृषिजन्य उत्पादनले वजार नपाउने ।
- उत्पादीत कृषिजन्य उपजको उचित मुल्य नपाउनु ।
- नगरपालिकाको समथर भुभागका वडाहरु. १ देखि ९ सम्म  बाढी र डुवानको जोखिम रहनु को साथै पाहाडी वडाहरु १०,११,१२ र १३ मा पहिरोको जोखिम रहेको ।
- प्राकृतिक रुपमा सृजित पर्यटकिय स्थललाई आर्थिक अभावका कारण व्यावस्थित पर्यटकिय स्थलको रुपमा विकास गर्न नसक्नु ।
- पर्यटकिय विकासको लागी पर्यटकिय पुर्वाधार र प्रचार प्रसारको कमी ।

# परिच्छेद ३
# दीर्घकालीन सोच तथा योजनाको प्रारुप

## ३.१ नगर विकासको दीर्घकालिन सोचः

वस्तुस्थिति विवरण, आधार सूचना तथा रणनीतिक नगर विकास योजना तर्जुमा कार्यशाला गोष्ठीमा प्रस्तुत नगरपालिकाको वस्तुस्थिति विश्लेषण, सहभागितामूलक छलफल तथा परामर्शका आधारमा विकासका संभावना, नगर विकासको अग्रणी क्षेत्र र नगरवासीले चाहेको अवस्थालाई मध्यनजर गर्दै देहायअनुसार दीर्घकालिन सोच तयार गरिएको छ :

**"समृद्ध राप्ती नगरको आधारः कृषि, पर्यटन र पूर्वाधार"**

**स्वस्थ, शिक्षित, सुसस्कृत, सम्मानित र सुखी नागरिक बसोबास गर्ने वातावरणीय रुपले स्वच्छ, आर्थिक रुपले सक्षम, विपद र जलवायु उत्थानशिलन, उन्नत कृषि, पर्यटन र पूर्वाधारमा आधारित समृद्ध राप्ती नगरपालिका**

नगरपालिकाको उल्लिखित दीर्घकालीन सोचलाई साकार पार्न कृषि, पर्यटन र पूर्वाधार विकासमा विशेष प्राथमिकता सहित देहायअनुसारको विकासको निर्देशक सिद्धान्त तय गरिएको छः

१. **कृषि, पर्यटन र पूर्वाधारमा उच्च प्राथमिकताः** व्यवसायिक कृषिको विकास र विस्तार, पर्यटन प्रवर्धन, एवं पूर्वाधारको विकासद्वारा समृद्धिको आधार तयार गरिनेछ ।

२. **स्थानीय अर्थतन्त्रको विकास र विस्तारः** संघ र प्रदेश सरकारको विकास सम्बन्धी सोच, लक्ष्य, उद्देश्य प्राप्त गर्न समन्वय, सहयोग र सहकार्यको माध्यमद्धारा स्थानीय अर्थतन्त्रको विकास र विस्तार गरी समृद्धिको आधार तयार गरिनेछ ।

३. **व्यवस्थित भू-उपयोग र योजनाबद्ध विकासः** राष्ट्रिय भू-उपयोग नीति २०७६ बमोजिम भूमिको बनौट, क्षमता र उपयुक्तता, आवश्यकता र वर्तमान उपयोग समेतको आधारमा भू-उपयोगको नीति तर्जुमा तथा पालना अभिबृद्धि गर्ने संयन्त्र र कानूनी र नीतिगत व्यवस्था गरिनेछ ।

४. **उत्पादनमूलक, जलवायु तथा विपद् उत्थानशिल पूर्वाधारः** भू-उपयोग योजनाको आधारमा बस्ती तथा भौतिक पूर्वाधार विकास, विषय क्षेत्रगत रणनीतिक/गुरुयोजना तर्जुमा गरी सो अनुसार पूर्वाधार विकास र सुविधा अभिबृद्धि गरिनेछ । पूर्वाधार तथा संरचना निर्माण गर्दा उत्पादन तथा आयमूलक क्षेत्रमा जोड दिने नीति अवलम्बन गरिनेछ । साथै पूर्वाधार निर्माण गर्दा भूमिगत जलश्रोतमा आधारित सिंचाई प्रणाली, बाँध निर्माण जस्ता जलवायु अनुकुलन आयोजनामा विशेष प्राथमिकता दिने तथा संरचना निर्माण गर्दा वातावरण संरक्षण ऐन तथा नियम अनुसार बायोइञ्जिनियरिङ्ग र संरक्षण सम्बन्धी प्रविधिको प्रयोगमा जोड दिइनेछ ।

५. **प्रभावकारी सेवा प्रवाह र विकास व्यवस्थापनः** नगरपालिकालाई प्रभावकारी सेवा प्रवाह र विकास व्यवस्थापनको आधार केन्द्रको विकास गर्दै जनतालाई शिक्षा, स्वास्थ्य, विद्युत, खानेपानी, सरसरफाई लगायतका सेवा सुविधा प्रत्याभूति गरिनेछ । यसका लागि सूचना, प्रमाण र ज्ञानमा आधारित ठोस योजना तर्जुमा, प्रभावकारी कार्यान्वयन र प्राप्त उपलब्धीको नतिजामूलक अनुगमन र प्रभावको लेखाजोखाको व्यवस्था गरिनेछ ।

६. **अन्तर सरकार, निजी, गैर सरकारी तथा समुदाय साझेदारी र सहकार्यः** पूर्वाधार निर्माण तथासंचालन, सेवा प्रवाहमा अन्तर सरकार, निजी, गैर सरकारी, सहकारी र समुदायसँग साझेदारी र सहकार्य गरी विकास उपलब्धीलाई प्रभावकारी गरिनेछ । कृषि पशुपालन, व्यवसाय सेवा, उत्पादन तथा बजारीकरण, खानेपानी तथा सरसफाई, इञ्जिनियरिङ्ग जस्ता निजी क्षेत्र, गैर सरकारी र सहकारी संस्थासँग करार गरी वैकल्पिक प्रणालीमा आधारित सेवा प्रवाहको व्यवस्था गरी स्थानीय सेवा प्रवाहलाई सहज र प्रभावकारी बनाईनेछ । साथै विकास निर्माण कार्यमा निजी, गैर सरकारी, सहकारी र समुदायको लगानी र साझेदारी अभिबृद्धि गरिनेछ ।

७. **समावेशीकरण, सुशासन तथा सदाचार प्रवर्धन :** सुशासन, विकास र समृद्धि देश विकासको अवको कार्यसूची रहेको छ । सुशासन विकास र समृद्धिको पूवसर्तको रुपमा रहेको छ । सुशासनको लागि विद्यमान सबै खालका विभेद तथा वहिष्करण अन्त्य, कानून तथा विधिको शासन, सरकारी, निजी, सहकारी र सामुदायिक साझेदारी, पारदर्शिता र जवाफदेहिताको उच्चतम अभ्यास गरिनेछ । राजनीति तथा समाजमा बढ्दै गईरहेको अराजकता र भ्रष्टाचारको विरुद्ध सदाचार पद्धति अबलम्बन र सामाजिक जवाफदेहितासम्बन्धी संयन्त्रहरुको एकीकृत र सचेत अभ्यास गरिने छ । यस प्रक्रियामा नागरिक समाजको साझेदारी गरिनेछ ।

८. **सूचना तथा नतिजामा आधारित विकास व्यवस्थापन :** विकास व्यवस्थापन प्रक्रियालाई सूचना, प्रमाण तथा ज्ञानमा आधारित तथा नतिजामूलक बनाईनेछ । यस प्रक्रियामा सूचना प्रविधि, अनुभव र सफल अभ्यासलाई अधिकतम परिचालन गरिनेछ ।

### ३.२ लक्ष्य तथा उद्धेश्य

यस प्रथम रणनितिक बिकास योजना नगरपालिकाको दीर्घकालिन सोच **"समृद्ध राप्ती नगरको आधारः कृषि, पर्यटन र पूर्वाधार"** प्राप्त गर्ने आधार योजनाको रुपमा रहने छ । नगरपालिकाको दीर्घकालिन सोच तर्फ उन्मुख हुन तथा समष्टिगत विकासको मूल लक्ष्य **"उत्थानशिल र समृद्ध राप्ती नगरको आधार तयार गर्ने"** निर्धारण गरिएको छ । नगरपालिकाको दीर्घकालिन सोच अनुरुप योजनाको उपरोक्त लक्ष्य हासिल गर्न देहायअनुसारको उद्देश्य लिइएको छः

- स्थानीय उत्पादन, रोजगारी र आयमा दीगो बृद्धि गर्नु
- स्वस्थ, सुसँस्कृत, सिर्जनशिल र सीपयुक्त मानव संशाधनको विकास गर्नु
- बसोबास, बजार तथा अन्तरआबद्धता व्यवस्थित र सहज बनाउनु
- जमीन, हरियाली र जलश्रोतको दीगो व्यवस्थापन र उत्थानशिलता सुनिश्चित गर्नु
- नगरपालिकाको सेवा प्रवाह, कार्यसम्पादन र जवाफदेहिताको स्तर बढाउनु

### ३.३ क्षेत्रगत वृहत् उद्देश्यहरू

यस रणनीतिक नगर विकासको योजनाको क्षेत्रगत वृहत उद्देश्यहरु देहायअनुसार रहेका छन्:

#### ३.३.१ आर्थिक विकास

कृषिको व्यवसायीकरण, पर्यटन तथा सेवा क्षेत्रको विकास, साना तथा घरेलु उद्योग एवं व्यापार व्यवसायको प्रवर्द्धनबाट रोजगारमूलक स्थानीय अर्थतन्त्रको विकास भई नगरवासीको रोजगारी र आय स्तरमा सुधार भएको हुने ।

#### ३.३.२ सामाजिक विकास

गुणस्तरीय शिक्षा, सर्वसुलभ स्वास्थ्य एवं पोषण, स्वच्छ पिउने पानी तथा सरसफाइको सुविधामा पहुँच र युवा एवं खेलकुद विकास तथा प्रवर्द्धनका साथै लैङ्गिक समानता, सामाजिक समावेशीकरण सुनिश्चित गरी नगरवासीलाई आधारभूत सामाजिक सेवा, संरक्षण र सुरक्षा उपलब्ध भएको हुने ।

#### ३.३.३ भौतिक विकास

आधारभूत तथा गुणस्तरीय भौतिक एवं सामाजिक पूर्वाधारको निर्माण, स्तरोन्नति र मर्मत सम्भारबाट नगर विकासमा गतिशीलता आई नगरवासीको सेवा तथा सुविधा प्राप्ति, पहुँच र प्रवाहमा सहज भएको हुने ।

### ३.३.४ वातावरणीय व्यवस्थापन

वन, वन्यजन्तु, जैविक विविधता तथा भू तथा जलाधार क्षेत्रको संरक्षण, विकास, संवर्द्धन, प्रवर्द्धन र दिगो उपयोग गर्दै, विपद् व्यवस्थापन एवं जलवायु परिवर्तन अनुकूलन तथा न्यूनीकरण उपायको अवलम्बनबाट वातावरणमैत्री विकास भई हरित, सफा उज्यालो र बस्नयोग्य व्यवस्थित नगर निर्माण भएको हुने ।

### ३.३.५ संस्थागत

विधि र प्रक्रियाको निर्माण, चुस्त तथा प्रभावकारी संगठन संरचना र क्षमता विकास, सार्वजनिक, निजी, सहकारी, गैसस तथा सामुदायिक साझेदारीलाई प्रवर्द्धन गर्दै सेवा प्रवाह सुनिश्चित र भरपर्दो भएको हुने ।

## ३.४ समष्टिगत प्राथमिकता तथा रणनीतिहरु

यस रणनीतिक विकास योजनाले लिएको लक्ष्य तथा उद्देश्य हासिल गर्न देहायअनुसारका विषयहरुलाई विशेष प्राथमिकता दिई नगर विकासका प्रयासहरु संचालन गर्ने रणनीति अवलम्बन गरिनेछः

१. कृषि, पशुपंक्षी र वनजन्य उपजको व्यवसायीकरण, विविधीकरण र औद्योगिकरण गर्ने ।
२. साँस्कृतिक, कृषि र ग्रामीण पर्यटन व्यवसायको विकास तथा प्रवर्द्धन गर्ने ।
३. गुणस्तरीय र व्यवसायिक शिक्षा, आधारभूत स्वास्थ्य, सरसफाई तथा खानेपानी सुविधा र सामाजिक सुरक्षा प्रवर्द्धन र सुनिश्चित गर्ने ।
४. यातायात, बजार र सुरक्षित आवास, स्वच्छ उर्जा, पर्यटन र संचारका पुर्वाधारको विस्तार र स्तरोन्नति गर्ने
५. विकास प्रक्रिया तथा नतिजालाई वातावरणमैत्री, उत्थानशील र दीगो बनाउने ।
६. अन्तर सरकार, सहकारी, निजी क्षेत्र, समुदाय र नागरिक समाजको समन्वय, साझेदारी र सहकार्यलाई कामयावी बनाउने ।

# परिच्छेद ४
# आर्थिक विकास क्षेत्र

## ४.१ पृष्ठभूमि

नेपालको संविधानले सुनिश्चित गरेको खाद्य सुरक्षा, मर्यादित र सुरक्षित रोजगारी र आयको अधिकार कार्यान्वयन गर्न नेपाल सरकार, प्रदेश सरकारका साथै र स्थानीय सरकारको भूमिका महत्वपूर्ण रहेको छ। यसलाई मुर्तरुप दिन संवैधानिक व्यवस्था, संघ, प्रदेश तथा स्थानीय नीति, कानून, योजना र लक्ष्यको आधारमा स्थानीय सरकारले योजनाबद्ध प्रयास गर्नु आवश्यक रहेको छ। यस नगरपालिकाको समग्र आर्थिक विकासको अग्रणी क्षेत्र कृषि, पशु, पर्यटन, उद्योग व्यवसाय रहेका छन् ।

नेपलको मध्य भागमा अबस्थित आर्थिक,राजनैतिक र सामाजीक रुपमा सचेत रहेको यस नगरपालिकाको भूभाग केहि समथर कृषि योग्य भुमि रहेको छ भने केहि पाहाडी भुभाग रहेको छ । यस नगरपालिकाको सडक संजालको कुरा गर्दा पूर्व पशिचम राजमार्ग यही नगरपालिका हुदै गएको हुर्दा आर्थिक गतिविधिहरु संभावना अधिक देखिन्छ ।

नगरपालिकाको भू -उपभोगको अवस्थाको बिश्लेषण गर्दा कूल क्षेत्रफलको ३६.१९ प्रतिशत जमिन खेतियोग्य रहेका छ । यस नगरपालिकाको मुख्य आर्यको श्रोतको रुपमा कृषि र पशुपालनको उत्पादनले महत्वपूर्ण हिस्सा ओगटेको छ । करीव ६०.३३ परिवारले पशुपालन गरेका छन जसमा कुखुरा,बाखा खसि बोका,गाइ,भैसी पाल्ने गदर्छन । यस नगरपालीकामा पशुचौपाय वाट उत्पालन गर्ने मुख्य आम्दानीको श्रोतमा दुध र मासु रहेको छ। यसको अलवा मुख्य खेतितर्फ धान,मकै, गहुँ, र आलु,दलहन,तेलहन र तरकारी प्रमुख रहेका छन । यस नगरपालिकाको सवै वडाका भूभागमा बर्ष भरी नै सिंचाई नहरबाट सिंचाई सुविधा पुऱ्याउन सक्ने हो भने लागत लाभका दृष्टिकोणले यहाँको उत्पादन प्रतिस्पर्धी हुन सक्ने अवस्था विद्यमान छ। मौसमी तरकारी खेति आर्थिक विकासको प्रमुख साधनको रुपमा रहेको छ। व्यवसायको हिसावले यस नगरपालिकामा मज्यौला तथा साना उद्योग तथा व्यावसाय, कुखुरा फाराम,माछा पालन, आंशिक रुपमा उन्नत गाईभैंसी पालन लगायतका क्षेत्रमा रोजगारीका अवसर सृजना भएको देखिन्छ ।

यस नगरपालिकाको उत्पादन, रोजगारी र आयको प्रमुख संभाव्य स्रोतका रुपमा रहेको कृषि, पशु, उद्योग व्यवसाय, पर्यटन, बित्तीय व्यवस्थापन जस्ता क्षेत्रमा विकासका प्रयासलाई डोऱ्याउन यस क्षेत्रको बिद्यमान अवस्था, समस्या तथा चुनौति समेत विषय क्षेत्रगत लक्ष्य, उद्देश्य सो को प्राप्तिका लागि अवलम्वन गर्नु पर्ने रणनीति र बिषय क्षेत्रगत प्रमुख कार्यक्रमहरु सहितको आर्थिक विकास योजना देहायअनुसार प्रस्तुत गरिएको छ ।

## ४.२ वर्तमान अवस्था

### ४.२.१ कृषि विकास

क) विद्यमान अवस्था, संभावना र अवसर

राप्ती नगरपालिकामा अधिकांश ७६.२७ प्रतिशत परिवार खेतिपातीमा आधारीत छन । नगरपालिकाको भु -उपभोगको अवस्थाको बिश्लेषण गर्दा कूल क्षेत्रफलको ३६.१९ प्रतिशत जमिन खेतियोग्य रहेको भएतापनि धान,मकै, गहुँ, कोदो र आलु,दलहन,तेलहन र जस्ता खाद्यान्न उत्पादन परम्परागत तौल तरिकाबाटै हुने गरेको छ । आम्शीक रुपमा व्यवसायिक रुपमा मौसमी तथा वेमौसमी तरकारी समेत उत्पादन हुने गरेको छ । उत्पादित तरकारी स्थानीय, बजारहरु, पिप्ले, भण्डरा, विरेन्द्रनगर,रत्ननगर टाँडी र नारायणगढ बजारमा बिक्री हुने गरेको छ । अन्नवाली खेतितर्फ धानको बार्षिक उत्पादन ३६८१३३.४ क्विन्टल मकै १४६१९ क्विन्टल उत्पादन हुने गरेको पाहिन्छ । नगदेवालीतर्फ तरकारी, खेतिको संभावना प्रसस्त रहेको छ । उच्च मुल्य जाने बालीको पकेट क्षेत्र विकास मार्फत बिस्तार र प्रर्वद्धन गर्न सकेको खण्डमा कृषिको व्यवसायिकता एवं दीगो खाद्य सुरक्षाको सुनिश्चितता प्रदान गर्न सक्ने प्रचुर संभावना रहेको छ ।

ख) समस्या तथा चुनौति

गुणस्तरीय तथा उन्नत जातको वीउको उपलव्धतामा कमी हुनु, उत्पादकत्व कम भएका जातको प्रयोग ज्यादा हुनु, कृषि श्रमशक्ति अन्य क्षेत्रतर्फ पलायन हुनु लागत लाभको दृष्टिकोणमा खेति प्रणाली खर्चिलो हुनु, माटोको नियमित परीक्षण नहुनु जस्ता समस्याले यस क्षेत्रको व्यवसायिकताका लागि मुख्य चुनौतीको रुपमा रहेको देखिन्छ। व्यवसायिक सोचको कमी विद्यमान रहनु, कृषि पर्यटन तथा पकेट खेति विकास कार्यक्रम नहुनु एव प्रवर्द्धनात्मक कार्यक्रम संचालन नहुनुजस्ता समस्या विद्यमान देखिन्छ।

कृषि उपजको सुरक्षित भण्डारको सुविधा नहुनु, अधिकांश कृषकहरुमा व्यावसायिक कृषि र पशुपालन सम्बन्धी प्राविधिक, व्यवस्थापकीय र बजारीकरण सम्बन्धी ज्ञान, सीप र प्रविधिको प्रयोगमा कमी हुनु समस्याको रुपमा रहेको छ । आर्थिक विकास संभावनाका क्षेत्रहरु प्रचुर भएपनि परम्परागत र निर्वाहमुखी खेति प्रणाली, व्यवसायिक ज्ञान तथा प्रविधि सम्बन्धी सूचनाको कमी, उन्नत मल विउको न्युन उपलव्धता, कर्जामा कम पहुँच, वजारोन्मुख खेति प्रणाली नहुनु मुख्य चुनौतीको रुपमा रहेको छ।

स्थानीय हावापानी सुहाउँदो र बढी उत्पादन दिने खालको विभिन्न प्रजातीका बीउ बिजन उत्पादन गर्ने नर्सरी नहुँदा कृषकहरुले माग र आवश्यकता अनुसारको बोट विरुवा प्राप्त सकेका छैन । जलवायु परिवर्तनको असरका कारण बालीमा देखापर्ने हानीकारक झार तथा किराहरुको प्रकोप लगायत पोषण र पानी सम्बन्धी जोखिममा बृद्धि भइरहेको छ।

## ४.२.२ सिंचाई

क) विद्यमान अवस्था, संभावना र अवसर

नगरपालिका क्षेत्रमा मौषमी सिंचाई र बर्षभरी हुने सिंचाई गरी ४७ वटा सिंचाई योजना हरु जसमा बर्षभरी हुने सिंचाइ योजना १५ वटा रहेका छन । यस नगरपालिकामा ९०१ घर धुरी सिंचाई सुविधावाट लाभान्विद भएका छन । आ.व ०७५/०७६ र ०७६/०७७ मा सिचाइको लागी १.८ कि.मि कुलो निमर्ण भएको छ । काही कतै व्यक्तिगत तबरले बोरिंग सुविधाबाट सिंचाई सुविधा गर्ने गरेको पाहिन्छ। सिंचाईका स्रोतहरुको दीगो व्यवस्थापनबाट खेतियोग्य भूमीमा सिंचाई सुविधा विस्तार गर्न सकिने देखिन्छ।

ख) समस्या तथा चुनौति

बर्षभरी हुने सिंचाई नहरहरु पूर्ण रुपमा संचालनमा नरहेको, मौषमी सिंचाइको उपलव्धता रहेको कारण केहि जमीन सुख्खा रहनु प्रमुख समस्याको रुपमा रहेको छ । भूमिगत सिंचाईको उपयोग खर्चिलो हुनु र यसका कारण उत्पादन लागत बढ्नु पनि समस्याको रुपमा रहिरहेको छ। पक्की बाँध कुलोको निर्माण पर्याप्त नहुनु, निर्मित नहरहरु नियमित र भरपर्दो नहुनु, सिंचाईको आवश्यकता तथा हालको क्षमताबारे अध्ययन नहुनु जस्ता समस्या रहेका छन् । साथै संचालित सबै सिंचाई योजनाको नियमित स्थाई ढंगले मर्मत सम्भार हुन नसक्नु एवं सिंचाई सुविधा नपुगेका ठाउँका लागि बैकल्पिक सुविधाको कमी मुख्य चुनौतीको रुपमा देखिन्छ।

## ४.२.३ पशु विकास

क) विद्यमान अवस्था, संभावना र अवसर

यस नगरपालिकाको मुख्य उत्पादनको रुपमा पशुपालन व्यावसाय रहेको छ । करीव ६०.३३ परिवारले पशुपालन गरेका छन जसमा कुखुरा,बाखा खसि बोका,गाइ,भैसी पाल्ने गदर्छन। कोहि किसानले माछापालन,मौरी पालन व्यवसाय सुरु गरेका छन । बार्षिक रुपमा माछाको उत्पादन २९७२९० के.जि र मौरीपालन वाट ५४६५८ लिटर मह गरीदै आएका छन। यस नगरपालिका वाड न.४ डडुवामा पशु प्रयोगशाला भवन निमार्णदिन अवस्थामा रहेको छ।अधिकांश कृषकहरु पशुजन्य उत्पादन वाट जिबिकोपाजनमा उल्लेखनिय सुधार गरेको देखिन्छ। पशुजन्य उत्पादनमा मुख्यत: गाईभैंसीको दूध ( बार्षिक आम्दानी २ करोड ८४ लाख),मासु उत्पादन वाट बार्षिक करीव ८ करोड बरावर आम्दानी गदर्छन। पशुपालन विषेशत बाखा पालनको लागी पाहाडी वडाहरु १०,११,१२,१३, १ को परेवाटार र वडा न. ३ को

धमिली मा उपयुक्त रहेको छ । वजार केन्द्रहरुको बढ्दो विकासक्रम, मुख्य वजारहरुसँगको निकटताका कारण पशुपंक्षीजन्य उत्पादनको प्रचुर संभावना रहेको छ ।

ख) समस्या तथा चुनौति

नगरपालिका क्षेत्रमा उन्नत जातको गाईभैसी, बाखापालन पर्याप्त हुन नसक्नु, आधुनिक किसिमको गोठ, खोरको व्यवस्थामा कमी हुनु, उन्नत घाँसको व्यवस्थामा कमी हुनु तथा पशुपन्छीका लागी औषधी उपचार केन्द्र नहुनु तथा उपचारको व्यवस्था पर्याप्त नहुनु प्रमुख समस्याको रुपमा रहेको छ। अन्य समस्याहरुमा दक्ष जनशक्तिको सहयोगमा पशुपालन तालीमको व्यवस्थामा कमी, गुणस्तरीय दुग्ध उत्पादनमा व्यवसायिक चेतनाको कमी देखिन्छ भने आवश्यक पूर्वाधारहरु जस्तै पशुबधस्थल, पशुरोग पहिचान तथा उपचारका लागि प्रयोगशाला लगायत नहुनुले पनि पशुपंक्षीपालन व्यवसायको स्तरबृद्धि हुन सकिरहेको छैन ।

पशुपालनका लागि आवश्यक सरल कर्जाको व्यवस्था नहुनु, समयमा उपलव्ध हुनुपर्ने औषधी भ्याक्सिनको सहज उपलव्धता नहुनु, दक्ष कृषि जनशक्ति कृषि प्राविधिकको कमी, स्थानिय स्तरमा एग्रोभेटहरु संचालनमा नहुनु र पशु फार्म व्यवस्थापन सम्बन्धी सीप नहुनु पनि समस्याको रहिरहेको छ ।

४.२.४ पर्यटन विकास

क) विद्यमान अवस्था, संभावना र अवसर

यस नगरपालिका उतर दक्षिण फैलिएको हुर्दा तराईको समथर फाट देखि उच्च पाहाडी क्षेत्र समेत समेटेको छ । प्राकृतिक सम्पदा र सौन्दर्यको मनोरम समथर भूमि, पर्यटनको केन्द्रको रुपमा स्थापित, पुरातात्विक ऐतिहासिक, सांस्कृतिक गौरवको अमूल्य , विविध संभावना बोकेको छ । धार्मिक तथा एतिहासिक महत्वका प्रसिद्ध मठ मन्दिर गुम्वा जस्ता महत्व बोकेका ८२ वटा स्थान यस नगरपालिकामा रहेका छन । यस नगरपालिका वाड न.१ मा उच्च भुभागमा रहेको परेवाटार पर्यटकिय हिसावले धेरै महत्व बोकेको छ । त्यहा निमीत भिउटावर जाहा वाट देखिने तराईको समथर भुभाग राप्ती नगरपालिकाको पर्यटकीय केन्द्रको रुपमा विकास भएको छ । अन्य स्थानहरुमा इको पार्क,नागदहँ,जे.पी भेटवाल पार्क र भसमाडी गैडाढाप ताल,सास्कृतिक संग्रालय,माटे डाँडा फन पार्क,पिपुल्स पार्क र कमिनचुली नकु गुफा यस नगरपालीका मुख्य प्रर्यटकीय क्षेत्रहरु हुन । त्यसको अलवा परेवाटारमा संचालित होमस्टेले थप आकषण बडेको छ । यसको अलवा यस नगरपालिकामा पर्यटन विकासमा प्रर्वद्धन गदै जानु पर्ने संभावना देखिन्छ ।

ख) समस्या तथा चुनौति

यस नगरपालिकामा पर्यटन प्रबद्धनको साथै पर्यटन पुर्वाधारमा विकासमा कम्जोरी रहेको अवस्था देखिन्छ । प्राकृतिक रुपमा सृजित पर्यटकिय स्थललाई आर्थिक अभावका कारण व्यावस्थित पर्यटकिय स्थलको रुपमा विकास गर्न सकिएको छैन । नगरपालिकामा पर्यटकीय गाउँ तथा सेवा सुविधाको सम्भावना अध्ययन नभएको, पर्यटकस्तरका होटल तथा रेष्टुराँहरु संचालनमा कमी रहनु तथा आधुनिक एवं आयातित संस्कृतिको बढ्दो प्रभाव रहनुको साथै नगरमा रहेका पर्यटकीय महत्वका स्थानहरुको प्रचार प्रसार गर्न नसक्न प्रमुख समस्याको रुपमा रहेकोछ ।

४.२.५ उद्योग, व्यापार तथा व्यवसाय

क) विद्यमान अवस्था, संभावना र अवसर

नगरपालिकाका प्रमुख वजार केन्द्रहरु भण्डारा, पिप्ले, विरेम्द्रनगर व्यवसायिक गतिविधिहरु संचालनमा रहेका छन् । सबै वडामा साना ठुला वजार संचालनमा हुनुले स्थानीय उत्पादनहरुको विक्री वितरणमा सहज भैरहेको देखिन्छ । नगरपालिका क्षेत्रभित्र आर्थिक कारोवार गर्ने व्यापार व्यवसायको संख्या करीव ५१७ रहेका छन । नगरपालिकामा साना तथा मज्यौला उधोग व्यावसाय संचालनमा छन । जसमा पोल्ट्री फर्म , तेल उधोग, गल्ला खरीद केन्द्र, फर्निचर

उद्योग, राईसमिलहरु संचालनमा रहेको देखिन्छ। यसैगरी वैदेशिक रोजगारबाट रेमिट्यान्सलाई व्यवसायमा लगाउनका साथै वैदेशिक रोजगारीबाट भित्रिएको दक्ष जनशक्तिलाई स्थानीयस्तरमा उपलव्ध कच्चा पदार्थमा आधारित उद्योगहरुको स्थापना गरी संचालन गर्न सकिने संभावना रहेको देखिन्छ ।

### ख) समस्या तथा चुनौति

उद्योग संचालन सम्बन्धी पर्याप्त सीप तथा जानकारीको अभाव, घरेलु उद्योग सम्बन्धी तालीम पर्याप्त नहुनु, परम्परागत व्यवसायलाई आधुनिकीकरण गर्न नसक्नु, उद्योग संचालनका लागि पर्याप्त लगानीको व्यवस्था नहुनु तथा दक्ष जनशक्तिको उपलब्धता स्थानीयस्तरमा नहुनु प्रमुख समस्याको रुपमा रहेको देखिन्छ । यसका अतिरिक्त उत्पादनमुखी बजारको व्यवस्थापन नहुनु, व्यवसायिक सुचना केन्द्रको कमीजस्ता पक्षपनि उद्योग व्यवसाय विकासको प्रमुख समस्याको रुपमा रहेको छ ।

## ४.२.६ बैंक, वित्तीय संस्था एवं सहकारी

### क) विद्यमान अवस्था, संभावना र अवसर

वित्तीय पहुँच तथा सेवाको लागि नगरपालिकामा हाल १० वटा वाणिज्य वैंक शाखा, ७ लघुवित्त, ४५ वटा सहकारी संस्था बाट वित्तिय सेवा उपलब्ध भैरहेको छ । नगरपालिकाका करीव ६० प्रतिशत घरपरिवार बैंक तथा वित्तीय संस्थासंग आवद्ध रहेको देखिन्छ । नगरपालिका क्षेत्रका करिव २५ प्रतिशत घरधुरीले विभिन्न प्रयोजनका लागि बैंक तथा वित्तीय संस्थाबाट ऋण लिएको देखिन्छ ।

### ख) समस्या तथा चूनौति

बैंकको लगानी सवै वडाहरुमा विस्तार नहुनु, सहकारी संचालनमा कर्मचारी एवं पदाधिकारीहरुको क्षमतामा कमी, सहकारीको प्राय आफनै भवन नहुनु, सहकारीहरुको नियमित एवं प्रभावकारी अनुगमन नहुनु, वित्तीयसंस्थाबाट लिइने ऋणको सदुपयोग हुन नसक्नु एवं व्यवसायको लागि ऋणको जोखिम उठाउने क्षमतामा कमी, स्थानीयहरुमा आम्दानी तथा बचतको मात्रामा अत्यन्तै कमी रहनु रहेको छ

## ४.३ लक्ष तथा उदेश्य

यस नगरपालिकाको आर्थिक विकास क्षेत्रको लक्ष्य देहायअनुसार रहेको छ:

- स्थानीय उत्पादन, रोजगारी र आयमा दीगो बृद्धि गर्ने

आर्थिक विकास क्षेत्रको उद्देश्यहरु देहायअनुसार रहेका छन्:

- स्थानीय कृषि उत्पादनको बृद्धि, व्यावसीयकरण र यान्त्रीकरण हुने
- सिंचाई सुविधाको विकास, विस्तार र उपलब्धतामा बृद्धि हुने
- पशुपंक्षीजन्य उत्पादनको बृद्धि, व्यवसायीकरण र यान्त्रीकरण हुने
- स्थानीय कच्चा पदार्थ, श्रम तथा सीपमा आधारित उद्योग व्यवसायको सिर्जना, विकास र विस्तारे हुने
- बैंक तथा वित्तीय सेवामा नगरबासीको पहुँच बृद्धि हुने

## ४.४ रणनीति तथा कार्यनीति

योजनाको आर्थिक विकास सम्बन्धी लक्ष्य तथा उद्देश्य हासिल गर्न अपाइने रणनीति तथा नतिजा हासिल गर्न निर्धारण भएका रणनीतिक कार्यक्रम तथा आयोजना संचालनमा देहायअनुसारका कार्यनीति अवलम्बन गरिनेछ ।

***तालिका ४: आर्थिक विकासका लागि रणनीति तथा कार्यनीति***

| रणनीति | कार्यनीति |
|---|---|
| **क. कृषि विकास** | |
| १. कृषि उपजको उत्पादन तथा उत्पादकत्व बृद्धि गर्ने | १.१ स्थानीय वीउ-विजन, वेर्नाहरुको संरक्षण गर्दै गुणस्तरीय जातका मूलतः नगदे एवं उच्च मूल्यका कृषि उपजहरुको व्यवसायिक खेति व्यापकता दिई उत्पादन र उत्पादकत्वमा बृद्धि ल्याइनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | १.२ रासायनिक मलको व्यापक प्रयोगवाट माटोको उर्वराशक्तिमा आएको ह्रासलाई न्यूनीकरण तथा उर्वराशक्तिलाई बडाउन घर-घरवाट निस्कने फोहोरमैला, गोठेमल, पशुमूत्रलाई एकत्रित गरी जैविक मल उत्पादन गर्न प्रोत्साहित गरिनेछ ।<br>१.३ जमिन वाँझो हुने र खण्डीकरण गरिने अभ्यासलाई नियन्त्रण गर्दै कृषकहरुको सामुहिक खेति, साझेदारी एवं सहकारी तथा करार खेति प्रणालीलाई स्थापित गर्न नीतिगत तथा कानूनी व्यवस्था गरिनेछ ।<br>१.४ कृषि बालीमा लाग्ने रोग, कीटाणुवाट हुने क्षतिलाई समयमै नियन्त्रण गर्न प्राविधिक सेवा सहयोगलाई सक्षम र प्रभावकारी बनाइनेछ र नोक्सानी न्यूनीकरण गर्न कृषि बीमा सेवा उपलव्धताका लागि निजी क्षेत्रसंग समन्वय गरिनेछ ।<br>१.५ कृषिका आधुनिक प्रविधि तथा यन्त्र-उपरणहरुको प्रयोग तथा यान्त्रीकरण गर्न तथा सूचना प्रविधिवाट वढी भन्दा वढी लाभान्वित गराउन कृषकहरुलाई सहयोग उपलव्ध गराइनेछ ।<br>१.६ जलवायु परिवर्तनलाई कृषिमा अनुकूलन गर्दै कृषि जैविक विविधताको संरक्षण र प्रविधि उपयोगलाई प्रोत्साहन गर्दै कृषि कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गरिनेछ । |
| २. कृषक एवं कृषि सेवामा आधारित संस्थाहरुको क्षमता अभिबृद्धि गर्ने | २.१ कृषक तथा कृषि फार्महरुको सीप, क्षमता अभिबृद्धि एवं व्यवसायिकता बिकासमा सहजीकरण गरिनेछ ।<br>२.२ कृषक समूह गठन र कृषि सहकारी संस्था गठन गर्न प्रोत्साहन गरिने, अगुवा कृषक परिचयपत्र वितरण र सोही अनुसार सुविधा एवं अनुदानहरुको व्यवस्था गरी कृषि पेशालाई एक पुरस्कृत एवं सम्मानित गरिनेछ ।<br>२.३ वेरोजगार युवाहरुमा सीप बिकास तालिमहरु प्रदान गरी कृषि मजदुर तथा जनशक्तिका अभावलाई न्यूनीकरण गर्दै स्थानीय स्तरमा युवाहरुको रोजगारीका लागि सहजीकरण गरिनेछ ।<br>२.४ कृषि जनशक्ति बिकास तथा युवाहरुलाई कृषि पेशामा आवद्ध गर्न CTEVT वाट मान्यता प्राप्त कृषि प्राविधिक विद्यालय संचालन गर्न निजी क्षेत्रसंग समन्वय गरिनेछ ।<br>२.५ जलवायु परिवर्तन अनुकुलन सम्बन्धी अभिमुखीकरण गरी सोवाट हुन सक्ने क्षति, नोक्सानी न्यूनीकरण गर्न कृषकको क्षमता अभिबृद्धि गराइनेछ । |
| ३. कृषि उपजहरुको व्यवसायीकरण तथा वजार प्रवर्द्धन गर्ने | ३.१ व्यवसायिक संभावना भएका खाद्यान्न तरकारी, फलफुल लगायतका नगदेबालीको व्यवसायिक उत्पादनका लागि सम्भाव्यताका आधारमा पकेट क्षेत्र, ब्लक, कृषि जोन घोषणा गरिनेछ ।<br>३.२ कृषिमा यान्त्रीकीकरण, आधुनिकीकरण र वजारीकरणका लागि अनुदान, प्रोत्साहनको व्यवस्था गरिनेछ ।<br>३.३ कृषि सहकारी संस्था तथा निजी क्षेत्रको भूमिकालाई प्रभावकारी बनाउदै कृषि वजार प्रवर्द्धन गर्न कृषक र वाह्य वजार क्षेत्रसंग अन्तरसम्बनध (Forward and Backward Linkage) बिकास गरिनेछ ।<br>३.४ मूल्य श्रृङ्खला (value chain) र वृहत उत्पादन (mass production) को अवधारणालाई अवलम्बन गर्न नीतिगत एवं कानूनी व्यवस्था मिलाइनेछ ।<br>३.५ नगरपालिकाको मुख्य मुख्य स्थानहरुलाई वजार क्षेत्रको रुपमा बिकास गर्दै त्यस्ता क्षेत्रहरुमा हाट वजारको व्यवस्था गरी राष्ट्रिय एवं प्रदेश स्तरीय विक्रेताहरुलाई कृषि उपजहरु विक्री वितरण गर्ने अवस्था सिर्जना गरिनेछ।<br>३.६ कृषकहरुलाई कृषि उत्पादन व्यवस्थापन, वाह्य वजार अवस्था एवं कृषि उपजहरुको वजार क्षेत्रका वारेमा विद्युतीय उपकरण एवं सूचना प्रविधिवाट नियमित जानकारी गराउन प्रभावकारी संयन्त्र नगरपालिकामा व्यवस्था गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| ४. कृषि पूर्वाधारको विकास र विस्तार गर्ने | ४.१ कृषि उपजहरुको ढुवानी सहजताका लागि आवश्यकताका आधारमा वातावरणमैत्री कृषि सडकहरु स्तरउन्नती गरिनेछ।<br>४.२ कृषि वजार बिकास प्रवर्द्धनका लागि प्रत्येक वडामा कृषि उपज संकलन केन्द्र, गोदामघर र नगरपालिकाको मुख्य वजार क्षेत्रमा हाटवजार केन्द्र, कोशेली घर, विक्री कक्ष र शीतभण्डारको व्यवस्था गरिनेछ।<br>४.३ उपयुक्त स्थानमा कृषि उत्पादनको विविधीकरण जस्ता कार्यका लागि प्रशोधन केन्द्र सहितको सुविधा उपलव्ध हुने घरेलु उद्योग ग्राम स्थापना गरिनेछ। |
| ५. कृषिको व्यवसायिक खेतिमा महिला, दलित एवं अति विपन्न वर्गको आवद्धतामा बृद्धि गर्ने | ५.१ महिला, दलित, अति विपन्नहरुलाई व्यवसायिक खेतिका लागि प्रोत्साहित गर्दै उनीहरुमा उद्यमशीलता बिकास गरिने छ र निःशुल्क कृषि वीमा, वीउविजन, सहुलियत दरमा कृषि ऋणको व्यवस्था गरिनेछ ।<br>५.२ महिला, दलित, अति विपन्नहरुवाट सामुहिक रुपमा गरिने व्यवसायिक खेतिलाई यान्त्रीकरण गर्न कृषिका आधुनिक प्रविधिहरु सामुहिक जमानीमा निशुल्क उपलव्ध गराइनेछ। |
| ६. स्थानीय कृषि व्यवसाय विकास नीति तथा योजना तर्जुमा कार्यान्वयन गर्ने | ६.१ कृषि बिकास तथा उत्पादन व्यवस्थापन सम्बन्धी दीर्घकालीन नीति, कानून र मापदण्ड तयार पारी कार्यान्वयनमा प्रभावकारीता ल्याइनेछ।<br>६.२ व्यवसायिक कृषि बिकासका लागि दीर्घकालीन गुरुयोजना बनाइनेछ।<br>६.३ कृषि ज्ञानकेन्द्र, कृषि सहकारी लगायतका वित्तीय संस्थाहरुको भूमिकालाई प्रभावकारी बनाउन सहजकिरण गरिनेछ। |
| **ख. सिंचाई** | |
| १. विद्यमान सिंचाइ प्रणालीको मर्मत सम्भार र स्तरोन्नति गर्ने | १.१ सिंचाई नहरको मर्मत सम्भार गर्दै नियमित रुपमा सिंचाइ सुविधा उपलब्ध गराउदै कृषि उत्पादनमा बृद्धि ल्याइनेछ।<br>१.२ नयाँ बोरिंग जडान गरी थप नयाँ क्षेत्र र आंशिक रुपमा सिंचाइ हुँदै आएका क्षेत्रहरुमा नियमित रुपमा सिंचाइ सुविधा उपलब्ध गराउने कृषि प्रणालीमा सहजता ल्याइनेछ। |
| २. वैकल्पिक सिंचाइ सुविधाको बिकास र प्रयोग बढाउने | २.१ संघीय र प्रदेश सरकारको सहयोगमा ठुला सिंचाइ योजनाहरु लाई व्यवस्थित स्तरउन्नती गरी कृषि उपजहरुको उत्पादनमा बृद्धि ल्याइनेछ ।<br>२.२ व्यवसायिक तरकारी खेती कार्यलाई प्रवर्द्धन गर्न थोपा तथा फाहोरा सिंचाईको उपलव्धता गराईने छ।<br>२.३ उपभोक्ताहरु मार्फत नजिकको नदी, खोला, नाला र जलाधार क्षेत्रहरुको संरक्षण, सुदृढीकरण गर्न सहयोग उपलव्ध गराउदै नजिकका क्षेत्रहरुमा नियमित सिंचाइ सुविधा उपलब्ध गराइनेछ। |
| **ग. पशु विकास** | |
| १.पशुपंक्षीपालन व्यवसायीकरण र उपजको विविधिकरण तथा गुणस्तरमा बृद्धि गर्ने | १.१ तुलनात्मक लाभ भएका पशुजन्य उत्पादनहरुको व्यवसायिक पालनका लागि कृषकहरुको क्षमतामा अभिबृद्धि ल्याई आय आर्जनको श्रोतको रुपमा स्थापित गराइनेछ।<br>१.२ नश्ल सुधारको माध्यमवाट स्थानीय पशुहरुमा गुणात्मक सुधार ल्याई उत्पादन र उत्पादकत्वमा बृद्धि ल्याइनेछ।<br>१.३ पशु आहारका लागि गुणस्तरीय एवं पोषणयुक्त घाँसबाली रोपणमा व्यापकता ल्याइने छ र चरिचरनका लागि उपयुक्त स्थानहरु निर्धारण गरी कृषकहरुको सहभागितामा चरन क्षेत्रलाई व्यवस्थित गरिनेछ।<br>१.४ पशु वीमालाई प्रभावकारी रुपमा परिचालनका लागि निजी क्षेत्रहरुसंग समन्वय गरिनेछ।<br>१.५ वेरोजगार युवा वर्गलाई पशुपंक्षी व्यवसायमा आवद्ध गर्न निजी क्षेत्रसंग सहकार्य गर्दै सहुलियत दरमा वित्तीय सेवा सुविधाको ब्यवस्था गरी प्रोत्साहित गरिनेछ। |
| २. पशुपंक्षीजन्य वस्तुको वजार प्रवर्द्धन तथा पूर्वाधार विकास गर्ने | २.१ पशुपंक्षीजन्य उत्पादनको वजार प्रवर्द्धन एवं निकासी बृद्धि गर्न वस्तुमा विविधीकरणका लागि प्रोत्साहित गरिनेछ।<br>२.२ कृषकहरुलाई विभिन्न किसिमका सीप बिकास तालिमहरु संचालन गरी क्षमतामा अभिबृद्धि ल्याइनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | २.३ वस्तुहरुको विविधीकरण गर्न आवश्यक पर्ने मेशिन उपकरणहरु आयात गर्नुपर्ने भएमा अनुदान व्यवस्था गरिनेछ ।<br>२.४ पशुपंक्षीजन्य उत्पादनहरुको स्थानीय एवं वाह्य वजार प्रवर्द्धन गर्न संकलन केन्द्र, प्रशोधन केन्द्र, चिस्यान केन्द्र, विक्री केन्द्र, मेला प्रदर्शनी व्यवस्था जस्ता पूर्वाधारहरु एक उपयुक्त स्थानमा निर्माण गरिनेछ ।<br>२.५ पशुपंक्षीजन्य उत्पादनको वजार प्रवर्द्धनका लागि नेतृत्वदायी भूमिका निर्वाह गर्न पशु सहकारी संस्था एवं अगुवा कृषकहरुको क्षमता अभिबृद्धि गरिनेछ।<br>२.६ सूचना प्रविधिमा कृषकहरुको पहुँचमा सहजता ल्याई पशुपंक्षी वजार सूचना सम्बन्धी स्थानीय तथा वाह्य वजारवारे जानकारी नियमित रुपमा गराउने संयन्त्र बिकास गरिनेछ । |
| ३. पशुपंक्षीपालनमा महिला, दलित एवं अति विपन्न वर्गको सहभागिता बृद्धि गर्ने | ३.१ आवश्यक पूँजीको अभावमा पशुपंक्षी पालनलाई व्यवसायिक रुपमा अगाडि वढाउन नसक्ने महिला, दलित, तथा अति विपन्न वर्गलाई आवश्यकताका आधारमा वीउ पूँजी अनुदान उपलव्ध गराउदै पशुपंक्षी पालनलाई आय आर्जनको एक मुख्य श्रोतको रुपमा स्थापित गर्न सहयोग गरिनेछ ।<br>३.२ न्यून लागत तथा तुलनात्मक रुपमा वढी लाभ आर्जन गर्न सकिने पशुपंक्षीजन्य वस्तुहरुको व्यवसायिक पालनमा प्रोत्साहित गर्दै आवश्यक सहयोग उपलव्ध गराइनेछ ।<br>३.३ सहकारी संस्था तथा सामुहिक रुपमा पशुपंक्षीजन्य वस्तुको व्यवसायिक पालन गर्न प्रोत्साहित गरिनेछ ।<br>३.४ महिला, दलित, तथा अति विपन्न वर्ग आर्थिक तथा सामाजिक अवस्थामा सुधारका लागि सहकारी तथा निजीक्षेत्रसंग समन्वय गरी उनीहरुद्वारा उत्पादित वस्तुहरुको विक्री वितरणमा सहजता ल्याइनेछ । |
| ४. पशुपंक्षी स्वास्थ्य तथा उपचार सेवाको विस्तार गर्ने | ४.१ प्रत्येक वडामा पशु प्राविधिकको व्यवस्था गरी पशुपंक्षी उपचारको व्यवस्था मिलाइ पशुपंक्षीमा लाग्ने रोग, महामारी नियन्त्रण गदै स्वास्थ्यवर्द्धक वस्तु उत्पादनमा जोड दिइनेछ ।<br>४.२ पशुपंक्षीहरुमा लाग्ने रोग तथा महामारी नियन्त्रणका लागि आवश्यक पर्ने खोप, औषधी, परजिवी नियन्त्रणको व्यवस्था मिलाउदै पशुपंक्षी चिकित्सा सेवाको व्यवस्थापन गरिनेछ ।<br>४.३ मानववाट पशुपंक्षी र पशुपंक्षीवाट मानव स्वास्थ्यमा पर्न सक्ने असरलाई मध्यनजर राख्दै पशुपंक्षीको व्यवसायिक पालन गर्न नियमन गरिनेछ ।<br>४.४ खुल्ला मासु विक्री वितरण तथा ओसारपसारका लागि एक मापदण्ड बनाई त्यसको नियमन गरिनेछ ।<br>४.५ वजारका निश्चित क्षेत्रहरुमा पशुवधशाला निर्माण गरी फोहोरमैलाको व्यवस्थापन गरिनेछ । |
| ५. पशुपंक्षी सम्बन्धी नीति तथा योजना तर्जुमा र कार्यान्वयन गर्ने | ५.१ पशुपंक्षी व्यवसायिक पालन, पशुपंक्षी स्वास्थ्य सम्बन्धी नीति, कानून, मापदण्ड, योजना बनाई कार्यान्वयन गरिने छ<br>५.२ ऐन नियमको पालना, प्रक्रिया, नतिजाको नियमित रुपमा अनुगमन, नियमन र नतिजा मापनका लागि संयन्त्र तथा ढाँचाको बिकास गरिनेछ । |
| **घ. पर्यटन विकास** | |
| १. पर्यटन पूर्वाधारको विकास र विस्तार गर्ने | १.१ नगरपालिका भित्र सम्भावित पर्यटकीय क्षेत्र तथा पर्यटकीय उत्पादनहरु पहिचान गरी विवरण तयार गर्दै गन्तव्य क्षेत्रहरुमा पुग्न आवश्यक सवै प्रकारका भौतिक पूर्वाधारहरु निर्माण गरिनेछ ।<br>१.२ नेपालका प्रमुख पर्यटकीय क्षेत्रसँग अन्तरआवद्धता कायम गरी पूर्वाधारको विकास र विस्तार गरिनेछ । |
| २. पर्यटकीय सेवा सुविधाको विकास र विस्तार गर्ने | २.१ सामाजिक सञ्जाल लगायत विभिन्न विद्युतीय माध्यमहरुवाट व्यापक प्रचार प्रसार गरी गन्तव्य स्थलहरुको वारेमा जानकारी गराइनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | २.२ निजी क्षेत्रसँगको सहकार्यमा एक निश्चित समय निर्धारण गरी आन्तरिक एवं वाह्य पर्यटक बृद्धिका लागि पर्यटन महोत्सव नियमित रुपमा आयोजना गरिनेछ। |
| **ङ. उद्योग, व्यापार व्यवसाय** | |
| १. स्थानीय कच्चा पदार्थ, साधन श्रोत र सीपको सदुपयोगमा बृद्धि | १.१ स्थानीय स्तरमा उपलब्ध साधन, श्रोत, सीप प्रविधिमा आधारित लघु, घरेलु तथा साना उद्योग व्यवसायहरु संचालनका लागि सहकारी तथा निजी क्षेत्रसंग समन्वय, सहकार्य गरी स्थानीय स्तरमा रोजगारीका अवसरहरु श्रृजना गरिनेछ<br>१.२ व्यवसायिक सम्भाव्यता भएका वस्तुहरुको विस्तृत अध्ययन अनुसन्धान गरी सोका आधारमा वेरोजगार युवाहरुलाई सीप बिकास एवं उद्यमशीलता बिकास तालिमवाट क्षमता अभिबृद्धि गरिनेछ ।<br>१.३ वैदेशिक रोजगारवाट फर्केका युवाहरुलाई कृषि, पशुपालन, तरकारी, फलफुल तथा पर्यटन क्षेत्रमा व्यवसायिक बिकास, तथा उद्यमशीलता बिकासका लागि प्रोत्साहित गर्दै स्थानीय आर्थिक कारोवारमा गतिशिलता ल्याइनेछ ।<br>१.४ सहकारी संस्थामा आवद्ध सवै सदस्यहरुलाई खासगरी हस्तकलाका सामान जस्ता निर्यात जन्य उत्पादनका लागि सीप एवं उद्यमशीलता बिकास तालिम प्रदान गरी क्षमताका आधारमा एकल तथा सामुहिक रुपमा उद्योग व्यवसाय संचालनका लागि प्रोत्साहित गर्दै स्वरोजगारीमा जोड दिइनेछ ।<br>१.५ परम्परागत, मौलिक एवं कला संस्कृतिसंग सम्वन्धित उद्योग व्यवसायहरुको संरक्षण, सम्वर्द्धन तथा प्रवर्द्धनका लागि नीतिगत व्यवस्था गर्दै युवाहरुमा सीप हस्तान्तरण, उद्यमशीलता बिकासका लागि प्रोत्साहित गरिनेछ ।<br>१.६ स्थानीय कच्चा पदार्थमा आधारित उद्योग व्यवसायको व्यवसायिक बिकासका लागि आवश्यक सवै प्रकारका भौतिक पूर्वाधारहरुको निर्माण सहित उद्योग ग्रामको स्थापना गरिनेछ ।<br>१.७ स्थापित उद्योग ग्राममा उद्योग तथा वाणिज्य सम्बन्धी प्रशासनिक सेवाहरु, वैकिङ्ग सेवा, व्यवसायिक परामर्श लगायतका सेवाहरु एकै स्थानमा उपलव्ध गराई प्रतिस्पर्धात्मक क्षमता अभिबृद्धि ल्याइनेछ ।<br>१.८ यसका लागि सहकारी एवं निजीक्षेत्रसंग सहकार्य गरिनेछ । |
| २. स्थानीय उत्पादनहरुको वजार प्रवर्द्धन | २.१ नगरपालिकाको एक प्रमुख वजार क्षेत्रमा विक्री कक्ष, प्रदर्शनी कक्ष स्थापना गर्दै स्थानीय उत्पादनहरुको वजार प्रवर्द्धन गरिनेछ । साथै स्थानीय सहकारीहरुको समन्वयमा प्रत्येक वडामा १/१ वटा कृषि सामग्री तथा स्थानीय कृषि उपज एवं घरायसी उपभोगका वस्तु विक्री गर्ने सहकारी पसल संचालनको व्यवस्था मिलाईने छ ।<br>२.२ स्थानीय हाटवजार केन्द्र निर्माण गरी नियमित रुपमा स्थानीय एवं प्रदेश स्तरीय व्यापार मेला, प्रदर्शनी आयोजनाका लागि सहकारी एवं निजीक्षेत्रसंग सहकार्य गरिनेछ ।<br>२.३ विद्यमान वजार क्षेत्रहरुमा क्रमशः भौतिक पूर्वाधार, सेवा सुविधाहरु उपलव्ध गराउदै साना ठूला व्यापारिक केन्द्रको रुपमा बिकास गर्दै शहरीकरण गरिनेछ।<br>२.४ स्थानीय उत्पादनलाई वाह्य वजार क्षेत्र सम्म पुऱ्याउन सवै प्रकारका यातायात सेबालाई प्रभावकारी बनाइनेछ ।<br>२.५ औद्योगिक सेवा, सूचना प्रवाह, प्रविधि सम्बन्धी सूचना संकलन र विरणलाई विस्तार गरिनेछ । |
| ३. उद्योग व्यवसायमा महिला, दलित तथा अति विपन्न वर्गको आवद्धता जोड दिने | ३.१ महिला, दलित तथा अति विपन्न वर्गको रोजगारी एवं आय स्तरमा बृद्धिका लागि एकल, सामुहिक, साझेदारीमा उद्योग व्यवसाय स्थापनामा सहजिकरण र संचालनका लागि प्रोत्साहन गरिनेछ ।<br>३.२ परम्परागत सीप बिकासलाई आधुनिकीकरण गरी त्यसलाई ब्यबसायीकरण गर्न प्रोत्साहित गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | ३.३ आवश्यक पूँजी लगानीको अभाव उद्योग व्यवसाय शुरु गर्न नसकिरहेकाहरुलाई सहकारी तथा वित्तीय संस्थासंग समन्वय गरी व्यवसाय संचालनको वातावरण श्रृजना गरिनेछ ।<br>३.४ लघु तथा घरेलु उद्योग धितोमा राखी कर्जा प्रवाह गर्ने व्यवस्थाका लागि वित्तीय क्षेत्रसंग सहकार्य गरिनेछ । |
| ४. उद्योग, व्यवसाय तथा सेवा सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन गर्ने | ४.१ लघु, घरेलु तथा साना उद्योगहरुको प्रवर्द्धनका लागि नीति, दीर्घकालीन योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।<br>४.२ उद्योग व्यवसाय बिकास सम्बन्धी कानून, मापदण्ड बनाई अनुगमन तथा नियमन गरिनेछ ।<br>४.३ स्थानीय व्यापार, वस्तुको माग, आपूर्ति तथा अनुगमन, उपभोक्ता अधिकार र हित सम्बन्धि नीति, कानून, मापदण्ड कार्यान्वयन र नियमन गरिनेछ । |
| **च. बैंक, वित्तीय संस्था तथा सहकारी** | |
| १. व्यवसायिक गतिविधि केन्द्रित वित्तीय सेवाको पहुँच बृद्धि गर्ने | १.१ बैंकिङ लगानी कृषि क्षेत्रमा बृद्धि गर्न पैरवी गरिने छ<br>१.२ वित्तीय साक्षरताका कार्यक्रम संचालन गरिने छ ।<br>१.३ आर्थिक कारोवारका लागि बैंक तथा वित्तीयसंस्था मार्फत हुने कारोवारलाई प्रोत्साहन गरिने छ ।<br>१.४ सहकारीहरुको संस्थागत क्षमता सुदृढीकरणको माध्यमबाट सुशासन प्रवर्द्धन अभिबृद्धि गरिने छ ।<br>१.५ बैकिङ्ग कारोवारको भुक्तानी प्रक्रिया तथा कारोवारमा नगदी कारोवार भन्दा नन क्यास पद्धतिको विकास गर्न वित्तिय संस्थाहरुसंगको समन्वयमा आधार तयार गर्न पहल गरिने छ । |
| २. बैंकिङ कारोवारमा नगरवासीको सहज पहुँच कायम गर्ने | २.१ वडाका विभिन्न भागमा बसोवास गर्ने अशक्त, असाहय, जेष्ठ नागरिकहरुको वित्तीय सेवामा पहुँच सुनिश्चित गर्न घुम्ति बैंकिङ प्रणाली संचालन गर्न समन्वय गरिने छ ।<br>२.२ आर्थिक कारोवार विस्तार लागि बैंक तथा वित्तीय शाखा विस्तार सहजीकरण गरिनेछ । |
| ३. युवालाई लक्षित गरी उत्पादन, रोजगारी आयमा बृद्धि गर्ने | ३.१ वेरोजगार युवालाई प्राथमिकता दिई कृषि, पशुपालन, उद्योग, पर्यटन, निर्माण व्यवसायमा आधारित उद्यम, व्यावसाय र आयोजना संचालन गरिने छ ।<br>३.२ वैदेशिक रोजगारीबाट फर्केका र जान लागेका युवालाई कृषि, पशुपालन, वन, माछा र पर्यटनमा आधारित उत्पादन, प्रशोधन र बजारीकरण सम्बन्धी उद्योग व्यवसाय संचालनको लागि उद्यमशिलता, सीप विकास तालिम, परामर्श सेवा र सहयोगको एकीकृत प्याकेज कार्यक्रम संचालन गरिने छ ।<br>३.३ वैदेशिक रोजगारमा जाने कार्यलाई निरुत्साहन गर्न एवं स्थानीय स्तरमै रोजगारीको सुनिश्चितता गर्न रोजगारदाता र बेरोजगार व्यक्तिहरु बिचको पुलको रुपमा रोजगार सेवा केन्द्रलाई प्रभाकारी वनाईने छ । |

### ४.५ प्रमुख रणनीतिक कार्यक्रम (कार्यान्वयन योजना)

रणनीतिक योजनाको अपेक्षित नतिजा प्राप्त गर्न नगरपालिकाको स्रोत, स्थानीय संघसंस्था, समुदाय, निजी क्षेत्र र प्रदेश तथा संघ सरकारसँग साझेदारी र सहकार्य गरी योजना अवधीमा प्राथमिकता आधारमा देहायअनुसारको रणनीतिक कार्यक्रम तथा आयोजना संचालन गरिनेछ ।

आर्थिक बिकास कार्यान्वयन योजना

| क.स. | लक्ष्य अनुसार प्रस्तावित क्रियाकलाप | स्थान तथा लाभान्वित समुदाय | इकाई | लक्ष्य(परिमाण) | | | | | वजेट (रु.हजारमा) | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ८१/८२ | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ८१/८२ | जम्मा |
| १ | व्यवसायिक खेतिका लागि कृषकहरुलाई सीपमूलक तालिम दिने | सवै वडा | प्रत्येक बर्ष | १ | १ | १ | १ | १ | ७०० | ७०० | ७०० | ७०० | ७०० | ३५०० |
| २ | प्राविधिक सेवाका लागी जे.टि.ए.तथा भेटनरी तालिम | सवै वडाहरुमा | प्रत्येक बर्ष | १ | १ | १ | १ | १ | १००० | १००० | १००० | १००० | १००० | ५००० |
| ३ | सिंचाइको कुलो मरमत | सवै वडाहरुमा | प्रत्येक बर्ष | १ | १ | १ | १ | १ | २०००० | २०००० | २०००० | २०००० | २०००० | १००००० |
| ४ | सिचाई संरचना निर्माण | सवै वडाहरुमा | प्रत्येक बर्ष | १ | १ | १ | १ | १ | २०००० | २०००० | २०००० | २०००० | २०००० | १००००० |
| ५ | बागबानी तथा फलफुल बिकास योजनाकागती,ड्रगनफुड, एभोगाडो, चिउरी, आप लिची) | सवै वडाहरुमा | प्रत्येक बर्ष | १ | १ | १ | १ | १ | ५००० | ५००० | ५००० | ५००० | ५००० | २५००० |
| ६ | डिप बोरिङ ,स्यालो बोरिङ | १ देखि ९ वडा | प्रत्येक बर्ष | १ | १ | १ | १ | १ | ५०००० | ५०००० | ५०००० | ५०००० | ५०००० | २५०००० |
| ७ | माटो परीक्षण | सवै वडाहरुमा | प्रत्येक बर्ष | १ | १ | १ | १ | १ | ७०० | ७०० | ७०० | ७०० | ७०० | ३५०० |
| ८ | व्यवसायिक तरकारी तथा फलफूल खेति तालिम | सवै वडाहरुमा | प्रत्येक बर्ष | १ | १ | १ | १ | १ | १००० | १००० | १००० | १००० | १००० | ५००० |
| ९ | कोल्ड स्टोर स्थापना | बजार केन्द्रमा | प्रत्येक बर्ष | ० | १ | १ | १ | ० | ० | ५००० | ५००० | ५००० | ० | १५००० |

| क्र. स. | लक्ष्य अनुसार प्रस्तावित क्रियाकलाप | स्थान तथा लाभान्वित समुदाय | इकाई | लक्ष्य(परिमाण) | | | | | वजेट (रु.हजारमा) | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ८१/८२ | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ८१/८२ | जम्मा |
| १० | कृषि सहकारी पसल स्थापना तथा संचालन | सवै वडाहरुमा | प्रत्येक बर्ष | १ | १ | १ | १ | १ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० |
| ११ | उन्नत जातको विउबिजन वितरण | सवै वडाहरुमा | प्रत्येक बर्ष | १ | १ | १ | १ | १ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० |
| १२ | व्यवसायिक कुरीलो खेति, मौरी पालन, मत्स्य पालन गर्न सहयोग | सवै वडाहरुमा | प्रत्येक बर्ष | १ | १ | १ | १ | १ | १००० | १००० | १००० | १००० | १००० | ५००० |
| १३ | तरकारी संकलन केन्द्र स्थापना | सवै वडाहरुमा | वटा | १ | १ | १ | १ | १ | २००० | २००० | २००० | २००० | २००० | १०००० |
| १४ | आधुनिक कृषि औजार बिक्रि केन्द्र स्थापना | सवै वडाहरुमा | वटा | १ | १ | १ | १ | १ | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० |
| १५ | आधुनिक नर्सरी स्थापनाका फलफुलको बिरुवा बितरण | | | ० | ० | १ | १ | ० | ० | ० | २५०० | ५००० | ० | ० |
| १६ | पशु पंक्षी जाँच तथा बिमा केन्द्र स्थापना | सवै वडाहरुमा | प्रत्येक बर्ष | १ | १ | १ | १ | १ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० |
| १७ | उन्नत जातका साडे, गाई, बोयर बोका, बंगुर, कुखुरा, भैसी पालनका लागि कृषक हरुलाई अनुदान तथा चेतनामूलक कार्यक्रम | सवै वडाहरुमा | प्रत्येक बर्ष | १ | १ | १ | १ | १ | ३००० | ३००० | ३००० | ३००० | ३००० | १५००० |
| १८ | डालेघाँसको बिरुवा वितरण मासु उत्पादनमा प्रोत्साहन | १०,११,१२ र १३ न. वडा | प्रत्येक बर्ष | १ | १ | १ | १ | १ | १००० | १००० | १००० | १००० | १००० | ५००० |

| क्र.स. | लक्ष्य अनुसार प्रस्तावित क्रियाकलाप | स्थान तथा लाभान्वित समुदाय | इकाई | लक्ष्य(परिमाण) | | | | | वजेट (रु.हजारमा) | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ८१/८२ | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ८१/८२ | जम्मा |
| १९ | बट्टाई र कालीज चरा व्यावसायिक रुपमा पालन अनुदान | सवै वडाहरुमा | प्रत्येक बर्ष | १ | १ | १ | १ | १ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० |
| २० | भुँईघास बिउँ बितरण | १ देखि ९ वडाहरुमा | प्रत्येक बर्ष | १ | १ | १ | १ | १ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० |
| २१ | सुधारिएको गोठ निर्माण कार्यकम | सवै वडाहरुमा | प्रत्येक बर्ष | १ | १ | १ | १ | १ | २००० | २००० | २००० | २००० | २००० | १०००० |
| २२ | आधुनिक बद्यशाला निर्माण | बजार क्षेत्र | वटा | ० | १ | १ | ० | ० | ० | २००० | २००० | ० | ० | ४००० |
| २३ | घरेलु उद्योग स्थापनाका लागि माग अनुसार सिप बिकास तालिम | सवै वडाहरुमा | प्रत्येक बर्ष | १ | १ | १ | १ | १ | १००० | १००० | ४०० | ४०० | ४०० | ३२०० |
| २४ | फेसन डिजाइन तालिम | सवै वडाहरुमा | वटा | ० | ० | १ | १ | १ | ० | ० | ५०० | ५०० | ५०० | ५०० |
| २५ | व्यूटी पार्लर तालिम | सवै वडामा | वटा | १ | १ | १ | १ | १ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० |
| २६ | भुकम्पप्रतिरोधी भवन निमार्ण तालीम | सवै वडामा | प्रत्येक बर्ष | १ | १ | १ | १ | १ | १००० | १००० | १००० | १००० | १००० | ५००० |
| २७ | नयाँ उद्योग स्थापनाको लागि माग अनुसार व्यवसाय बिकास तालिम संचालन | सवै वडाहरुमा | पटक | १ | १ | १ | १ | १ | २५० | ५०० | ५०० | ५०० | ५०० | २२५० |
| २८ | थकलटार तामाङ संस्कृतिक होम स्टे निमार्ण | | वटा | ० | १ | १ | १ | ० | | १०००० | ५००० | ५००० | ० | २०००० |

| क्र.स. | लक्ष्य अनुसार प्रस्तावित क्रियाकलाप | स्थान तथा लाभान्वित समुदाय | इकाई | लक्ष्य(परिमाण) | | | | | वजेट (रु.हजारमा) | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ८१/८२ | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ८१/८२ | जम्मा |
| २९ | कमिनचुलि डाँडा तथा नोकु गुफा पर्यटन मार्ग | | वटा | | १ | १ | १ | ० | ० | २०००० | २०००० | २०००० | ० | ६०००० |
| ३० | शान्ति कुन्ज - पिसपार्क निमार्ण | | वटा | ० | ० | ० | १ | ० | ० | ० | ० | १५००० | ० | १५००० |
| ३१ | पानी सराढाप पिपुल्स पार्क | | वटा | ० | १ | १ | ० | ० | ० | ० | १०००० | ५००० | ० | १५००० |
| ३२ | खुरखुरे - किरनटार -कमिनचुली - कुन्दा -कालिटार पर्यटन मार्ग | | कि.मी | ० | १ | १ | १ | 0 | ० | ५००० | १०००० | १०००० | ० | २५००० |
| ३३ | चेपाङ तामाङ चौधरी समुदायको होमस्टे निमार्ण स्तरउन्नती | | वटा | १ | १ | १ | १ | १ | ४००० | ४००० | ४००० | ४००० | ० | १६००० |
| ३४ | परेवाकोट -पर्यटकिय क्षेत्र | | वटा | १ | १ | १ | ० | ० | १०००० | १०००० | १०००० | ० | ० | ३०००० |
| ३५ | जेपी भेटवाल पार्क | ६ | वटा | १ | १ | ० | ० | ० | १०००० | १०००० | ० | ० | ० | २०००० |
| ३६ | नागदह पर्यटकिय क्षेत्र | ५ | वटा | ० | १ | १ | ० | ० | ० | १०००० | १०००० | ० | ० | २०००० |
| ३७ | रातोमाटे फनपार्क | ७ | वटा | ० | ० | ० | ० | १ | ० | ० | ० | ० | १०००० | १०००० |
| ३८ | सास्कृतिक संग्रालय -बाघदेवी | ७ | वटा | ० | ० | ० | १ | ० | ० | ० | ० | ३००० | ० | ३००० |
| ३९ | कृषि सेवा केन्द्र स्थापना (खहरे देउरालीटार र कालीटार) चारकोठे भवन | | वटा | ० | ० | १ | १ | ० | ० | ० | १०००० | १०००० | ० | २०००० |

| क्र. स. | लक्ष्य अनुसार प्रस्तावित क्रियाकलाप | स्थान तथा लाभान्वित समुदाय | इकाई | लक्ष्य(परिमाण) | | | | | वजेट (रु.हजारमा) | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ८१/८२ | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ८१/८२ | जम्मा |
| ४० | कृषि पशु उपज संकलन केन्द्र स्थापना (थाकलटार, देउरालीटार र कालीटार) | | वटा | ० | ० | १ | १ | ० | ० | ० | १०००० | १०००० | ० | २०००० |
| ४१ | भण्डारा वजारमा हाट बजार संचालन | ५ | वटा | ० | १ | ० | ० | ० | ० | २५०० | ० | ० | ० | २५०० |
| ४२ | अत्याधुनिक प्रयोगशाला सहितको सुविधा सम्पन्न पशु अस्पताल निमार्ण | ४ | वटा | ० | १ | १ | १ | १ | ० | १०००० | १०००० | १०००० | १०००० | ४०००० |
| ४३ | सहकारीको सहकार्यमा धान प्रशोधन कारखाना संचालन | ७ | वटा | ० | १ | ० | ० | ० | ० | ० | १०००० | ० | ० | १०००० |
| ४४ | विउ परिक्षण प्रयोगशाला निमार्ण | ६ | वटा | ० | ० | १ | १ | ० | ० | ० | १०००० | १०००० | ० | २०००० |
| ४५ | पुर्ण स्वचालित ग्रिन हाउस निमार्ण | | वटा | ० | १ | १ | ० | ० | ० | १०००० | १०००० | ० | ० | २०००० |
| ४६ | सामुदायिक जैविक विषादी मल उत्पादन केक्द्र स्थापना | | वटा | १ | १ | १ | १ | १ | ० | ५००० | ५००० | ५००० | ५००० | २०००० |
| ४७ | माछा मासु प्रसोधन कारखाना स्थापना | १-९ | वटा | ० | १ | १ | १ | ० | ० | ५००० | ५००० | ० | ० | १०००० |
| ४८ | बाखा श्रोतकेन्द्र स्थापना (१०० प्रतिशत बोयर बाखा) | | प्रत्येक बर्ष | १ | १ | १ | १ | १ | ५००० | ५००० | ५००० | ५००० | ५००० | २५००० |
| ४९ | झान्दीवाङ भ्यूटावर निमार्ण पर्यटन | १० | प्रत्येक बर्ष | ० | १ | १ | १ | १ | ० | ५००० | ५००० | ५००० | ५००० | २०००० |

| क.स. | लक्ष्य अनुसार प्रस्तावित क्रियाकलाप | स्थान तथा लाभान्वित समुदाय | इकाई | लक्ष्य(परिमाण) | | | | | वजेट (रु.हजारमा) | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ८१/८२ | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ८१/८२ | जम्मा |
| ५० | राप्ती दुग्ध प्रशोधन उधोग | ७ | प्रत्येक बर्ष | ० | १ | १ | १ | १ | ० | ५००० | ५००० | ५००० | ५००० | २०००० |
| ५१ | होमस्टे निमार्ण तथा स्तरउन्नती चेपाङ,तमाङ र चौधरी | | प्रत्येक बर्ष | ० | ० | १ | ० | ० | ० | ० | ५००० | ० | ० | ५००० |
| ५२ | स्वामिटार चिप्लेटी पम्फा खोला तटवन्धन | | प्रत्येक बर्ष | १ | १ | १ | १ | १ | १०००० | १०००० | १०००० | १०००० | १०००० | ५०००० |
| ५३ | दुधकोशी खोला तटवन्धन | | कि.मि | १ | ० | ० | ० | ० | ५०००० | ० | ० | ० | ० | ५०००० |
| ५४ | च्यात्रा खोला  तटवन्धन | | कि.मि | ० | १ | ० | ० | ० | ० | ५०००० | ० | ० | ० | ५०००० |
| ५५ | ढुङ्गे खोला  तटवन्धन | | कि.मि | ० | ० | १ | १ | १ | ० | ० | ५००० | ५००० | ५००० | १५००० |
| | **कुल जम्मा** | | | | | | | | २०६१५० | ३०३४०० | २९०३०० | २६१३०० | १६९३०० | १२३०४५० |

# परिच्छेद ५
# सामाजिक विकास क्षेत्र

## ५.१ पृष्ठभूमि

सामाजिक विकास आर्थिक विकासको आधार हो भने मानव विकासको पूर्वशर्त पनि हो । वर्तमान संविधानले मौलिक हक अन्तरगत शिक्षा, स्वास्थ्य, सामाजिक समावेशीकरण, धार्मिक स्वतन्त्रता, भाषा तथा संस्कृति, महिला, बालबालिका, दलित, जेष्ठ नागरिक र सामाजिक सुरक्षा जस्ता सामाजिक विकासका सवालहरुलाई समावेश गरेको छ । संविधानले गुणस्तरीय शिक्षा तथा स्वास्थ्यमा सबैको पहुँच, सामाजिक न्याय र सामाजिक सुरक्षाको यथोचित व्यवस्थापन, स्वस्थ्य तथा सभ्य संस्कृतिको विकास र साँस्कृतिक विविधता कायम राख्दै सम्पदाको संरक्षण गर्ने कुरालाई राज्य निर्देशक सिद्धान्त तथा नीतिमा समाविष्ट गरेको छ । स्थानीय तहको एकल अधिकारको सूचीमा आधारभूत तथा माध्यमिक शिक्षा र आधारभूत स्वास्थ्य तथा खानेपानी जस्ता विषयहरु समाविष्ट भएको छन् । गुणस्तरीय शिक्षा, स्वास्थ्य, स्वच्छ खानेपानी तथा सरसफाई र सामाजिक समावेशीकारण जस्ता सवालहरुलाई उच्च महत्व दिएको छ । वर्तमान १५ औं राष्ट्रिय योजनाले सामाजिक विकास गुणस्तरीय जीवन तथा समृद्धिको आधार को रुपमा लिइ समतामूलक ढंगले नागरिकलाई गुणस्तरीय जीवनयापनको लागि अवसरको बृद्धि गर्ने कुरालाई जोड दिएको छ ।

शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई जस्ता क्षेत्रको सुधारमा व्यापक अभ्यासहरु भएता पनि विपन्न वर्गको पहुँच र सेवाको गुणस्तरमा सन्तोषजनक सुधार हुन सकेको छैन । विद्यालय, प्राविधिक र उच्च शिक्षाको गुणस्तरलाई अन्तराष्ट्रिय रुपमा प्रतिस्पर्धी बनाउनु पर्ने आजको आवश्यकता मध्यनजर गर्दै सक्षम, प्रतिस्पर्धी, नैतिक एवं राष्ट्रिय हित प्रति समर्पित जनशक्ति तयार जरुरी छ । गुणस्तरीय तथा उच्च स्तरीय स्वास्थ्य सेवामा सबैको सहज, सुलभ र समान पहुँचको सुनिश्चितता तर्फ थप अग्रसरता जरुरी रहेको छ ।

विभेद रहित न्यायपुर्ण समाज निर्माण गर्दै स्वस्थ तथा सभ्य संस्कृतिको विकास र सामाजिक सुसम्बन्धमा आधारित समाजको निर्माण गर्नु आजको मुख्य आवश्यकता रुपमा रहेको छ । साँस्कृतिक विविधता कायम राख्दै ऐतिहासिक, पुरातात्विक तथा साँस्कृतिक सम्पताको संरक्षण, संवर्द्धन र विकास गर्ने दिशामा स्थानीय सरकारको महत्वपुर्ण जिम्मेवारीका रुपमा रहेको देखिन्छ । सामाजिक विकासलाई गुणस्तरीय जीवनयापनको आधार रुपमा लिई नेपाल सरकार, प्रदेश सरकार र विकास साझेदार संस्थासँगको सहकार्य र समन्वयमा स्थानीय सरकारले अर्थपुर्ण प्रयास गर्नु पर्ने आवश्यकता रहेको छ । राप्ती नगरपालिकाको समष्तिगत विकासका लागि  यस शिर्षकमा शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, युवा तथा खेलकुद, कला तथा संस्कृति जस्ता क्षेत्रको विद्यमान अवस्थासहित सम्भावना, अवसर, समस्या तथा चुनौति पहिचान गरिएको छ ।

## ५.२ वर्तमान अवस्था

### ५.२.१ शिक्षा तथा सीप विकास

**क) विद्यमान अवस्था, संभावना र अवसर**

गुणस्तरीय शिक्षामा सबैको पहुँचलाई नेपालको संविधान, दिगो विकास लक्ष्य र वर्तमान १५ औं राष्ट्रिय आवधिक योजनाले उच्च महत्व दिएको छ । वतर्मान संविधानले आधारभूत तहसम्मको शिक्षालाई अनिवार्य तथा निःशुल्क र माध्यमिक तहसम्मको शिक्षालाई निःशुल्क रुपमा पाउने हकलाई प्रत्याभुत गरेको छ । सन् २०३० सम्ममा सबैलाई गुणस्तरीय शिक्षामा सबैको पहुँच पुर्याउने लक्ष्य दिगो विकास लक्ष्यले लिएको देखिन्छ ।

शैक्षिक व्यवस्था हेर्दा नगरपालिकाको साक्षरता ८४.६६ प्रतिशत रहेको छ । कूल ६० वटा  विद्यालयहरु मध्य ५० वटा सामुदायिक विद्यालयहरु सञ्चालनमा रहेका छन् । यस नगरपालिका रहेका विद्यालयहरु मध्ये ५२ वटा आधारभूत तहका विद्यालय र ८ वटा माध्यमिक तहका विद्यालय सञ्चालनमा रहेका छन् । यस नगरपालिकामा ३ वटामा १२ कक्षा संचालन र २ वटा कलेज स्थापना भएका छन । करिव ३० मिनेटको दुरीमा आधारभूत विद्यालयमा पहुँच रहेको यस क्षेत्रमा उच्च शिक्षाका लागि क्याम्पस सम्मको दुरी करिव १ घण्टा रहेको छ । सबै जसो विद्यालयमा खानेपानी

तथा शौचालयको सुविधा रहेको छ भने मावि स्तरमा पुस्तकालय रहेको छ। सिकाई उपलब्धी दर ७० प्रतिशत भन्दा माथी रहेको छ। विद्यालयमा कूल ३९४ शिक्षक छन। जसमा २०७ शिक्षक र १८५ शिक्षिका कार्यरत रहेको देखिन्छ। संस्थागत तथा नीतिगत सुधारको क्षेत्रमा पनि उल्लेखनीय सुधारहरु भएका छन्। विद्यालयमा शैक्षिक क्यालेण्डर निर्माण गरी कार्यान्वयन गरिएको छ। विद्यालय पोषण कार्यक्रम सञ्चालनमा रहेको यस क्षेत्रमा शिक्षकको नियमितता, विद्यालय शान्ति क्षेत्र घोषणा, किशोरी शिक्षा सञ्चालन, तालिम प्राप्त शिक्षक तथा बाल विकास सहजकर्ता र विद्यालयमा नियमित अतिरिक्त क्रियाकलाप जस्ता सुधारहरु देखिएका छन्। यस क्षेत्रको समग्र शैक्षिकस्तरमा बढोत्तरी र गुणस्तरीय शिक्षामा पहुँच क्रमशः बृद्धि हुँदै गएको देखिन्छ।

ख) समस्या तथा चुनौति

पुर्व प्राथमिक तथा आधारभुत शिक्षामा सहज पहुँच स्थापित भएता पनि समग्र शैक्षिक क्षेत्रमा विपन्न वर्गको सहज पहुँच, शैक्षिक गुणस्तर, पूर्वाधारलगायत र संस्थागत क्षेत्रमा आशातित सुधार हुन सेकेको छैन। विशेषत पाहाडी वडाहरुमा आधारभुत तहमा नै विध्यालय छोडने संख्यामा कमि आएको छैन। यस नगरपालीकामा करिब १५.४४ प्रतिशत मात्र निरक्षरता रहेको देखिन्छ। पाहाडी वडाहरु (१०,११,१२ र १३) वडाहरु १२ कक्षाको अध्यानको लागी टाढा जानु पर्ने समस्या साथै बिद्यालय जाने उमेरका बिद्यार्थी बिद्यालय बिचमा छाडने क्रम रहेको छ। मा.बि र नि.मा.बि तहमा आवश्यक दरबन्दी उपुग रहेको छ। किशोरी मैत्री शौचालय सवै बिद्यालयमा नहुनु र बालमैत्री प्रयाप्त भवन, सफा खानेपानी तथा शौचालयको समस्या रहेको छ। विद्यालय पूर्वधारको अवस्था हेर्दा विद्यालयको वातावरण अपांग तथा बालमैत्री पूर्वाधार तथा वातावरणको कमी रहेको छ। बाल विकास केन्द्रको उपयुक्त व्यवस्थापन, विद्यालयमा तारवार वा पर्खाल, खेल मैदान, सुचना प्रविधिको उपयोग, पुस्तकालय र फर्निचरको कमी रहेको देखिन्छ। विद्यालयमा सेनिटरी प्याड व्यवस्थापन प्रयाप्त रुपमा हुन सकेको छैन। उच्च शिक्षाका लागि नगर क्षेत्रमा २ वटा क्याम्पसको स्थापना भएको छ। संस्थागत अवस्था हेर्दा अधिकांश विद्यालयमा अनुगमन प्रभावकारी बनाउन पर्ने देखिन्छ। विज्ञान प्रयोगशाला, कम्पुटर र सुचना प्रविधिको उपयोग र अतिरिक्त क्रियाकलापमा नियमितताको कमीका कारण गुणस्तरीय शिक्षाको क्षेत्रमा आसातित उपलब्धी हासिल हुन सकेको छैन।

५.२.२ स्वास्थ्य तथा पोषण

**क) विद्यमान अवस्था, संभावना र अवसर**

नेपालको संविधानअनुसार निःशुल्क आधारभूत स्वास्थ्य सेवालाई नागरिकको मौलिक हकका रुपमा व्यवस्था गरेको छ। संविधानको अनुसूची ८ मा आधारभूत स्वास्थ्य सेवालाई स्थानीय तहको एकल अधिकारको रुपमा सूचीकृत पनि गरेको छ। दिगो विकास लक्ष्य तथा पन्धौं पञ्च वर्षिय योजनाले गुणस्तरीय स्वास्थ्य सेवामा सबैको पहुँच स्थापित गर्न खोजेको देखिन्छ। हालका दिनमा संघीय सरकारले एक स्थानीय तहमा एक अस्पताल स्थापना गर्ने नीति अवलम्बन गरेको छ।

यस नगरपालिकामा स्वास्थ्य संस्थाका रुपमा भण्डरा अस्पताल सहित ७ वटा स्वास्थ्य चौकी, रहेका छन्। स्वास्थ्य चौकीमा ३० मिनेट भित्र पुग्न सकिने अवस्था रहेको छ। स्वास्थ्य चौकी मध्ये ४ वटा चौकीमा बर्थिङ्ग सेन्टर पनि रहेका छन भने अन्य स्वास्थ्य चौकीमा प्रसुती सेवा, परिवार नियोजन सेवा, सुरक्षित मातृत्व सेवा, पोषण तथा परामर्श सेवा उपलब्ध रहेको छ। स्वास्थ्य चौकीमा निशुल्क वितरण हुने औषधीको पर्याप्तता रहेको छ।

एक हस्पीटल सहित कूल ८ वटा स्वास्थ्य चौकी रहेको यस नगरपालिकामा पूर्वाधार बन्ने क्रममा रहेको छ। यस नगरपालिकामा एक आयुर्बेद औषधालय राप्ती ७ बिरेन्द्रनगरमा भाडाको घरमा संचालनमा रहेको छ। पाँच वटा स्वास्थ्य चौकीको भवन निमार्णधीन अवस्थामा छ भने वाँकी निर्माणको क्रममा रहको छ। स्वास्थ्य चौकीमा फर्निचर र उपकरण पर्याप्तता नै देखिन्छ। पछिल्ला दिनमा स्वास्थ्यकर्मीको नियमितता बढी रहेको छ। बृद्धि अनुगमन गरिएका बालवालिकामा कुपोषणको अवस्था कम हुँदै गएको छ। यस नगरपालीका अन्तरगत सात वटा एम्वुलेन्स सेवा संचालनमा रहेको छ। सडक सुविधाको विस्तारका कारण स्वास्थ्य संस्थासँगको पहुँच सहज हुँदै जानुका साथै स्वास्थ्यसम्बन्धी जनचेतनामा बृद्धि हुँदै गएको देखिन्छ। यस क्षेत्रमा स्वास्थ्य विमाको अभ्यास सुरु भएको छ।

ख) समस्या तथा चुनौति

नगरपालिका क्षेत्रभित्र अस्पतालको स्थापना भएको हुर्दा सामान्य चिकित्सकीय सेवाका लागि सदरमुकाम जानुपर्ने बाध्यता हटेको छ तर विशिषज्ञ सहितको सेवा लिन जिल्ला सदरमुकाम जानु पर्ने अवस्था रहेको छ। नगरपालीका

प्रत्यक वडामा स्वास्थ्य संस्था नहुदा सेवा लिन नजिकको स्वास्थ्य चौकि जार्न पर्ने बाध्यता रहेको छ । सम्पुर्ण स्वास्थ्य संस्थामा ल्याव, क्लिनिक, भिडियो एक्सरे र एक्सरे जस्ता आधारभूत सेवा उपलब्ध हुन सेकेको छैन । स्वास्थ्य संस्थामा उचित पुर्वाधार, पर्खाल निर्माण भएको छैन भने केही स्वास्थ्य संस्थामा भवन तथा कोठाको पर्याप्तामा कमी रहेको छ । स्वास्थ्य संस्थामा स्वच्छ खानेपानीको समस्या रहेको छ । अन्धविश्वास, खानपीनमा पौष्टिकताको ख्याल गर्ने आनिबानी र धुम्रपान र मद्यमानको कुलतका कारण स्वास्थ्यमा प्रभाव परेको देखिन्छ । यस क्षेत्रमा भएको एउटा आयुर्बेद औषधालयको आफनो भवन बनेको छैन । यस नगरपालीकाको पाहाडी वडाहरु १०,११,१२,१३ मा भैगोलीक बिकटता हुनुको साथै स्वास्थ्य सुलभतामा कमी रहेको छ ।

५.२.३ खानेपानी तथा सरसफाई

क) विद्यमान अवस्था, संभावना र अवसर

राप्ती नगरपालिका क्षेत्रमा खानेपानी र सरसफाईको क्षेत्रमा यस नगरपालिकामा पछिल्ला वर्षमा उल्लेखनीय सुधार देखिएको छ । ट्युवेल, ईनार ,कुवा खोला, मुल तथा पाइप खानेपानीको श्रोत रुपमा रहेको छ ।यस नगरपालिकामा साना ठुला ४६ वटा खानेपानी योजना संचालनमा रहेका छन । करिव ९४.८ प्रतिशत घरपरिवारमा शौचालय सुविधा रहेको यस क्षेत्रमा नगरपालिकालाई खुला दिशामुक्त क्षेत्रका रुपमा घोषणा गरी कार्यान्वयन गरिएको छ । भूमिगत तथा खानयोग्य पानीको व्यापक उपलब्धता रहेको छ । खानेपानी तथा सरसफाईको क्षेत्रमा सहयोग गर्ने गैरसरकारी संस्था रहेका छन् । हालको अवस्था हेर्दा स्वच्छ खानेपानी र सरसफाई सम्बन्धी चेतनामा क्रमशः बृद्धि हुँदै गएको छ ।

ख) समस्या तथा चुनौति

स्वास्थ्य तथा सरसफाईको क्षेत्रमा उल्लेखनीय परिवर्तन भएता पनि स्वच्छ पानीको सहज उपलब्धता र दिगो सरसफाइको क्षेत्रमा आशातित सुधार हुन सकेको छैन । सार्वजनिक स्थलमा सार्वजनिक सौचालयको व्यवस्था हुन सकेको छैन । हालसम्म पनि ५ प्रतिशत घरपरिवारमा शौचालयको उपयोग हुन सकेको छैन भने वस्तीहरुमा व्यवस्थित ढल निकासको व्यवस्थामा कमी रहेको छ । सरसफाई सम्बन्धी आनिवानीमा यथोचित सुधारमा कमी रहेको छ । पाइपबाट वितरित स्वच्छ खानेपानी व्यवस्था सबै वाडमा हुन सकेको छैन । सुख्खा याममा भूमिगत खानेपानीको सतह घटेर जानाले पानीको समश्या पर्ने गरेको छ । फोहर व्यवस्थापनको लागि उपयुक्त पहलमा भई रहेको छ भने प्लास्टिक तथा सिसाजन्य फोहोरको व्यवस्थापन हुन नसक्दा दीर्घकालिन समस्या खडा भएका छन् ।

५.२.४ लक्षितवर्ग तथा सामाजिक समावेशीकरण

क) विद्यमान अवस्था, संभावना र अवसर

कानुनी तथा नीतिगत व्यवस्थाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण र लक्षित वर्गको हितका सम्बन्धमा सहभागिता तथा अवसरमा बृद्धि भएको छ । नगर कार्यपालिका कार्यालयमा यस क्षेत्रलाई हेर्ने महिला तथा वाल वालिका शाखा स्थापना भएको छ । वार्षिक योजनामार्फत लक्षित वर्गको हित प्रवर्द्धन गर्न कार्यक्रम संचालनमा रहका छन् । लैङ्गिक उत्तरदायी बजेट प्रणालीलाई संस्थागत गर्दै लैङ्गिक बजेट विनियोजन अनुपात बृद्धि तथा लैङ्गिक लेखापरिक्षण पद्धतीको सुरुवाद गरीएको छ । सामाजिक सुरक्षा भत्ताको वितरण व्यवस्थित हुँदै गएको छ । दलित वर्गमा विगत देखि हुने गरेको छुवाछुत जन्य भेदवाव र लैङ्गिक हिंसामा कमी हुँदै गएको छ ।

**ख) समस्या तथा चुनौति**

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको क्षेत्रमा सकारात्मक परिवर्तनहरु भएपनि अपेक्षित सुधार हुन सकेको छैन । नगरपालिकास्तर तथा वडा स्तरमा लक्षित वर्गका सञ्जाल गठन हुन सकेको छैन । सामाजिक सुरक्षा भत्ता वितरण बैकिङ्ग माध्यमबाट सबै वाडका सेवाग्राहीलाई सहज हुन सकेको छैन । बाल विवाह र बालश्रम जस्ता सामाजिक कुरिती क्रमश कमी हुदै आएको भएता पनि पाहाडी वडाहरुमा आशातित रुपमा हटन सकेको छैन । छुवाछुतको अभ्यास कायमै रहेको यस क्षेत्रमा लक्षित वर्गमा आत्मनिर्भरता र स्वरोजगारका अवसरमा कमी रहेको देखिन्छ । महिला हिंसा, वाल हिंसा, वालश्रम, वाल विवाह, जेष्ठ नागरिक हिंसा नियन्त्रणमा हुन सकेको छैन । लक्षित

वर्गमा अधिकार र कर्तव्यसम्बन्धी चेतनाको कमी रहेको छ । महिलामा बहुकार्य बोझको अवस्था हालसम्म पनि विद्यमान रहेको छ । लक्षित वर्गमा आत्मनिर्भरता र आत्मविस्वासको कमी रहेकाछ ।

५.२.५ युवा तथा खेलकूद

क) विद्यमान अवस्था, संभावना र अवसर

युवा स्वरोजगार तथा आत्मनिर्भरताको लागि कानुनी तथा नीतिगत र संस्थागत आधारहरु तयार भएका छन् । नगर क्षेत्रमा कूल २७ विभिन्न क्लवमा ८५ जना व्यावसायिक खेलाडीहरु आवद्ध रहेका छन् । यस नगरपालिकामा खेल मैदान पार्क, पिकनिक स्थल गरी जम्मा ३८ वटा रहेको छ । यस नगरपालिकामा तेवान्दौ र फुटवलका विभिन्न राष्ट्रिय र अन्तराष्ट्रिय स्तरमा गोलमेडल जितेका खेलाडि रहेका छन । विद्यालयहरुमा अतिरिक्त क्रियाकलाप अर्न्तगत खेलकुद आयोजना हुने गरेको छ । नगर कार्यपालिकाद्धारा वार्षिक बजेट तथा योजनामा खेल क्षेत्रमा बजेट विनियोजन हुने गरेको छ । यस क्षेत्रमा क्लवलाई सुधार गदै खेलाडीको उच्च मनोवल उच्च राख्दै खेल मार्फत राप्ती नगरपालिकालाईराष्ट्रिय र अन्तराष्ट्रिय स्तरमा चिनाउन सकिने प्रचुर सम्भावना रहेको देखिन्छ ।

**ख) समस्या तथा चुनौति**

युवा सहभागिता र प्रोत्साहनमा उल्लेख्य बृद्धि हुँदै गएको भएता पनि युवा अकांक्षाको व्यवस्थापन हुन सकेको छैन । नगर क्षेत्रमा पर्याप्त संख्यामा व्यावस्थीत खेलमैदान, खेल प्रशिक्षकको व्यवस्था, खेलाडीको सम्मान गर्ने कार्य नगरिएको र नियमित खेल आयोजनामा कमी रहेको देखिन्छ । युवा वर्गमा स्थानीयस्तरमा रोजगार हुनु भन्दा वाह्य रोजगारीमा आकर्षण बढि हुनु, स्वरोजगारका अवसरमा कमीका कारण युवा पलायन विद्यमान रहेको छ । युवा पलायन र बेरोजगारी यस क्षेत्रमा व्यापक रहेको छ ।

५.२.६ **कला, भाषा, साहित्य**

क) विद्यमान अवस्था, संभावना र अवसर

हिन्दु ,बौद्ध क्रिसियन तथा इस्लाम धर्मालम्वी बीच धार्मिक सहिष्णुतायुक्त सामाजिक सद्भाव कायम रहेको यस क्षेत्रमा ब्रामहण तामाङ , चेपाङ्ग , दलित, क्षेत्री, थारु, मगर,नेवार,राई र गुरुङ्ग आदिवासी जनजातिको वासोवास रहेको छ । । भाषागत रुपमा नेपाली भाषाको एकरुपता रहेको छ । यस क्षेत्रमा बसोवास गर्ने सिमान्तकृत चेपाङ्ग जातिको भाषा संस्कृतिलाई जोगाइ राख्नु नगरपालीकाको दायित्व रहेको छ । चाडवाडका रुपमा दशैं, दिपावली, छट, होली, इद, वकरइद मुख्य चाडका रुपमा रहेका छन् ।

### ख) समस्या तथा चूनौति

स्थानिय भाषा, कला, तथा संस्कृतिको संरक्षणमा यथोचित पहल हुन सकेको छैन । मौलिक धर्म, कला तथा संस्कृतिको संरक्षणमा संस्थागत र व्यवहारिक कमी रहेको छ । यस क्षेत्रमा ऐतिहासिक तथा धार्मिक स्थलको संरक्षण, प्रवर्द्धन र प्रसार हुन सकेको छैन । लोपउन्मुख रुपमा रहेको चेपाङ्ग भाषा तथा संस्कृतिको संरक्षणमा कमी रहेको छ । स्थानीय सम्पदा तथा संस्कृतिको अध्ययन तथा अनुसन्धानमा हुन सकेको छैन ।

## ५.३ लक्ष तथा उदेश्य

यस नगरपालिकाको सामाजिक विकास क्षेत्रको लक्ष्य देहायअनुसार रहेको छः

- *स्वस्थ, सुसँस्कृत सिर्जनशिल र सीपयुक्त मानव संशाधनको विकास गर्ने*

सामाजिक विकास क्षेत्रको उद्देश्यहरु देहायअनुसार रहेका छन्ः

- विद्यालय शिक्षाको गुणस्तर तथा प्राविधिक शिक्षामा पहुँच बृद्धि हुने
- आधारभूत स्वास्थ्य सेवा तथा पोषणको उपलब्धता, गुणस्तर र उपयोगमा बृद्धि हुने
- स्वस्छ खानेपानी सुविधा तथा स्वस्थ्य व्यवहारमा अभिवृद्धि हुने
- विपन्न, पिछडिएका तथा जोखिम रहेका वर्गको सक्षमता, संलग्नता र आत्म विश्वासमा अभिबृद्धि हुने
- युवा वर्गको सक्षमता, उद्यमशिलता र क्रियाशिल सहभागितामा बृद्धि हुने

- स्थानीय कला, भाषा तथा संस्कृतिको संरक्षण, सम्बर्धन र प्रवर्द्धन हुने

## ५.४ रणनीति तथा कार्यनीति

दीर्घकालीन सोचतर्फ उन्मुख भई नगर विकासको समष्टिगत लक्ष्य तथा उद्देश्य हासिल गर्न यस नगरपालिकाको संस्थागत क्षमता विकास एवं सरोकारवालासँग समन्वय, सहकार्य र साझेदारी अभिबृद्धि गरी आवधिक विकास योजनाको प्राथमिकता तथा रणनीति कार्यान्वयन गरिने छ । योजनाको लक्ष्य तथा उद्देश्य प्राप्तिका लागि सामाजिक क्षेत्रतर्फ देहाय अनुसारका रणनीति तथा कार्यनीतिहरू अवलम्बन गरी रणनीतिक कार्यक्रम कार्यान्वयन गरिने छ ।

***तालिका ६: सामाजिक विकासका लागि रणनीति तथा कार्यनीति***

| रणनीति | कार्यनीति |
|---|---|
| **क. शिक्षा तथा सीप विकास** | |
| १. विद्यालय शिक्षामा गुणस्तर कायम गर्न संस्थागत, नीतिगततथा व्यवहारिक सुधार गर्ने । | १.१ स्थानीय आवश्यकताअनुसार पाठ्यक्रम तयार गरी कार्यान्वयनका गरिनेछ।<br>१.२ शिक्षण विधिलाई सूचना प्रविधिको उपयोगलाई अधिकाधिक तुल्याई प्रतिस्पर्धी र क्षमतावान जनशक्ति उत्पादन गरिनेछ ।<br>१.३ सिकाई उपलब्धि दर बढाउन शिक्षण विधिलाई थप प्रभाबकारी गराउने<br>१.४ नगरपालिकास्तरमा एउटा नमुना विद्यालयका रुपमा विकास गरी अन्य विद्यालयलाई सोही विद्यालयको ढाँचामा पठन पाठनको लागि उत्प्रेरित गरिनेछ ।<br>१.५ विद्यालय क्षेत्र सुधार योजना तयारी र कार्यान्वयलाई प्रभावकारी गराइनेछ।<br>१.६ विद्यालयसँग सम्बन्धित नीतिगत द्धिविधालाई समाधान गर्न पहल गर्ने |
| २. पुर्व प्राथमिक, आधारभूत र माध्यमिक तहमा आवश्यक जनशक्ति व्यवस्थापन र नियमित गर्ने । | २.१ विद्यालयमा विद्यार्थी संख्याका आधारमा विषयगत शिक्षक र महिला शिक्षक अनुपात यथोचित रुपमा कायम गरिनेछ ।<br>२.२ विद्यालयमा सीसी क्यामरा तथा विद्युतिय हाजिरीको उपयोग र नियमित अनुगमनलाई प्रभावकारी गराइने छ ।<br>२.३ प्राविधिक विद्यालयको प्रधानाध्यापकको कार्यबोझका आधारमा विशेष प्रोत्साहन व्यवस्था गरिनेछ ।<br>२.४ बाल विकास सहजकर्ता तथा कार्यालय सहयोगीलाई उचित प्रोत्साहनको व्यवस्था गरिनेछ । |
| ३. बालमैत्री, अपाङ्गमैत्री र छात्रामैत्री पूर्वाधार विकासमा संघीय सरकार, प्रदेश सरकार, विकास साझेदार निकाय र समुदायसँगको समन्वय र साझेदारीलाई सुद्धिढ गर्ने । | ३.१ सबै विद्यालयमा बालमैत्री, अपाङ्गमैत्री र छात्रामैत्री भवन, धारा, शौचालय, खेलमैदान र पर्खाल निर्माणमा सबै सरोकारवालासँगको समन्वय र सहकार्यमा अगाडी बढाइनेछ ।<br>३.२ संघीय तथा प्रदेश सरकार, विकास साझेदार संस्था र समुदायसँग सहकार्य, लागत साझेदारी तथा समन्वयलाई प्रभावकारी गराइनेछ ।<br>३.३ विद्यालय रहेको ऐलानी जग्गालाई सम्बन्धित विद्यालयको नाममा हस्तान्तरणका लागि पहल गरिनेछ । |
| ४. विद्यालय बाहिर रहेका विद्यालय उमेर समुहका बाल बालिकालाई विद्यालयमा ल्याउने र विद्यार्थीको नियमितता कायम गर्ने । | ४.१ दलित तथा गरिब विद्यार्थीको प्रोसाहनका लागि ड्रेस, खाजा र खाद्यसामाग्री सहयोगको व्यवस्था गरिनेछ ।<br>४.२ विद्यालयमा छात्रा फोकल परसनका रुपमा महिला शिक्षकलाई व्यवस्था गरी सेनिटरी प्याडको व्यवस्थापनलाई प्रभावकारी गराइने छ ।<br>४.३ विद्यालय उमेर समुहका बालबालिकालाई विद्यालयसम्म ल्याउन र विचमा स्कुल नछोडन प्रोत्साहन र जनचेनामुलक गतिविधि तथा विद्यालय भर्ना अभियानलाई सञ्चालन गरिनेछ । |
| **ख. स्वास्थ्य तथा पोषण** | |
| १. आधारभूत स्वास्थ्य सेवाको विस्तार र सुद्धिढिकरण मार्फत स्थानीयवासीको पहुँच तथा गुणस्तरमा सुधार गर्ने । | १.१ हरेका वडामा कम्तिमा एउटा आधारभूत स्वास्थ्य सेवा केन्द्रको स्थापना गरिनेछ ।<br>१.२ स्वास्थ्य संस्थामा ल्याव तथा भिडियो एक्सरे सेवाको विस्तार गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | १.३ रेविज विरुद्धको सुईको सुविधा स्थानीय स्वास्थ्य चौकीमा उपलब्ध गराउन आवश्यक पहल गरिनेछ ।<br>१.४ वैकल्पिक चिकित्सा सेवाको विस्तार गर्नु आयुर्वेद केन्द्रको स्थापनाका लागि पहल गर्ने तथा वार्षिक रुपमा योग शिवीर संचालन गरिनेछ ।<br>१.५ स्थानीयवासीलाई वर्षको २ पटक स्वास्थ्यकर्मी मार्फत टोल टोलमा पुगेर स्वास्थ्य परिक्षण गर्ने व्यवस्था मिलाइनेछ । |
| २. विशेषज्ञ तथा चिकित्सकिय स्वास्थ्यमा पहुँच स्थापित गर्न विशेष पहल गर्ने । | २.१ हाल संचालनमा रहेको अस्पतालमा विशिषज्ञ सेवा सहितको सुविधा सम्पन्न अस्पताल बनाउन  लागि विशेष पहल गरिनेछ ।<br>२.२ स्वास्थ्य चौकी रहेको ऐलानी जग्गालाई सम्बन्धित स्वास्थ्य चौकीको नाममा हस्तान्तरणका लागि पहल गर्ने<br>२.३ स्वास्थ्य सूचना प्रणालीलाई व्यवस्थित गर्दै लैजाने । नगरपालिकास्तरमा आयुर्बेद औषधालय भवन निर्माणमा पहल गर्ने |
| ३. स्वास्थ्य तथा पोषणसम्बन्धी नीतिगत सुधार तथा जनचेतना अभिबृद्धि गर्ने । | ३.१ स्वास्थ्य तथा पोषणसम्बन्धी नीति निर्माण र कार्यान्वयनमा तथ्यांकको प्रयोगलाई बढावा दिईनेछ ।<br>३.२ स्वास्थ्य सूचना प्रणालीलाई व्यवस्थित गर्दै नीति निर्माण र कार्यान्वयनमा तथ्यांकको प्रयोगलाई बढावा दिईनेछ ।<br>३.३ स्वास्थ्य तथा पोषणसम्बन्धी जनचेतना अभिबृद्धि गर्न जनचेतनामुलक सडक नाटक तथा भिडियो प्रदर्शन गरिनेछ ।<br>३.४ स्वास्थ्य तथा पोषणको अवश्थामा सुधार ल्याउन स्वास्थ्य तथा पोषण सप्ताह मनाइने छ । |
| **ग. खानेपानी तथा सरसफाई** | |
| १. स्वच्छ खानेपानी तथा सरसफाई सेवामा सबै घरपरिवारको पहुँच विस्चार गर्ने । | १.१ स्वच्छ खानेपानीको उपलब्धता सुनिश्चित गर्न सबै वडामा पाईप लाईनबाट वितरित खानेपानीका  व्यवस्था गरी वितरण गरिनेछ ।<br>१.२ खुला दिशामुक्त क्षेत्र कार्यान्वयनलाई प्रभावकारी गराइनेछ ।<br>१.३ नगरपालिका क्षेत्र भित्रका सबै वस्तीहरुमा सरोकारवाला सबैको सहकार्य र सहयोगमा स्तरीय ढल निर्माण गरिनेछ ।<br>१.४ फोहोरको दीर्घकालिन व्यवस्थापनका लागि नगरपालिकामा सरसफाई इकाई स्थापना तथा डम्पिंग साइटको व्यवस्था गरिनेछ ।<br>१.५ स्वस्थ खानेपानी तथा सरसफाई सम्बन्धी जनचेतना बृद्धि गर्न सरसफाई सप्ताह मनाउने व्यवस्था गरिनेछ ।<br>१.६ सफल विद्यालय तथा टोलमा जुनियर रेडक्रस सर्कललाई क्रियाशिल गराई सरसफाई सुधारमा परिचालन गरिनेछ । |
| २. स्वच्छ खानेपानी तथा सरसफाईका सुदृढ अभ्यासलाई दीगो तथा संस्थागत गर्ने । | २.१ घरपरिवारमा फोहोर व्यवस्थापनका लागि निजी तथा समुदायसग सहकार्य र खानेपानी तथा सरसफाई समिति गठन गरिनेछ ।<br>२.२ सरसफाइको दिगोपनाका लागि टोलस्तरमा समिति गठन गरी खुला दिशामुक्त अभियानको कार्यान्वयन र पूर्ण सरसफाईलाई प्रभावकारी बनाइेछ ।<br>२.३ खानेपानीको गुणस्तर पीरक्षण र सुधारका लागि आवश्यक कार्य सञ्चालन गरिनेछ । |
| **घ. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण** | |
| १. सबै प्रकारका हिंसा, शोषण र भेदवाव अन्त्यका लागि निरोधात्मक, संरक्षणात्मक | १.१ लक्षित वर्ग सञ्जाल गठन गरी कृयाशिल गराइनेछ ।<br>१.२ सामाजिक विभेद र विकृति हटाउन जनचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| उपायद्वारा न्यायमा पहुँच अभिबृद्धि गर्ने । | १.३ लैंगिक हिंसा न्यूीनकरणका लागि जनचेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।<br>१.४ महिला, अपांग, दलित, जेष्ठ नागरिक प्रति हुने दुर्व्यवार र हिंसालाई तत्काल कारवाहीको दायरमा ल्याउन यथोचित पहल गरिनेछ । |
| २. लक्षित वर्गको मुलप्रवीहकरण र हित प्रवर्द्धन गर्न संस्थागत पहल गर्ने | २.१ हिंसा पिडित तथा प्रभावितको राहत र उद्दारको लागि आपतकालिन पुनस्थापना कोष स्थापना गरिनेछ ।<br>२.२ लैससास सम्बन्धी क्षेत्रगत नीति, कानुन तथा कार्यक्रम तर्जुमा गरिनेछ।<br>२.३ लैङ्गिक उत्तरदायी बजेट बिनियोजन पद्धतीलाई संस्थागत गरिनेछ ।<br>२.४ सार्वजनिक क्षेत्रमा बालमैत्री तथा अपाङ्गमैत्री पूर्वाधार निर्माणलाई प्रोत्साहित गरिनेछ ।<br>२.५ लैङ्गिक उत्तरदायी बजेट प्रणालीलाई संस्थागत गर्दै लैङ्गिक बजेट विनियोजन अनुपात बृद्धि तथा लैङ्गिक लेखापरिक्षण पद्धती लागु गरिनेछ।<br>२.६ सकारात्मक विभेद तथा लक्षित बजेट विजियोजन नीति अवलम्बन गरिनेछ ।<br>२.७ सामाजिक सुरक्षा भत्ता सहजगराउन शाखा विस्तार तथा घुम्ती सेवा विस्तारलाई पहल गर्ने र जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिका लागि सार्वजनिक सेवामा सहुलियत तथा विशेष व्यवस्था गरिनेछ । |
| ३. लक्षित वर्गको आत्मनिर्भरताका लागि अवसर सृजना गर्ने । | ३.१ महिला, दलित, एकल महिला, आदिवासी र अपांगता भएका व्यक्तिका प्राविधक तथा उत्पादनमूलक क्षेत्रमा सीप तथा श्रोत हस्तान्तर गरी उत्पादित वस्तुको बजारीकरणलाई सुनिश्चित गरिनेछ ।<br>३.२ लक्षित वर्गका महिला, दलित जनजाती युवालाई सेवा आयोगबाट हुने परिक्षालाई केन्द्रित गरी लागत साझेदारीका साथ कक्षा सञ्चालन गरिनेछ । |
| **ङ. युवा तथा खेलकुद** | |
| १. युवापिडीमा अनुशासन, आत्मविश्वास र स्वारोजगारीको भावना अभिबृद्धि गर्ने । | १.१ युवा दुव्यर्सनलाई नियन्त्रण गर्न दुर्व्यसनमुक्त समाज अभियान सञ्चालन गर्न जनचेतना बृद्धिका लागि भिडियो तथा सडक नाटक प्रदर्शन गरिनेछ ।<br>१.२ सार्वजनिक स्थलमा मदिरा तथा सुर्तीजन्य पदार्थको उपयोगलाई नियन्त्रण गर्न आमा समुहको गठन र परिचालन गरिनेछ ।<br>१.३ युवा स्वरोजगार र आत्मनिर्भरता अभिबृद्धि गर्न सीपमुलक तालिम र रोजगारीका आधार सृजना गरिनेछ ।<br>१.४ युवा स्वरोजगार कार्यक्रमलाई प्रभावकारी गराउन पहल गरिनेछ । |
| २. खेलाडीको पहिचान, क्षमता विकास र प्रोत्साहनको व्यवस्था गर्ने । | २.१ स्तरीय खेलमैदान तथा नगरपालिकास्तरमा कवर्ड हल निर्माण गरिनेछ ।<br>२.२ क्रिकेट र फुटवल खेलको प्रशिक्षणका लागि प्रशिक्षकको व्यवस्था गरी उत्कृष्ट खेलाडीका लागि विशेष प्रोत्साहनको व्यवस्था गरिनेछ।<br>२.३ विद्यालय तथा नगरपालिका स्तरबाट खेलकुद प्रतियोगितालाई नियमित रुपमा आयोगना गरिनेछ ।<br>२.४ वडास्तरमा खेलमैदान निर्माणका लागि जग्गा पहिचान र निर्माणका लागि अग्रसरता लिइनेछ । |
| **च. भाषा, संस्कृति, कला, साहित्य** | |
| १. स्थानीय कला तथा संस्कृतिको पहिचान, संरक्षण र प्रवर्द्धन गर्ने | १.१ भाषा, कला र संस्कृति संरक्षणका लागि नगरपालिकास्तरमा इकाई गठन गरी क्रियाशिल गराइने छ ।<br>१.२ साँस्कृतिक अतिक्रमणलाई दुरुत्साहन गर्दै विकृति नियन्त्रण गर्न सरोकारवालाको अग्रसरतामा गीत तथा नृत्यलाई मर्यादित गराइने छ ।<br>१.३ स्थानीय बाजा, नृत्य र गीतलाई पेशाका रुपमा अवलम्बन गर्न महोत्सव, चाडवाड तथा कार्यक्रममा अवसर प्रदान र प्रचार प्रसार गरिनेछ । |

## ५.५ प्रमुख रणनीतिक कार्यक्रम (कार्यान्वयन योजना)

राणनितिक बिकास योजनाको अपेक्षित नतिजा प्राप्त गर्न नगरपालिकाको स्रोत, स्थानीय संघसंस्था, समुदाय, निजी क्षेत्र, प्रदेश तथा संघ सरकारसँग साझेदारी र सहकार्य गरी योजना अवधीमा प्राथमिकता आधारमा देहायअनुसारको रणनीतिक कार्यक्रम संचालन गरिने छ ।

## सामाजिक बिकास कार्यान्वयन योजना

| क्र.स. | लक्ष्य अनुसार प्रस्तावित क्रियाकलाप | स्थान तथा लाभान्वित समुदाय | इकाई | लक्ष्य (परिणाम) | | | | | वजेट (रु.हजारमा) | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ८१/८२ | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ८१/८२ | जम्मा |
| १ | अनौपचारिक शिक्षा) कार्यक्रम संचालन | १०,११,१२,१३ वडाहरुमा | प्रत्येक बर्ष | १ | १ | १ | १ | १ | १००० | १००० | १००० | १००० | १००० | ५००० |
| २ | बालिकाहरुलाई बिद्यालय भर्ना कार्यक्रम | सवै वडाहरुमा | प्रत्येक बर्ष | १ | १ | १ | १ | १ | १००० | १००० | १००० | १००० | १००० | ५००० |
| ३ | आदिवासी जनजाती तथा दलित सिमान्तकृत हरुलाई छात्रबृत्ति कार्यक्रम (केन्द्रिय अनुदान) | सवै वडाहरुमा | प्रत्येक बर्ष | १ | १ | १ | १ | १ | १००० | १००० | १००० | १००० | १००० | ५००० |
| ४ | बिद्यालयहरुमा शुद्ध खानेपानीको संरचना निर्माण | बिद्यालयमा | संख्या | १ | १ | १ | १ | १ | ५०००० | ५०००० | २५०० | २५०० | २००० | १०७००० |
| ५ | आवश्यकताको आधारमा बिद्यालय हरुमा शौचालय निर्माण तथा मर्मत संभार | बिद्यालयमा | संख्या | १ | १ | १ | १ | १ | २५०० | २५०० | २००० | २००० | २००० | ११००० |
| ६ | बिद्यालयहरुमा बालिकाहरुका लागि शौचालय निर्माण | मा. बिद्यालय | संख्या | १ | १ | १ | १ | १ | १०००० | १०००० | १०००० | १०००० | १०००० | ५०००० |
| ७ | आधारभुत बिद्यालयहरुमा खाजा कार्यक्रम | पाहाडीको वडाहरुमा | संख्या | १ | १ | १ | १ | १ | १००० | १००० | १००० | १००० | १००० | ५००० |
| ८ | प्रत्येक वडामा माध्यमिक तहको शिक्षालय | ५ बिद्यालय | संख्या | १ | १ | १ | १ | १ | ५०००० | ५०००० | ५०००० | ५०००० | ५०००० | २५०००० |
| ९ | नगरपालीका स्तरीय प्राविधिक शिक्षालय स्थापना र संचालन | न.पा | वटा | ० | १ | १ | १ | १ | ० | १०००० | १०००० | १०००० | ८०० | ३०८०० |
| १० | नगरपालिका स्तरीय पुस्तकालय निमार्ण | न.पा | वटा | ० | ० | ० | १ | १ | ० | ० | ० | २५०० | २५०० | ५००० |

| क्र.स. | लक्ष्य अनुसार प्रस्तावित क्रियाकलाप | स्थान तथा लाभान्वित समुदाय | इकाई | लक्ष्य (परिणाम) | | | | | वजेट (रु.हजारमा) | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ८१/८२ | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ८१/८२ | जम्मा |
| ११ | सबै स्वास्थ्य संस्थामान्यूनतम मायदण्डसहितको औजार उपकरणहरु व्यावस्था | स्वास्थ्य सस्था | वटा | ० | १ | १ | १ | १ | ५००० | ७००० | १४००० | १४००० | १५००० | ५५००० |
| १२ | भण्डरा अस्पताललाई सुबिधा सम्पन्न २५ सैयाको निर्माण | ५ | वटा | | १ | १ | १ | १ | ० | १०००० | २०००० | २०००० | १०००० | ६०००० |
| १३ | प्रसुति गृह सहितको स्वास्थ्य चौकी निर्माण | ३,४,८ र ११ वडाहरुमा | वटा | ० | ० | १ | १ | १ | ० | ४००० | ४००० | ४००० | ४००० | १६००० |
| १४ | आयूबेद औषधालय भवन निमार्ण | ७ | वटा | ० | ० | १ | १ | १ | ० | ० | १०००० | १०००० | १०००० | ३०००० |
| १५ | पाँच बर्ष मुनिका बाल बालिका र नवजात शिशुको स्वास्थ्य उपचार प्रवर्द्धन का लागि अभिमुखिकरण कार्यक्रम | सबै वडाहरुमा | जना | १ | १ | १ | १ | १ | १००० | १००० | १००० | १००० | १००० | ५००० |
| १६ | विशेषज्ञ सहित घुम्ती शिविर संचालन | १०,११,१२,१३ वडामा | प्रत्येक बर्ष | १ | १ | १ | १ | १ | २००० | २००० | २००० | २००० | २००० | १०००० |
| १७ | स्थानिय तहलाई पूर्णखोप यूक्त कार्यलाई निरन्तरता | सबै वडाहरुमा | प्रत्येक बर्ष | १ | १ | १ | १ | १ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० |
| १८ | जडिबुटी प्रशोधन तथा संरक्षण | १०,११,१२,१३ वडामा | प्रत्येक बर्ष | १ | १ | १ | १ | १ | १००० | १००० | १००० | १००० | १००० | ५००० |
| १९ | सरुवा रोग नियन्त्रण र उपचार कार्यक्रम | सबै स्वास्थ्य चौकीहरु | प्रत्येक बर्ष | १ | १ | १ | १ | १ | १००० | १००० | १००० | १००० | १००० | ५००० |

| क्र.स. | लक्ष्य अनुसार प्रस्तावित क्रियाकलाप | स्थान तथा लाभान्वित समुदाय | इकाई | लक्ष्य (परिणाम) | | | | | वजेट (रु.हजारमा) | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ८१/८२ | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ८१/८२ | जम्मा |
| २० | गर्भवति तथा सुत्केरी महिलालाई निशुल्क एम्वुलेन्स सेवा | सबै वडाहरु | प्रत्येक बर्ष | १ | १ | १ | १ | १ | ५०० | ५०० | ५०० | ६०० | ७०० | २८०० |
| २१ | स्वास्थ्यकमीहरु लाई प्रोत्सान भत्ता | सबैमा | प्रत्येक बर्ष | १ | १ | १ | १ | १ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० |
| २२ | स्वास्थ्यकमिहरुलाई क्षमता अभिबृद्धि कार्यक्रम | सबै वडामा | प्रत्येक बर्ष | १ | १ | १ | १ | १ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० |
| २३ | प्रत्येक वडामा १ घर १ धारा कार्यक्रम | आवश्यक घरधुरी | घरधुरी | १ | १ | १ | १ | १ | १०००० | १०००० | १०००० | १०००० | १०००० | ५०००० |
| २४ | घरघरमा पक्की चर्पि निर्माणमा सहयोग | पहाडी ४ वडाहरुमा | आवश्यक घरधुरी | १ | १ | १ | १ | १ | ५००० | ५००० | ५००० | ५००० | ५००० | २५००० |
| २५ | स्माट सार्वजनिक सौचालय निर्माण | बजार क्षेत्र | ४गोटा | ० | १ | १ | १ | १ | ० | ५००० | ५००० | ५००० | ५००० | २०००० |
| २६ | महिलाहरुको नेतृत्व बिकास कार्यक्रम | सवै वडाहरुमा | प्रत्येक बर्ष | १ | १ | १ | १ | १ | १००० | १००० | १००० | १००० | १००० | ५००० |
| २७ | महिला सिप बिकास कार्यक्रम | सवै वडाहरुमा | प्रत्येक बर्ष | १ | १ | १ | १ | १ | १००० | १००० | १००० | १००० | १००० | ५००० |
| २८ | बालबालिका क्षमता अभिबृद्धि कार्यक्रम | सबै वडामा | प्रत्येक बर्ष | १ | १ | १ | १ | १ | १३०० | १३०० | १३०० | १३०० | १३०० | ६५०० |
| २९ | जेष्ठ नागरिक सम्मान कार्यक्रम,वृद्धा मनोरन्जन साम्रगी | सबै वडामा | प्रत्येक बर्ष | १ | १ | १ | १ | १ | १००० | १००० | १००० | १००० | १००० | ५००० |
| ३० | विभिन्न धामिक स्थल मठ, मन्दीर, गुम्वा,चर्च स्तरउन्नती | सबै वडामा | प्रत्येक बर्ष | १ | १ | १ | १ | १ | २००० | २००० | २००० | २००० | २००० | १०००० |

| क्र.स. | लक्ष्य अनुसार प्रस्तावित क्रियाकलाप | स्थान तथा लाभान्वित समुदाय | इकाई | लक्ष्य (परिणाम) | | | | | वजेट (रु.हजारमा) | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ८१/८२ | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ८१/८२ | जम्मा |
| ३१ | नगरपालिका स्तरीय वृद्धाआश्रम निमार्ण | बजार क्षेत्र | प्रत्येक बर्ष | ० | ० | १ | १ | ० | ० | ० | ५००० | ५००० | ० | १०००० |
| ३२ | अपाङ्ग वा फरक प्रकृतिका व्यक्ति सिप क्षमता दक्षता बृद्धि | सबै वडामा | प्रत्येक बर्ष | १ | १ | १ | १ | १ | १००० | १००० | १००० | १००० | १००० | ५००० |
| ३३ | दलित, आदिवासी जनजाति, तथा पछाडि पारिएका समुदायको क्षमता बिकास कार्यक्रम | सवै वडाहरुमा | प्रत्येक बर्ष | १ | १ | १ | १ | १ | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० |
| ३४ | अपांग मैत्री पूर्वाधार र सहायक सामाग्रि बितरण | सवै वडाहरुमा | प्रत्येक बर्ष | १ | १ | १ | १ | १ | १००० | १००० | १००० | १००० | १००० | ५००० |
| ३५ | सामुदायिक अध्ययन केन्द्र स्थापना तथा संचालन | सवै वडाहरुमा | वटा | १ | १ | १ | १ | १ | २००० | २००० | २००० | २००० | २००० | १०००० |
| ३६ | वडास्तरीय खेलकुद मैदान निर्माण | सवै वडाहरुमा | १३ गोटा | २ | ३ | ३ | ३ | २ | २००० | ३००० | ३००० | ३००० | २००० | १३००० |
| ३७ | खेलाडीहरुलाई प्रत्शाहन, सम्मान तथा क्षमता विकास कार्यक्रम | सवै वडाहरुमा | प्रत्येक बर्ष | १ | १ | १ | १ | १ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० |
| ३८ | बिद्यालय स्तरीय खेल मैदान निर्माण | आवश्यक बिद्यालयमा | वटा | १ | १ | १ | १ | १ | २००० | २००० | २००० | २००० | २००० | १०००० |
| ३९ | प्रत्येक बर्ष न.पा स्तरिय खेलकुद कार्यक्रम | हरेक बर्ष १ वटा | वटा | १ | १ | १ | १ | १ | १००० | १००० | १००० | १००० | १००० | ५००० |
| ४० | बिद्यालय स्तरिय खेलकुद | सबै वडामा | वटा | १ | १ | १ | १ | १ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० |

| क.स. | लक्ष्य अनुसार प्रस्तावित क्रियाकलाप | स्थान तथा लाभान्वित समुदाय | इकाई | लक्ष्य (परिणाम) | | | | | वजेट (रु.हजारमा) | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ८१/८२ | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ८१/८२ | जम्मा |
| ४१ | राप्ती नगरपालिका स्तरीय खेल ग्राम, कर्भड हल सहित | १ | वटा | ० | १ | १ | १ | १ | ० | १०००० | १०००० | १०००० | ५००० | ३५००० |
| ४२ | पुर्ण सरसफाई कार्यक्रम | सवै टोलहरुमा | टोल | १ | १ | १ | १ | १ | १३०० | २६०० | २६०० | २६०० | २६०० | ११७०० |
| ४३ | विपन्न समुदायलाई आभास गृह निमार्ण | सबै वडामा | वटा | १ | १ | १ | १ | १ | ५०००० | ५०००० | ५०००० | ५०००० | ५०००० | २५०००० |
| ४४ | प्रयोगात्मक प्रविधि शिक्षामा जोड दिने | सबै वडामा | वटा | १ | १ | १ | १ | १ | १००० | १००० | १००० | १००० | १००० | ५००० |
| ४५ | जोखिममा परेका महिला तथा बालवालिकालाई आवाश गृह स्थापना | न.पा | वटा | ० | ० | ० | १ | १ | ० | ० | ० | ५००० | ५००० | १०००० |
| | **कुल जम्मा** | | | | | | | | २१३६०० | २५६९०० | २४०९०० | २४८५०० | २१८९०० | ११७८८०० |

## परिच्छेद ६

## पूर्वाधार विकास क्षेत्र

### ६.१. पृष्ठभूमि

नगरपालिका क्षेत्रको समष्टिगत आर्थिक, सामाजिक विकास र सेवा सुविधा प्रवाहमा पूर्वाधार विकास क्षेत्रको भूमिका अग्रणी र महत्वपूर्ण हुन्छ । भौतिक विकास पूर्वाधारले अन्तरआवद्धता विकासद्धारा, बजार सूचना, सेवा सुविधाको स्तर, पहुँच र उपयोग जस्ता विकास नतिजा हासिल गर्न प्रत्यक्ष योगदान गर्दछ । तर पूर्वाधार विकास र विस्तारबाट दीगो लाभ लिन पूर्वाधारको दिगो संचालनका साथसाथै यसबाट वातावरणमा पर्ने नकारात्मक असरलाई न्यून गर्न संरक्षणका उपायहरु अवलम्बन गर्न जरुरी हुन्छ । नगरको विकास प्रतिफललाई सकारात्मक दिशातर्फ उन्मुख गराउन तथा अपेक्षित नतिजा हासिल गर्न पूर्वाधार विकास क्षेत्रमा मूलतः सडक, पुल तथा यातायात, आवास, वस्ती विकास, भवन र शहरी विकास, विद्युत तथा वैकल्पिक उर्जा र सूचना, संचार र प्रविधि जस्ता विषय क्षेत्रको विकास, विस्तार र दीगो संचालन सम्बन्धी विश्लेषण, लक्ष्य तथा उद्देश्य, सो हासिल गर्ने रणनीति तथा कार्यनीति, मार्गनिर्देशक कार्यक्रमलाई यस परिच्छेदमा समावेश गरिएको छ । जुन देहायअनुसार प्रस्तुत गरिएको छ ।

### ६.२ वर्तमान अवस्था

#### ६.२.१ सडक, पुल तथा यातायात

क) विद्यमान अवस्था, संभावना र अवसर

राप्ती नगरपालिका बागमती प्रदेशको चितवन जिल्लाको सुदुर पुर्बमा रहेको छ । यस नगरपालिका क्षेत्र भित्र ७० कि.मि. कालो पत्रे सडक, २८८.४ कि.मि. ग्राभेल सडक पि.सि.सि सडक १३.१ कि.मि र धुले माटो सडक १२७.८ कि.मि मोजाईक १.३ समेत गरी जम्मा ५००.६ कि.मि. सडक रहेको छ । त्यस्तै नाला १.२ कि.मि , १५ वटा कल्वट र ट्रस पुलको संख्या ११ वटा रहेको छ । नगरपालिकाको १३ वटै वडाको केन्द्र सडक संजालमा जोडिएको छ । यस नगरपालिका क्षेत्र हुदै १३.५ कि.मि पुर्ब पश्चिम राजमार्ग रहेको छ । सडक यातायात समेत व्यवस्थित रुपले पूर्वाधार विकास गर्न नगरपालिकाले सडकको मापदण्ड समेत गुरुयोजना तयार गर्ने कममा रहेको छ । नगरपालिका भित्रका प्रमुख वस्तीहरु मध्ये सबै वस्ती/टोल ग्रावल सडकद्धारा सडक संजालमा जोडिएका छन् । स्थानीय सडकमा लगभग दैनिक १५ वटा सार्वजनिक यातायातका सवारी साधन संचालनमा हुने गरेका छन् ।

ख) समस्या तथा चुनौति

यस नगरपालिका पूर्वाधार विकासका दृष्टिकोणले निकै पछाडि रहेको छ । परिणामस्वरुप आर्थिक सामाजिक सेवा तथा सुविधाको उपलब्धता, गुणस्तर र उपयोगको अवस्था पछाडि रहेको छ । निर्माण भएका स्थानीय सडकहरु कच्ची अवस्थामा रहेका, बढी भन्दा बढी सडकहरुमा मौसमी रुपमा मात्र यातायात संचालन हुने गरेको छ । सडक निर्माण तथा यातायात संचालनमा वातावरणीय पक्ष, गुणस्तर र मापदण्डको पालना हुन सकेको छैन । वातावरणीय संरक्षणको उपाय अवलम्बन नगरी आर्थिक तथा सामाजिक विश्लेषण विना सडक निर्माण कार्य भइरहेको छ । सडक निर्माणसँग आर्थिक सामाजिक विकास र सेवा सुविधा संचालनसम्बन्धी कार्यहरु प्राथमिकतामा पर्न सकेका छैनन् ।

#### ६.२.२ आवास, भवन, वस्ति विकास तथा शहरी विकास

क) विद्यमान अवस्था, संभावना र अवसर

भू-उपयोग नीति तथा योजना अनुसार व्यवस्थित वस्ती विकास, भौतिक विकास योजना तर्जुमा गरी पूर्वाधार विकास नियमित गर्न आवश्यक देखिन्छ । आर्थिक, सामाजिक तथा वातावरण व्यवस्थापनलाई सम्बोधन गर्न वस्ती तथा शहरी विकास तथा भवन निर्माण आधारभूत मापदण्ड लगायत सुरक्षित आवास, व्यवस्थित वस्ती तथा शहरी विकास र भवन निर्माणसँग सम्बन्धित राष्ट्रिय नीति, कानून तथा नियम उपलब्ध रहेको तर स्थानीय नियमावली तथा कार्यविधि तर्जुमाको आवश्यकता देखिएको छ । नगरपालिकामा रहेका २९वटा सरकारी भवनमा ७ वटा भवनको अवस्था राम्रो १७ वटा भवनको अवस्था ठिकै र ४ वटा जिर्ण अबस्थामा रहेका छन । बाकी वडा कार्यालय लगायत

नयाँ निमार्णधिन नगरपालिकाको भवन नगरपालिकामा मापदण्ड तथा भूकम्प प्रतिरोधी प्रविधि अनुसार निर्माण भइरहेको छ ।

ख) समस्या तथा चुनौति

भू-उपयोग योजना र क्षेत्र निर्धारण, योजना अनुसार आर्थिक, सामाजिक विकास लगायत भौतिक पूर्वाधार विकासलाई मार्गनिर्देशन गर्न कानूनी, प्राविधिक र संस्थागत प्रयासहरुमा ध्यान दिन र सो बारेमा व्यापक छलफल र अभ्यासको कमी रहको छ । भू-उपयोग क्षेत्र र योजनाको आधारमा भौतिक विकासको योजना तर्जुमा बजारको पूर्वाधार र सुविधा सहित व्यवस्थित बजारको विकास गर्न सकिएको छैन । यससँग सम्बन्धी नीति, कानून र कार्यविधि तर्जुमा र अभ्यासको कमी रहेको छ । वस्ती तथा बसोबासलाई एकीकृत र व्यवस्थित गरी बजार तथा शहरी विकासको पूवार्धार सहितको एकीकृत सेवा तथा सुविधा उपलब्ध गराउँन ध्यान तथा पहल हुन सकेको छैन । कुहिने र नकुहिने फोहोर छुट्याउने र स्रोतमा फोहोर व्यवस्थापन गर्ने जस्ता रचनात्मक परम्परागत प्रयासहरुलाई बढावा दिई फोहोरमैला व्यवस्थापन तर्फ विस्तारै ध्यान केन्द्रत हुदै गई रहेको छ । जनघनत्व बढी भएका बजार उन्मुख क्षेत्रमा प्लाष्टिक जन्य र अन्य हानिकारक फोहोरमैला व्यवस्थापनको समस्या बढ्दै गइरहेको छ । प्लाष्टिकजन्य लगायत अन्य फोहोर जलाउने, खेतबारीमा अनियन्त्रत रासायनिक मल र विषादीको प्रयोग समेत बढ्दै गईरहेको छ ।

विकास सम्पादन र सेवा प्रवाहलाई उपलब्धीमूलक बनाउन वडा कार्यालय भवन, सेवा तथा श्रोत केन्द्र भवन तथा सार्वजनिक शौचालय, बजारका पूर्वाधार जस्ता भौतिक पूर्वाधारको ज्यादै न्यून रहेको छ । नगरपालिकामा विपत व्यावस्थापनको लागी आश्रयको लागि आश्रय स्थल र विपदको पूर्व तयारी, सरसामग्रीको व्यवस्था ध्यान दिनुपर्ने देखिन्छ । नगरपालिकामा बसोबास गर्ने कूल घरपरिवार मध्ये १० प्रतिशत परिवार कच्ची तथा असुरक्षित घरमा बसोबास गरेको देखिन्छ ।

६.२.३ विद्युत तथा वैकल्पिक उर्जा

क) विद्यमान अवस्था, संभावना र अवसर

यस नगरपालिकाको ९० प्रतिशत भन्दा बढी घरपरिवारले राष्ट्रिय प्रसारण लाईनसँग आवद्ध भई विद्युत सेवा उपयोग गरिरहेको देखिन्छ । करीव १० प्रतिशत घरधुरीमा सोलार प्रणाली, छिटफूट घरपरिवारमा एलपी ग्यास, वायोग्यासको प्रयोग भएको देखिन्छ ।

ख) समस्या तथा चुनौति

यस नगपालिकामा सोलार प्रणाली विद्युत उत्पादन र विद्युत वितरण केन्द्र रहेको छैन । यहाँका अझै पनि १० प्रतिशत भन्दा बढी घरपरिवार विद्युत सेवाबाट बञ्चित रहेका छन् भने ६१ प्रतिशत घरधुरीले खाना पकाउन मुख्य इन्धनको रुपमा एलपी ग्यास रहेको छ । त्यस्तै ३६ प्रतिशत घरधुरीले खाना पकाउन दाउराको प्रयोग गर्ने गरेका छन् । सोलार, वायोग्यास, सुधाएिको चुल्हो तथा स्वस्थ उर्जाको प्रयोग गर्ने घरपरिवार ३ प्रतिशत भन्दा न्यून रहेको छ ।

६.२.४ सूचना तथा संचार प्रविधि

क) विद्यमान अवस्था, संभावना र अवसर

सूचना र संचारमा पहुँचको अवस्था विश्लेषण गर्दा नगरपालिकामा बसोबास गर्ने २० बर्ष भन्दा माथिको जनसंख्या मध्ये ९५ प्रतिशत मोबाइल फोनको नेटवर्कमा आवद्ध रहेका छन् । मोबाइल फोन बाहेक इमेल तथा इन्टरनेट, पत्रपत्रिका लगायत आधुनिक संचार सूचना प्रविधिको प्रयोग गर्ने जनसंख्याको अनुपात ८ प्रतिशत जती मात्र रहेको छ । नगरपालिकामा कार्यपालिका कार्यालय, १३ वटै वडा कार्यालय, स्वास्थ्य संस्था लगायत माध्यामिक विद्यालयहरुमा इन्टरनेट सेवा उपलब्ध रहेको छ । नगरपालिकामा सेवा प्रवाहको लागि स्थानीय तहको प्रोफाइल सूचना व्यवस्थापन प्रणाली, मालपोत, दस्तुर र लेखा सम्बन्धी सफ्टवयर संचालनमा रहेका छन् । नगरपालिकाका केही निर्वाचित पदाधिकारी तथा अधिकांश कर्मचारीहरु सूचना प्रविधि मैत्री रहेका छन् । नगरपालिका क्षेत्रमा एफएम रेडियो, रेडियो नेपाल प्रसारण सुन्न सकिने तथा स्याटलाइट प्रविधिको प्रयोग गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय टेलिभिजन हेर्न सक्ने

सुविधा उपलब्ध रहेको छ। नगरपालिकाका ६३ प्रतिशत जती घरपरिवारमा टेलिभिजन तथा कम्प्युटरको पहुँच रहेको देखिन्छ।

ख) समस्या तथा चुनौति

नगरपालिकामा हालसम्म ल्याण्डलाइन फोन र मोबाइल फोनको समेत पहुँच नभएका जनसंख्या ५ प्रतिशत जति रहेको अनुमान गरिएको छ। इमेल तथा इन्टरनेट, पत्रपत्रिका लगायत आधुनिक संचार सूचना प्रविधिको प्रयोग गर्ने जनसंख्याको अनुपात दिनानुदिन बडदै गएको छ। नेपाल टेलिकम, एनसेल र अन्य कम्पनीले मोबाइल सेवा उपलब्ध गराएको भए तापनि नगरपालिकाको सबै स्थानमा मोबाइल नेटवर्क समेत चुस्त रुपमा उपलब्ध हुन सकेको छैन। उपलब्ध मोबाइल फोन सेवाको गुणस्तरीयता कम छ। नगरपालिका क्षेत्र भित्रका सवै कार्यालयहरुमा,विद्यालय, सेवा केन्द्र तथा वस्तीहरुमा इन्टरनेट सुविधा उपलब्ध हुन सकेको छैन र उपलब्ध भएका केन्द्र र कार्यालयमा सेवाको गुणस्तर बृद्धि हुदै गइरहेको छ।

## ६.३ **लक्ष तथा उद्धेश्य**

यस नगरपालिकाको पूर्वाधार विकास क्षेत्रको लक्ष्य देहायअनुसार रहेको छः

- बसोबास, बजार र अन्तरआवद्धता व्यवस्थित, सहज र उत्थानशिल हुने

नगरपालिकाको पूर्वाधार विकास क्षेत्रको उद्देश्यहरु देहायअनुसार रहेका छन्ः

- आवागमन, बजार र आधारभूत सुविधामा अभिबृद्धि हुने,
- व्यवस्थित वस्ती, सुरक्षित आवास तथा सार्वजनिक सुविधामा अभिबृद्धि हुने,
- सबैको लागी यातायतको पहुच बृद्धि भएको हुनेछ।
- विद्युत तथा स्वच्छ उर्जाको उपलब्धता र उपयोगमा बृद्धि हुने
- सूचना तथा संचार प्रविधिको उपलब्धता र उपयोगमा बृद्धि हुने

## ६.४ **रणनीति तथा कार्यनीति**

दीर्घकालीन सोचतर्फ उन्मुख भई नगर विकासको समष्टिगत लक्ष्य तथा उद्देश्य हासिल गर्न नगरपालिकाको संस्थागत क्षमता विकास एवं सरोकारवालासँग समन्वय, सहकार्य र साझेदारी अभिबृद्धि गरी रणनीतिक विकास योजनाको कार्यान्वयन गरिने छ। योजनाको लक्ष्य तथा उद्देश्य प्राप्तिका लागि पूर्वाधार विकासका लागि देहायअनुसारका रणनीति तथा कार्यनीतिहरू अवलम्बन गरी रणनीतिक कार्यक्रम कार्यान्वयन गरिने छ।

***तालिका ८: पूर्वाधार विकासका लागि रणनीति तथा कार्यनीति***

| रणनीति | कार्यनीति |
|---|---|
| **क. सडक तथा यातायात** | |
| १. कृषि, उद्योग र पर्यटन तथा सामाजिक सेवा प्रवाहलाई सहज र सुलभ हुने गरी गुणस्तरीय र वातावरण मैत्री र उत्थानशिल पूर्वाधारको विकास र विस्तार गर्ने | १.१ स्थानीय रणनीतिक सडकहरुको प्राथमिकता अनुसार क्रमशः कालोपत्रे, ग्राभेल, ढलान गर्दै स्तरोन्नति गर्दै लगिनेछ।<br>१.२ सडक नपुगेका प्रमुख वस्ती तथा बजार केन्द्रलाई लक्षित गरी अति जरुरी स्थान मात्र नयाँ ट्र्याक खोलिनेछ।<br>१.३ सडक सञ्जाल निर्माण गर्दा कृषि, पर्यटन तथा उद्योग व्यवसायको समेत प्रवर्द्धन हुने गरी निर्माण गरिनेछ।<br>१.४ वातावरणीय परीक्षण पश्चात विस्तृत परियोजना प्रतिवेदन तयार गरेर मात्र सडक निर्माण र स्तरोन्नति गरिनेछ।<br>१.५ सडक विकास र स्तरोन्नतिसँग कृषि, पशु विकास, उद्योग व्यवसाय विकासका प्याकेज कार्यक्रम संचालन गरिनेछ।<br>१.६ सडकको वर्गीकरण, नामाकरण र मापदण्ड अनुसार चौडा गरी नाला, पुल तथा कल्भर्ट समेत सडकको सहायक संरचना समेत सडकको स्तरोन्नति गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| २. सडकको मापदण्ड, वर्गीकरण, नामाकरण र प्राथमिकताक्रम सहित यातायात गुरुयोजना तर्जुमा/ अद्यावधिक गरी सडक निर्माण र संचालन गर्ने | २.१ भू-उपयोग क्षेत्र र योजना अनुसार भौतिक निर्माणको योजना तर्जुमाको आधारमा सडक विस्तार र स्तरोन्नति गरिनेछ ।<br>२.२ भौतिक योजना तथा यातायात गुरुयोजना तयारगरी सोही अनुसार सडकको मापदण्ड, वर्गीकरण, नामाकरण तथा प्राथमिकता क्रम निर्धारण गरी निर्माण र संचालन गरिनेछ ।<br>२.३ प्राथमिकताका आधारमा सडक निर्माण, मर्मत संभार र यातायात संचालन गरिनेछ ।<br>२.४ स्थानीय प्रशासन, प्रहरी र सरोकारवालाको सहयोगमा सडक क्षेत्राअधिकार स्पष्ट गरी सडक अतिक्रमणलाई निमयन गरिनेछ ।<br>२.५ सडकको मापदण्ड अनुसार सडक निर्माणमा हुने समुदायको सहयोग र अवरोधको आधारमा बजेट विनियोजन र निर्माण गरिनेछ । |
| **ख. आवास भवन तथा शहरी विकास** | |
| १. नगरपालिका र वडा कार्यालय भवन निर्माण गरी सेवा प्रवाह व्यवस्थित र सहज बनाउने | १.१ कार्यालय भवन निर्माणका लागि बजेट विनियोजन गरी जग्गाको व्यवस्थापन गरी वडाहरु तथा निर्धारित स्थानमा कार्यालय निर्माण गरिनेछ ।<br>१.२ कार्यपालिका कार्यालय र वडा कार्यालयको भवन निर्माण गरी विषयगत सेवा प्रवाह र कार्यालय व्यवस्थापनलाई प्रभावकारी बनाइनेछ । |
| २. सुरक्षित तथा सुविधा सम्पन्न वस्तीको विकास गर्ने | २.१ एकिकृत भुउपयोग योजना तयार गरी वस्ती, आवास तथा भौतिक विकासलाई व्यवस्थित र निर्देशित गरिनेछ ।<br>२.२ संभाव्यता अध्ययन र समुदायसँगको साझेदारीमा जग्गा एकीकरण गरी व्यवस्थित वस्ती विकासको शुरुवात गरिनेछ ।<br>२.३ स्थानको छनौट गरी नगर क्षेत्रका प्रमुख ५ स्थानहरु(साविक गाविस)मा प्राथमिकताको आधारमा व्यवस्थित वस्ती विकास तथा आधारभुत पूर्वाधार ( सडक, नाला, खुल्लास्थान, पार्क, पोखरी, शौचालय आदी) विकासको कार्य अगाडी बढाइनेछ ।<br>२.४ नगरपालिकामा वस्ती, शहरी विकास र भवन निर्माण सम्बन्धी आधारभूत मापदण्ड बमोजिम वस्ती विकास, आवास र भवन निर्माण मापदण्ड लागू गरिनेछ र मापदण्ड अनुसार नक्शापास र निर्माण कार्यलाई नियमन गरिनेछ। |
| ३. नगरपालिकाको शहर उन्मुख क्षेत्रमा भौतिक योजना सहित बजारको पूवार्धार विकास गर्ने | ३.१ भूबनौट, क्षमता, उपयुक्तता र मौजुदा भू-उपयोगको आधारमा भू-उपयोग क्षेत्र निर्धारण र सो बमोजिम वस्ती तथा भौतिक विकास योजना तर्जुमा गरी योजनावद्ध तथा व्यवस्थित वस्ती विकासको आधार तयार गरिनेछ।<br>३.२ औद्योगिक ग्राम, बजार, पार्क, आपतकालिन सामाग्री भण्डार गृह लगायत सार्वजनिक पूर्वाधार विकासको लागि स्थान र जग्गाको व्यवस्था गरी निर्माण कार्य क्रमश: संचालन गरिनेछ ।<br>३.३ व्यवस्थित वस्ती विकास र बजार व्यवस्थापनका लागि आधारभूत पूर्वाधारहरुको निर्माण गरी नमूना वस्ती र बजारको विकास गरिनेछ ।<br>३.४ स्थानीय प्रमुख बजार केन्द्रहरुको भौतिक विकास योजना अनुसार आधारभूत पूवार्धार विकास गरिनेछ ।<br>३.५ बजार र वस्ती क्षेत्रमा खुल्ला स्थान समेत हरियाली पार्क, पोखरी र खुल्ला स्थान समेतको व्यवस्था गरिनेछ । |
| **ग. विद्युत तथा वैकल्पिक उर्जा** | |
| १. सवै घरपरिवार र स्थानमा उज्यालो पुऱ्याउने | १.१ विद्युत प्राधिकरणसँग समन्वय र लागत साझेदारीमा विद्युत नपुग भएका घरधुरीमा विद्युत लाइन विस्तार गरिनेछ ।<br>१.२ विद्युत लाईन र पोल जिर्ण भएका स्थानहरुमा जिर्ण पोल र तार मर्मत गरिनेछ।<br>१.३ खुलातार प्रणालीलाई केबल प्रणालीमा रुपान्तरणको लागि सम्बन्धित निकायसँग पैरवी र साझेदारी गरिनेछ ।<br>१.४ वडा कार्यालय, स्वास्थ्य संस्था, विद्यालयहरुमा पावर व्याकअप, इन्टरनेट र इन्ट्रानेटको व्यवस्था गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| २. नवीकरणीय ऊर्जा प्रविधिको विस्तार र प्रवर्धन गरी स्वच्छ उर्जाको पहुँच र उपयोग बृद्धि गर्ने | २.१ वैकल्पिक उर्जा सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड र योजना तर्जुमा गरी कार्यान्वयन र नियमनको व्यवस्था गरी स्वच्छ उर्जामा पहुँच बृद्धि गरिनेछ।<br>२.२ दाउराको प्रयोगलाई कम गर्दै लैजान वायोग्यास, सुधारिएको चुलो, बायो ब्रिकेट जस्तो जैविक उर्जा प्रविधिको प्रवर्द्धन एवं विस्तार गरिनेछ ।<br>२.३ गरिब तथा विपन्न वर्गसम्म नवीकरणीय ऊर्जा प्रविधिको सुलभ र सरल पहुँच पुऱ्याउन प्रवर्द्धनात्मक र प्रोत्साहन कार्यक्रमहरू सञ्चालन गरिनेछ। |
| **घ. सुचना तथा सञ्चार** | |
| १. इन्टरनेट सेवाको पहुँच अभिबृद्धि गर्ने | १.१ नगर कार्यपालिका, वडा कार्यालय, स्वास्थ्य संस्था र विद्यालयमा उपलब्ध इन्टरनेटको क्षमता वृद्धी गरी सेवाको विस्तार तथा गुणस्तरमा सुधार गरिनेछ।<br>१.२ सवै विद्यालय, स्वास्थ्य संस्था र प्रमुख टोलहरुमा इन्टरनेट सेवा नियमित तथा सुचारु गरिनेछ ।<br>१.३ कार्यपालिका कार्यालय, वडा कार्यालय, विद्यालय र स्वास्थ्य संस्था मुख्य बजारमा सिसिटिभी क्यामेरा जडान गरिनेछ । |
| २. टेलिफोन सेवा प्रभावकारी बनाउने | २.१ ल्याण्डलाइन टेलिफोन र अप्टिकल फाइबर प्रविधिको इन्टरनेट विस्तार सञ्चालन र विस्तार गर्न नेपाल टेलीकम र अन्य सेवा प्रदायक संस्थासँग छलफल, समन्वय र पैरवी गरिनेछ ।<br>२.२ टेलिफोन टावरको संख्या र क्षमता बृद्धि गर्न टेलिकम सेवा प्रदायकसँग समन्वय र पैरवी गरिनेछ ।<br>२.३ विद्यालय तथा स्वास्थ्य संस्थाहरुमा इन्टरनेट सुविधा जडान गर्ने र सूचना प्रविधिमा आधारित भई पठनपाठन र स्वास्थ्य सेवा प्रवाहको व्यवस्था गरिनेछ। |
| ३. सूचना तथा सेवा प्रवाहलाई सूचना प्रविधि बनाउने | ३.१ राजस्व, प्रशासन, योजना, खरिद व्यवस्थापन तथा स्थानीय तथ्याङ्क सम्बन्धी सूचना व्यवस्थापन प्रणाली तयार गरी सूचना प्रविधिमा आधारित भई सेवा प्रवाह शासन संचालनको व्यवस्था गरिनेछ ।<br>३.२ स्थानीय संचार माध्यम र संचारकर्मीको क्षमता विकास गरी नगरपालिकालाई मिडियामैत्री बनाइने छ ।<br>३.३ एफएम रेडियो, पत्रपत्रिका र वेवसाइटलाई सम्पादित योजना, कार्यक्रम र गतिविधि प्रकाशन र प्रसारणको लागि सूचना र संचारको प्रमुख माध्यमको रुपमा विकास गरिनेछ ।<br>३.४ नगरपालिकाको मुखपत्रको रुपमा राप्ती विकास बुलेटिन नियमित प्रकाशनको व्यवस्था गरिनेछ ।<br>३.५ पदाधिकारी तथा सेवाग्राही रेडियो संवाद कार्यक्रम नियमित रुपमा संचालन गरिनेछ ।<br>३.६ स्थानीय नीति, कानून, नियम र कार्यविधि, निर्णय, विकास कार्य संचालन, उपलब्धी, सफल अभ्यास बारे पत्रकार संवाद, पत्रपत्रिका, रेडियो र टिभिमा नियमित प्रकाशन र प्रसारणको व्यवस्था गरिनेछ ।<br>३.७ पदाधिकारी र कर्मचारीको सूचना प्रविधि र विद्युतीय सुशासन तथा सेवा प्रवाहबारे क्षमता विकास गरिनेछ । |

## ६.५ प्रमुख रणनीतिक कार्यक्रम (कार्यान्वयन योजना)

राणनितिक बिकास योजनाको अपेक्षित नतिजा प्राप्त गर्न नगरपालिकाको स्रोत, स्थानीय संघसंस्था, समुदाय, निजी क्षेत्र, प्रदेश तथा संघ सरकारसँग साझेदारी र सहकार्य गरी योजना अवधीमा प्राथमिकता आधारमा देहायअनुसारको रणनीतिक कार्यक्रम संचालन गरिने छ ।

## पूर्वाधार बिकास कार्यान्वयन योजना

| क.स. | लक्ष्य अनुसार प्रस्तावित क्रियाकलाप | स्थान तथा लाभान्वित समुदाय | इकाई | लक्ष्य (परिणाम) | | | | | वजेट (रु.हजारमा) | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ८१/८२ | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ८१/८२ | जम्मा |
| १ | उत्तराखण्ड कृषि सडक वडा न.४र५ जोडने पुल देखि खहरे खोला राजर्मार्ग सम्म | ५ | कि.मि. | १ | १ | १ | ० | ० | ५००० | ५००० | १०००० | १०००० | ० | ३०००० |
| २ | पुर्बी चितवन रिङ्गरोड | | कि.मि. | १ | १ | १ | १ | १ | ४०००० | ४०००० | ६०००० | ६०००० | १००००० | ३००००० |
| ३ | चुवाखोला पुल निमार्ण | | वटा | ० | १ | १ | ० | ० | ० | १५००० | १५००० | ० | ० | ३०००० |
| ४ | झोलुङ्गे पुल निमार्ण | ७,९,१०, ११,१२ र१३ | वटा | १ | १ | १ | १ | १ | ५००० | ५००० | ५००० | ५००० | ५००० | २५००० |
| ५ | परेवाकोट,थाकलटार, भण्डारा रिङ्ग रोड निर्माण तथा स्तरउन्नती | | कि.मी. | १ | १ | १ | १ | १ | २०००० | २०००० | २०००० | २०००० | २०००० | १००००० |
| ६ | जुवाखोला पुल निमार्ण तथा तट्बन्धन | ६ | वटा | ० | १ | १ | १ | १ | ० | ५००० | ५००० | ५००० | १०००० | २५००० |
| ७ | पाम्पा खोला River Training, service Roods | ७ | कि.मि. | १ | १ | १ | १ | १ | १०००० | १०००० | १०००० | १०००० | १०००० | ५०००० |
| ८ | टि.सि.एन मार्ग पिच | ७ | कि.मि. | १ | १ | १ | १ | १ | २०००० | २०००० | २०००० | २०००० | २०००० | १००००० |

| क्र.स. | लक्ष्य अनुसार प्रस्तावित क्रियाकलाप | स्थान तथा लाभान्वित समुदाय | इकाई | लक्ष्य (परिणाम) | | | | | वजेट (रु.हजारमा) | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ८१/८२ | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ८१/८२ | जम्मा |
| ९ | सहिद मार्ग | ७,८ | कि.मि. | १ | १ | १ | १ | १ | १५००० | १५००० | १५००० | १५००० | १५००० | ७५००० |
| १० | ज्योतीमार्ग नाला तथा पिच सडक | ७ | कि.मि. | १ | १ | १ | १ | १ | १०००० | १०००० | १०००० | १०००० | १०००० | ५०००० |
| ११ | ३०० क्षमताको सभा हल निमार्ण | ५ | वटा | ० | ० | १ | १ | १ | ० | ० | २०००० | २०००० | २०००० | ६०००० |
| १२ | पानीसराढाप दुधकोशी खोलामा पक्की पुल | ९ | वटा | ० | १ | १ | १ | १ | ० | ५००० | ५००० | ५००० | ५००० | २०००० |
| १३ | च्यात्रा ,दुधकोश र लदरा खोलामा तटबन्धन | ९ | कि.मि. | १ | १ | १ | ० | ० | ५००० | ५००० | १०००० | ० | ० | २०००० |
| १४ | पानीसराढाप पिपुल्स भ्यू टावर निमार्ण | ९ | वटा | १ | १ | १ | १ | १ | १०००० | १०००० | २०००० | २०००० | २०००० | ८०००० |
| १५ | चिप्लेटी किनारटार ठकुरी भन्ज्याङ मोटर वाटो निमार्ण | १० | कि.मी | १ | १ | १ | १ | १ | १०००० | १०००० | २०००० | २०००० | २०००० | ८०००० |
| १६ | सिकारी टार दोवाटे किनरटार मोटर वाटो निमाण | १० | कि. मि | १ | १ | १ | १ | १ | ५००० | ५००० | ५००० | १०००० | १५००० | ४०००० |
| १७ | फेदि खोला पक्की पुल निमार्ण | १० | वटा | ० | ० | १ | १ | १ | ० | ० | १०००० | ५००० | ५००० | २०००० |
| १८ | काली खोला पक्की पुल निमाण | १० | वटा | ० | ० | १ | १ | १ | ० | ० | ५००० | १०००० | ५००० | २०००० |
| १९ | भण्डरा - मलेखु चेपाङ मार्ग ढलान | ११ | कि.मि | १ | १ | १ | १ | १ | २०००० | २०००० | २०००० | २०००० | २०००० | १००००० |
| २० | चेपाङ र तमाङ साँस्कृतिक संग्रालय निमार्ण | १२ | वटा | ० | ० | १ | १ | १ | ० | ० | १५००० | १०००० | ५००० | ३०००० |

| क.स. | लक्ष्य अनुसार प्रस्तावित क्रियाकलाप | स्थान तथा लाभान्वित समुदाय | इकाई | लक्ष्य (परिणाम) | | | | | वजेट (रु.हजारमा) | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ८१/८२ | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ८१/८२ | जम्मा |
| २१ | राष्ट्रिय विधुत लाईन विस्तार | ११,१२ र १३ | कि.मी. | १ | १ | १ | १ | १ | २०००० | २०००० | २०००० | ४०००० | ५०००० | १५०००० |
| २२ | खैरेनी ९ डाढागाँउ देखि पानीसराढाप मार्ग कालो पत्रे नाला निमार्ण | ८ | कि.मि | ० | १ | १ | १ | १ | ० | ५००० | ५००० | ५००० | ५००० | २०००० |
| २३ | तिनकुने चोक देखि हिमचुली चोक सम्म नाला सहित कालो पत्रे सडक | ८ | कि.मि | १ | १ | १ | १ | १ | १०००० | १०००० | १०००० | १०००० | १०००० | ५०००० |
| २४ | पूवी पम्फा टोल पुवा पट्टीको पुरै तटबन्धन | ६ | कि.मि | १ | १ | १ | १ | १ | ३००० | ३००० | ३००० | ३००० | ३००० | १५००० |
| २५ | सुकम्बासी कुलो कंक्रिट वाल ननमााण | | कि.मि | १ | १ | १ | १ | १ | १००० | १००० | १००० | १००० | १००० | ५००० |
| २६ | हदी कुलो कंक्रिट वाल | | कि.मि | १ | १ | १ | १ | १ | १००० | १००० | १००० | १००० | १००० | ५००० |
| २७ | सुरदेवी ब्रह्मस्थानी (नयाँ निमार्ण) बाटो ढलान | २ | कि.मि | ० | ० | १ | १ | १ | ० | ० | १०००० | १०००० | १०००० | ३०००० |
| २८ | शान्ति एकता मध्यबर्ती सा.बनमा प्राकृतिक चिडियाखाना | | वटा | ० | १ | १ | ० | ० | ० | ५००० | २५०० | ० | ० | ७५०० |
| २९ | गइयोनी - परेवाकोट पैदल मार्ग | | किमी | ० | ० | १ | १ | ० | ० | ० | ५००० | ५००० | ० | १०००० |
| ३० | कमिनचुलि डाँडा तथा नोकु गुफा पर्यटन मार्ग | | किमी | ० | १ | १ | १ | ० | ० | १०००० | १०००० | १०००० | ० | ३०००० |

| क.स. | लक्ष्य अनुसार प्रस्तावित क्रियाकलाप | स्थान तथा लाभान्वित समुदाय | इकाई | लक्ष्य (परिणाम) | | | | | वजेट (रु.हजारमा) | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ८१/८२ | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ८१/८२ | जम्मा |
| ३१ | शान्ति कुन्ज - पिसपार्क निमार्ण | | वटा | ० | ० | १ | ० | ० | ० | ० | ५००० | ५००० | ० | १०००० |
| ३२ | पानी सराढाप पिपुल्स पार्क | | वटा | ० | १ | १ | ० | ० | ० | २५०० | २५०० | ० | ० | ५००० |
| ३३ | खुरखुरे - किरनटार -कमिनचुली - कान्दा -कालिटार पर्यटन मार्ग | १०, १३ | किमी | १ | १ | १ | १ | १ | १०००० | १०००० | १०००० | १०००० | १०००० | ५०००० |
| ३४ | परेवाकोट -पर्यटकिय क्षेत्र विकास कार्यक्रम | | वटा | १ | १ | १ | ० | ० | २५०० | २५०० | १३०० | ० | ० | ६३०० |
| ३५ | पुरानो सडक स्तरउन्नती | | कि.मि | १ | १ | १ | १ | १ | १०००० | १०००० | १०००० | १०००० | १०००० | ५०००० |
| ३६ | पर्यटन गन्तन्यमार्ग तथा DPR तयार तथा निमार्ण | १,४,५,६,७,८,९,१० | कि.मि | १ | १ | १ | १ | १ | ३०००० | ३०००० | ३०००० | ३०००० | ३०००० | १५०००० |
| ३७ | हर्दि (धमौरा ढुङ्गे खोला पुल | | वटा | ० | ० | १ | १ | १ | ० | ० | ५००० | ५००० | १०००० | २०००० |
| ३८ | खानेपानी सिक्रिवाङ कावर | | वटा | ० | ० | ० | १ | १ | ० | ० | ० | १०००० | १०००० | २०००० |
| ३९ | ग्राभेलिङ भइ सकेको सडकलाई कालो पत्रे गर्ने | सबै वडा | कि.मि | १ | १ | १ | १ | १ | २०००० | ५०००० | ५०२०० | ६०००० | ८०००० | २६०२०० |
| ४० | धुले माटो सडकलाई ग्राभेलिङ गर्ने | सबै वडा | कि.मि | १ | १ | १ | १ | १ | ३०००० | ३०००० | २०००० | ३०००० | ४०००० | १५०००० |
| | कुल जम्मा | | | | | | | | ३१२५०० | ३९०००० | ५०१५०० | ५२०००० | ५७५००० | २२९९००० |

# परिच्छेद ७
# वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र

## ७.१ पृष्ठभूमि

नेपालको संविधानको भाग ३, धारा ३० ले नागरिकको स्वच्छ वातावरणमा बाँच्न पाउने मौलिक हकलाई प्रत्याभूत गरेको छ भने प्राकृतिक स्रोतको संरक्षण, संवर्द्धन र उपयोगसम्बन्धी नीति अन्तर्गत प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्नु पूर्व सूचना, तयारी, उद्धार, राहत एवं पुनर्स्थापनाको व्यवस्था रहेको छ । विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६ ले विपद् पूर्व तयारीसम्बन्धी अवधारणाको प्रभावकारी कार्यान्वयन मार्फत् विपद् जोखिम न्यूनीकरणको सुनिश्चितता गर्ने ध्येय सहितको विपद् उत्थानशील राष्ट्र निर्माणको दीर्घकालीन सोच राखेको छ । संविधानले वातावरण व्यवस्थापन, राष्ट्रिय वन नीति, कार्बन सेवा, वातावरण अनुकूलन संघको एकल अधिकार क्षेत्रभित्र राखेको छ भने प्राकृतिक तथा गैर प्राकृतिक विपद् पूर्व तयारी, उद्दार तथा राहत पुनर्लाभलाई संघ तथा प्रदेशको साझा अधिकारको सूचीमा राखेको छ। संविधानको अनुसूची ८ ले विपद् व्यवस्थापन तथा जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण, वातावरण संरक्षण, जैविक विविधतालाई स्थानीय तहको एकल अधिकारको सूचीमा राखेको छ । उपरोक्त संवैधानिक तथा नीतिगत कार्यसूचीको आधारमा समुदायमा आधारित संस्था र समूहको संस्थागत क्षमता विकास तथा प्रदेश र संघीय सरकारका सम्बन्धित निकायसँग समन्वय र सहकार्य गरी योजना तर्जुमा, कार्यान्वयन र नतिजाको मापन गर्नु व्यवस्थित र प्रभावकारी बनाइनेछ ।

संविधान, संघ र प्रदेश र स्थानीय नीति र कानूनी प्रावधान एवम् दीगो विकासका लक्ष्य जस्ता अन्तर्राष्ट्रिय लक्ष्य र प्रतिवद्धतासमेत हासिल गर्नस्थानीय तहहरूको भूमिका अत्यन्त महत्वपूर्ण रहेको छ। वन, वातावरण, भूसंरक्षण तथा जलाधार व्यवस्थापन, जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम व्यवस्थापन क्षेत्रको लक्ष्य, उद्देश्य र रणनीतिसहित क्षेत्रगत मार्गचित्र स्पष्ट गर्न विषय क्षेत्रगत योजनाका रुपमा यस योजना तर्जुमा गरिएको छ। योजनामा उपरोक्त विषय क्षेत्रसँग सम्बन्धित संभावना, अवसर, समस्या तथा चुनौती सहित विद्यमान अवस्था, विषय क्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति एवम् रणनीतिक महत्वका कार्यक्रम तथा आयोजनासमेत संलग्न गरिएकोछ।

## ७.२ वर्तमान अवस्था

### ७.२.१ वन तथा जैविक विविधता

#### क) विद्यमान अवस्था, संभावना र अवसर

यस नगरपालिकाको कूल भू-भाग मध्ये करिब ५६.०९ प्रतिशत क्षेत्रफल बनजंगलले ओगटेको छ। तराई तथा उच्च पहाडी भू–धरातल रहेको यस नगरपालिका क्षेत्रमा सामुदायिक बन करिव १०९७९.६६ हेक्टर, मध्यवर्तिय ५३० हेक्टर र कबुलियती बन २९५ हेक्टर रहेको छ ।

वन र हरियालीले जनजीवनमा दैनिक आवश्यक पर्ने काठ, घाँसदाउराका अतिरिक्त भूक्षयको नियन्त्रणमा महत्वपूर्ण योगदान पुऱ्याउँछ । यसैगरी कार्वन सिक्वेट्रेशनको माध्यमद्धारा वातावरणीय स्वच्छता कायम गर्नुका साथै कार्वन संचिती गरी कार्वन व्यापारको अवसर समेत उपलब्ध गराउनेछ । हरियाली, स्वच्छता तथा जैविक विविधतायुक्त हरियाली क्षेत्र, सुन्दर गाउँ र वस्तीहरुमा ग्रामीण तथा पर्यापर्यटनको विकास गर्न सकिने सम्भावना रहेको छ ।

यस नगरपालिकामा जडिबुटी तथा गैर काष्ठ तथा काष्ठ वन पैदावारको समुचित खेति र प्रवर्धन गरी वनजन्य उद्यमको विकास गरी जीविकोपार्जनमा सुधार गर्न सकिने सम्भावना रहेको छ। यस नगरपालिका क्षेत्रमा कृषि तथा घरायसी प्रयोग बाहेक अन्य क्षेत्रबाट हुने कार्वन उत्सर्जन नगण्य रहेको छ। वन क्षेत्रमा विद्यमान यस सम्भावनालाई यथार्थमा रुपान्तरण गर्न वन, जैविक विविधता र संरक्षणसम्बन्धी प्राविधिक ज्ञान, सीपमा बृद्धि गर्नुपर्ने आवश्यकता रहेको छ ।

#### ख) समस्या तथा चुनौति

यस नगरपालिकाको कूल भू-भाग मध्ये करिब ५६.०९ प्रतिशत क्षेत्रफल बनजंगलले ओगटेको छ । कुनै पनि क्षेत्रमा वातावरणीय सन्तुलन कायम राख्न सामान्यतः कुल क्षेत्रफलको कम्तीमा ४० प्रतिशत भूमिमा वन क्षेत्र ढाकेको हुनु

पर्ने मान्यता रहेको छ । तर नगरपालिकाको हकमा नगर क्षेत्रको कुल भुभाग मध्ये ५६.०९ प्रतिशत मात्र क्षेत्र बोटविरुवाले ढाकेको छ । हालसम्म नगरपालिकामा सामुदायिक,मध्यवर्तिय, कबुयिति तथा निजी वन दर्ता भएको र व्यवस्थित रुपमा संचालनमा रहेको देखिन्छ । वन, हरियाली, वातावरण र जलश्रोतहरुको व्यवस्थापनमा जनप्रतिनिधि, आम उपभोक्ताहरुमा सचेतना र क्रियाशिलताको कमी रहेको छ ।

जलवायुजन्य विषम परिणाम (Climate Extremities) तथा अनिश्चितता (Climate Uncertainaties) लाई सम्बोधन गर्न नगरपालिका तथा स्थानीय नागरिकमा ज्ञान, सीप र संयन्त्रको कमी रहेको छ । अव्यवस्थित भू-उपयोग तथा अनियन्त्रित भौतिक पूर्वाधार विकासमा बृद्धि, प्राकृतिक श्रोतहरूको दोहन र प्रदूषण, वन हरियाली तथा वातावरणसम्बन्धी एकीकृत योजना तर्जुमा, कार्यान्वयन र सोको नतिजामूलक अनुगमन तथा मूल्याङ्कन हुन नसक्नु लगायतका कारणले वातावरण ह्रासउन्मुख रहेकाछ । वन तथा हरियाली विकास गरी यसबाट यथोचित लाभ लिन नसक्नु, कृषियोग्य उर्वर जमीन अतिक्रमण गरी पूर्वाधार संरचना निर्माण हुनु, विकास कार्यहरू वातावरणमैत्री नहुनु लगायतका समस्याहरू यस क्षेत्रका थप समस्याका रुपमा रहेका छन् ।

वन र वातावरण संरक्षण र व्यवस्थापन प्रतिको जिम्मेवारी बोधमा ह्रास तथा उदासिनता बढ्दोक्रममा रहेका छ । चरिचरन क्षेत्रको उचित व्यवस्था नहुँदा पशुपालन व्यवसायिक हुन सकेको छैन । दैनिक जीवनयापनका लागि काठ दाउराको उपलब्धता, निजी तथा सार्वजनिक जग्गामा जडिबुटी लगायत कृषि वनमा आधारित आयमूलक क्रियाकलाप संचालन गर्नु तथा वन क्षेत्रलाई ग्रामीण तथा पर्यापर्यटनको आकर्षण केन्द्र बनाउनु यस क्षेत्रका प्रमुख चुनौतिहरु हुन्।

### ७.२.२ भू संरक्षण तथा जलाधार व्यवस्थापन

#### क) विद्यमान अवस्था, संभावना र अवसर

यस नगरपालिकामा लोथर, राप्ती, ढुङ्ग्रे,पम्फा,काली धारापानी,सुखा,मर्ताल, देउटार,रेउति र च्यात्राङ्ग जस्ता मुख्य खोलाहरु रहेका छन् । बर्षातको बेलामा पानीको बाहाव बडने हुर्दा राप्ती नगरपालिकामा ढुवानको संभावना रहन्छ । यसको अलवा सिंचाई सुविधा उपलब्ध भएको र आयआर्जनमा सहयोग पुगेको छ । उपरोक्त नदि तथा खोलानाला, कृषि वन, बोटविरुवाको कारण जमीनको उर्वरशक्ति तुलनात्मक रुपमा उर्वर रहेको छ । हरियाली विस्तार र प्रवर्धन, भू तथा जलाधारको संरक्षण र व्यवस्थापनको माध्यमद्धारा नगरपालिकाको आर्थिक विकास र वातावरणीय सन्तुलन कायम गर्न सकिने संभावना रहेको छ ।

सहकार्य र समन्वयको माध्यमद्धारा तिनै तहका सरकारले भूसंरक्षण तथा हरियाली व्यवस्थापन कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्न सकिने संभावना रहेको छ । जल, जमीन र हरियाली संरक्षण र व्यवस्थापनलाई भू तथा जलाधार व्यवस्थापनको अवधारणाबाट संचालन गरी उपरोक्त उपक्षेत्रमा प्रभावी नतिजा हासिल गर्न सकिने संभावना रहेको छ ।

#### ख) समस्या तथा चुनौति

जल, जमीन र हरियाली क्षेत्रको पहिचान, नक्शाङ्कन, संरक्षण र व्यवस्थापन योजना तथा कार्यक्रम तर्जुमा हुन सकेको छैन । फलस्वरुप उक्त श्रोतको वैज्ञानिक व्यवस्थापन तथा दीगो संरक्षण सकेको छैन । नगर क्षेत्रमा तटबन्धन, नदी नियन्त्रण र हरियाली सम्बन्धी कार्यक्रम र बजेटको व्यवस्था नगण्य मात्रामा रहेको छ । हरियाली, जमीन, जलश्रोतको संरक्षण र व्यवस्थापन गरी पानीको भण्डारण तथा जमीनको उर्वराशक्ति बढाउनु आवश्यक रहेको छ । वातावरण ऐन र नियमको व्यवस्था बमोजिम वातावरणीय परीक्षणको व्यवस्था पालना हुन सकेको छैन । सडक तथा पुल, सिंचाई नहर तथा खानेपानी र भवन निर्माण लगायत भौतिक संरचना विकासमा संरक्षणलाई ध्यान दिएको पाइदैन । भू तथा जलाधार संरक्षण र व्यवस्थापनलाई विकासका पूर्वाधार निर्माणको साझा विषयको रुपमा लिई प्राथमिकता अनुसार संचालन हुन नसक्नु, भू-उपयोग, जलश्रोत र सार्वजनिक जग्गाको व्यवस्थापन योजना नहुनु, तिनै तहका सरकार र सरोकारवाला निकायहरु बीच समन्वय र निर्वाचित पदाधिकारी, कर्मचारी र स्थानीय समुदायको ज्ञान, सीप र अनुभवमा कमी यस क्षेत्रका प्रमुख चूनौतिको रुपमा रहेका छन् ।

### ७.२.३ वातावरण तथा स्वच्छता

क) विद्यमान अवस्था, संभावना र अवसर

यस नगरपालिकामा जल, जमीन, वायु सामान्यतः स्वच्छ रहेको छ। प्लाष्टिकजन्य सामाग्रीको प्रयोग र प्रदूषणको स्थिति प्रारम्भिक अवस्थामा रहेको छ। तसर्थ प्लाष्टिकजन्य सामाग्रीको प्रयोगलाई समयमै प्रतिस्र्थापन र व्यवस्थापन गरी वातावरणीय स्वच्छता कायम राख्न सकिने अवस्था छ। इन्धनको उपयोगमा विद्युत तथा एलपी ग्यासको प्रयोग बढ्दै गएता पनि यस नगरपालिकामा अझैपनि ३६ प्रतिशत घरपरिवारले इन्धनको प्रमुख स्रोतको रुपमा दाउराको प्रयोग गरिरहेको अवस्था छ। नगरपालिका क्षेत्रमा निजी घर तथा संस्थागत फोहोर संकलनको लागि कम्पोष्ट विन, पिट, ल्याण्डफिल साइट आवश्यकता देखिएको छ। नगरपालिकामा क्षेत्रको सार्वजनिक स्थान र निजी खेतबारीमा बोट विरुवा र हरियालीको अवस्था कायम गरी वातावरण स्वच्छता कायम गर्न आवश्यक देखिन्छ। संघीय संरचना अनुसार वातावरण, स्वच्छता र हरियाली प्रवर्धन सम्बन्धी ऐन, नियम र निर्देशिका उपलब्ध रहेको र आवश्यकता अनुसार निर्माण हुने क्रममा रहेका छन्।

ख) समस्या तथा चुनौति

नगरपालिका क्षेत्रमा प्लाष्टिकजन्य सामाग्री तथा बोतलहरुको प्रयोग बढ्दै गएको छ। दैनिक उत्सर्जन हुने प्लाष्टिकजन्य पदार्थ तथा बोतल गर्दा फोहोरमैला र वातावरणीय प्रदूषण बढ्दो क्रममा रहेको छ। कुहिने तथा नकुहिने फोहोरमैलाको वर्गीकरण, नकुहिने फोहोरको पुनः प्रयोग र फोहोर प्रशोधन तथा व्यवस्थापन गर्ने बानी, व्यवहार र पूर्ण सरसफाइको नियमित अभ्यासमा कमी रहेको छ। फोहोर वर्गीकरण तथा पुनःप्रयोग, प्लाष्टिक, सिसा तथा बोतलको उपयोग निरन्तर बढ्दै जाँदा प्लाष्टिक र प्लाष्टिकजन्य पदार्थहरु जलाउने अभ्यास रहेको हुँदा वायु प्रदूषित हुनुका अतिरिक्त मानव स्वास्थ्यमा समेत असर पुग्ने भएकाले फोहोर व्यवस्थापनका लागि स्पष्ट अवधारणा र प्रक्रियासहित अघि बढ्नुपर्ने देखिन्छ।

कृषि भूमिमा जैविक मल प्रयोग घट्दै गएको भने रासायनिक मलको प्रयोग बढ्दै गएको छ। यसबाट कृषि भूमिको गुणस्तरमा ह्रास हुँदै गएको छ। यसैगरी कृषि उत्पादनमा विषादीको प्रयोग पनि बढ्दै गएको छ। फलस्वरुप मानव स्वास्थ्यमा नकारात्मक असर परिरहेको छ। स्वास्थ्य संस्था तथा संस्थागत क्षेत्रबाट उत्पादन हुने फोहोर व्यवस्थापन प्रभावकारी नहुँदा प्रदूषण बढ्दै गएको छ। खाली स्थान, खोला खोल्सी, नहर र कृषि क्षेत्रमा जथाभावी फोहोर फाल्ने तथा फोहोर जम्मा गरेर खोलामा बगाउने चलन रहेको हुँदा जल प्रदूषण पनि बढ्दो क्रममा रहको छ। यसलाई व्यवस्थापन गर्न राजनैतिक नेतृत्व, निर्वाचित जनप्रतिनिधि र समुदायमा सचेतना र क्रियाशिलतामा कमी रहेकोछ।

### ७.२.४ विपद् जोखिम व्यवस्थापन

क) विद्यमान अवस्था, संभावना र अवसर

महाभुकम्प २०७२ पश्चात् निजी आवास तथा सार्वजनिक भवन निर्माणमा भूकम्प प्रतिरोधी संरचना र प्रविधिको अभिबृद्धिसँगै भूकम्पीय जोखिम दृष्टिकोणले सुरक्षित निर्माणको कार्य संस्थागत हुँदै गएको छ। नगर प्रमुखको संयोजकत्वमा स्थानीय विपद् व्यवस्थापन समिति गठन र संचालनमा रहेको छ। नगरपालिका र नेपाल रेडक्रस सोसाइटी, स्वास्थ्य संस्था र विद्यालय बीच विपद् पूर्वतयारी तथा व्यवस्थापन सम्बन्धमा समन्वय र सहकार्य भइरहेको छ। नगरपालिकामा आपतकालिन अवस्थाको लागि सवै स्वास्थ्य संस्थामा र विद्यालयमा स्थानीय व्यक्ति समेतको संलग्नतामा Quick Response Team (QRT) व्यवस्था गर्नु आवश्यक छ। नेपाल रेडक्रससँगको सहकार्यमा नगरपालिकास्तरमा खोज उद्दार तालिम प्रदान गरिएको छ भने स्थानीय प्रतिकार्य दल निर्माण र खोज उद्दारका लागि सामग्रीको भण्डारण शुरु गरिएको छ।

समुदायमा आधारित विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि नेपाल रेडक्रस सोसाइटी र अन्य संघ/संस्था मार्फत तालिम लगायत स्थानीय समुदायको क्षमता अभिबृद्धिका विभिन्न कार्यक्रम सञ्चालन गरिएका छन्। स्थानीय समुदायमा विपद् व्यवस्थापनसम्बन्धी परम्परागत ज्ञान, सीप र सचेतनामा बृद्धी हुँदै गएको छ। यस नगरपालिकामा मुख्यतया ११ ठुला साना खोला रहेका छन् र यसबाट सिंचाई सुविधा विस्तार गर्न तथा खडेरी न्युनीकरण गर्न लागि पानीको श्रोतको रुपमा प्रयोग गर्न सकिने देखिन्छ।

### ख) समस्या तथा चुनौति

यस नगरपालिकामा बाढी तथा डुवान,आगलागी, हावाहुरी, चट्याङ, भूकम्प, खडेरी तथा असिना प्रमुख प्रकोपको रुपमा रहेका छन् । यी मध्ये बाढी तथा डुवान, चट्याङ, हावाहुरी र खडेरी, वार्षिक रुपमा दोहोरीरहने प्रमुख प्रकोपको रुपमा रहेका छन् भने अन्य प्रकोपहरुको आवृत्ति पनि उच्च रहेको छ । नेपालका अन्य क्षेत्रमा जस्तै यस नगरपालिका क्षेत्रमा एकातिर विपद्जन्य घटनाका आवृत्ति (frequency) तथा सघनता (intensity) बढ्दै गएको छ भने अर्कोतिर विपद्सम्बन्धी प्रर्याप्त ज्ञान र सूचनाको कमी रहेको छ भने विकास प्रक्रिया विपद् उत्थानशील हुन सकेको छैन । भू-उपयोग योजना तर्जुमा भई सो बमोजिम वस्ती विकास र भौतिक विकास तथा वैज्ञानिक रुपमा भूमिको उपयोग हुन नसक्दा विकासका प्रयासहरू दीगो हुने जोखिम रहेको छ । विपद् प्रतिकार्यका लागि सामुदायिक तथा संस्थागत क्षमतामा कमी हुनु विपद् व्यवस्थापनमा नगरपालिकाको प्रमुख चुनौतिको रुपमा रहेको छ ।

विभिन्न प्रकारका विपद्हरुको जोखिमको समस्या रहेको यस नगरपालिकामा विपदको समय र पछि सुरक्षित हुनका लागि सुरक्षित र सामुदायिक आश्रयस्थल नहुनु र विपद् पूर्वतयारी, न्यूनीकरण तथा प्रतिकार्यमा स्थानीय तथा समुदायस्तरमा ज्ञान, सीप र संयन्त्रको कमी रहेको छ । यस क्षेत्रमा जलवायु परिवर्तनजन्य जोखिम उच्च तर जलवायु परिवर्तन अनुकुल कृषि बाली तथाा प्रणालीको विकास र विस्तार हुन सकेको छैन ।

## ७.३ लक्ष तथा उद्धेश्य

यस नगरपालिकाको वातावरण तथा विपद व्यवस्थापन क्षेत्रको लक्ष्य देहायअनुसार रहेको छ ।

- जमीन, हरियाली र जलश्रोतको दीगो व्यवस्थापन र समुत्थानशिलता सुनिश्चित हुने

नगरपालिकाको वातावरण तथा विपद व्यवस्थापन क्षेत्रको उद्देश्यहरु देहायअनुसार रहेका छन्:

- वन तथा हरियाली क्षेत्रमा बृद्धि हुने
- जल, जमीन तथा जलाधारका अन्य श्रोतको संरक्षण तथा उपयोगमा बृद्धि हुने
- पर्यावरणीय स्वच्छता, सुन्दरता र जलवायु परिवर्तन अनुकुलतामा अभिबृद्धि हुने
- विपद् जोखिम, विपद्जन्य क्षति र जलवायु परिवर्तनको असर न्यूनीकरण हुने

## ७.४ रणनीति तथा कार्यनीति

दीर्घकालीन सोचतर्फ उन्मुख भई नगर विकासको समष्टिगत लक्ष्य तथा उद्देश्य हासिल गर्न नगरपालिकाको संस्थागत क्षमता विकास एवं सरोकारवालासँग समन्वय, सहकार्य र साझेदारी अभिबृद्धि गरी रणनीति विकास योजनाको प्राथमिकता तथा रणनीति कार्यान्वयन गरिने छ । योजनाको लक्ष्य तथा उद्देश्य प्राप्तिका लागि आर्थक क्षेत्रतर्फ देहाय अनुसारका रणनीति तथा कार्यनीतिहरू अवलम्बन गरी रणनीतिक कार्यक्रम कार्यान्वयन गरिने छ ।

*तालिका १०: वातावरण तथा विपद् व्यवस्थापनका लागि रणनीति तथा कार्यनीति*

| रणनीति | कार्यनीति |
|---|---|
| **क. वन व्यवस्थापन** | |
| १. सार्वजनिक खाली जग्गामा वृक्षारोपण गनुको साथै एक घर २ विरुवा राप्ने र हरेक वडा हरियाली क्षेत्र स्थापना गर्ने | १.१ सामुदायिक बन तथा सार्वजनिक खाली जग्गामा वृक्षारोपण गरी वन र हरियाली क्षेत्र विस्तार गरिनेछ ।<br>१.२ सडक तथा नहरको दायावाया, खोला किनार, विद्यालय, स्वास्थ्य तथा अन्य सार्वजनिक स्थानमा वृक्षारोपण गरी हरियाली कायम गरिनेछ ।<br>१.३ स्थानीय स्तरमा नर्सरी स्थापना व्यवस्थापन गरी खाली सार्वजनिक तथा निजी जग्गामा वृक्षारोपण गरी हरियाली प्रवर्धन गरिनेछ ।<br>१.४ वातावरणीय परीक्षण मूल्यांकन र त्यसका सिफारिशहरुको कार्यान्वयन गरी संरचना निर्माण वातावरणीय पक्षको सुनिश्चिता गरिनेछ गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | १.५ वन, हरियाली र वनमा आधारित उद्यम प्रवर्धन र विकासका लागि संघ तथा प्रदेश सरकारका सम्बन्धित कार्यालयसँग समन्वय र सहकार्यमा अभिबृद्धि गरिनेछ । |
| २. वनमा आधारित उद्यम सिर्जना र आयमूलक कार्यक्रम संचालन गरी रोजगारी र आम्दानीको श्रोत बृद्धि गर्ने | २.१ स्थानीय लक्षित समुदायको साझेदारी र निजी क्षेत्रसँग समन्वय गरी कुरिलो, लगायत प्राविधिक रुपमा संभाव्य जडिबुटी र अन्य वनजन्य प्रजातीहरुको खेति गरी वन्यजन्य उद्यमको विकास गरिनेछ ।<br>२.२ सार्वजनिक तथा निजी जग्गामा जडीबुटी अन्य वन प्रजातीको व्यवसायिक खेति प्रवर्द्धन र विस्तार गरिनेछ ।<br>२.३ वन तथा जडिबुटीमा आधारित आयमूलक कार्यक्रम संचालन गर्न महिला, युवा तथा लक्षित वर्गलाई प्रोत्साहन अनुदान मार्फत् आकर्षित गरिनेछ तथा राम्रो प्रतिफल प्रदर्शन गर्नेलाई पुरस्कृत गर्ने व्यवस्था गरिनेछ ।<br>२.४ डिभिजन तथा सवडिभिजन वन कार्यालयको प्राविधिक तथा अन्य सहयोगमा नगरपालिकामा क्षेत्र वहुउद्देशिय वन नर्सरी स्थापना गरी विरुवा उत्पादन र वितरण सहज बनाइनेछ । |
| **ख. भू संरक्षण तथा जलाधार व्यवस्थापन** | |
| १. जमीन र जलश्रोतको संरक्षण र व्यवस्थापन गरी भूमिको उत्पादन र उत्पादकत्व बृद्धिमा टेवा पुऱ्याउने | १.१ स्थानीय समुदाय, संघ तथा प्रदेश सरकार, संघ/संस्थासँग सहकार्य र साझेदारीमा नदी तथा ढुवान नियन्त्रण तथा संरक्षण र संरक्षण पोखरी निर्माण कार्यक्रम सञ्चालन गरिनेछ ।<br>१.२ सडक तथा नहरको दायाबायाँ, खोला किनारमा बायोइञ्जिनियरिङ प्रविधि प्रवर्द्धन गरी सडक, पुल, नहर र बाँध दिगो संरक्षणको व्यवस्था गरिनेछ ।<br>१.३ भूसंरक्षण, हरियाली तथा जलश्रोत व्यवस्थापन बारे समुदायमा सचेतनामुलक कार्यक्रमहरु सञ्चालन गरी यस सम्बन्धी कार्यलाई दीगो बनाइनेछ । |
| २. भू-संरक्षण र जलाधार व्यवस्थापन अवधारणा अनुसार भू-उपयोग, संरक्षण भूमि तथा जलश्रोत व्यवस्थापन कार्य संचालन गर्ने | २.१ राष्ट्रिय भू उपयोग नीति अनुसार स्थानीय भू-उपयोग नीति तयार र भू-उपयोगको क्षेत्र निर्धारण गरी भूमि व्यवस्थापन, वस्ती विकास, भौतिक संरचना तथा पूर्वाधार निर्माणलाई व्यवस्थित र नियमित गरिनेछ ।<br>२.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापनलाई विकासको साझा विषयको रुपमा एकीकृत गरी भौतिक विकास र संरचना निर्माणको कार्य संचालन गरिनेछ ।<br>२.३ भू तथा जलाधार व्यवस्थापनमा जल, जमीन र हरियाली प्रवर्धनमा विशेष जोड दिइनेछ । |
| **ग. वातावरणीय स्वच्छता तथा फोहोरमैला व्यवस्थापन** | |
| १. वातावरण अनुकुलित विकास, स्वच्छ उर्जा प्रविधि र स्वच्छता अभिबृद्धी गर्ने | १.१ नगरपालिकाभित्र प्लाष्टिकका गिलास तथा प्लेटजस्ता वस्तुको उपयोगमा प्रतिबन्ध गरी दुना टपरीजस्ता स्थानीय वस्तुहरूको प्रवर्द्धनमा जोड दिइनेछ ।<br>१.२ कुहिने र नकुहिने फोहोरमैला छुट्याई कुहिने फोहोरबाट कम्पोष्ट मल र नहुहिने फोहोरको पुनःप्रयोग, प्रशोधन र खाडलमा व्यवस्थापन गरिनेछ ।<br>१.३ सार्वजनिक स्थान र सडकको दायाबायाँ वरपिपल, समी, तुलसी, आप, लिचि,, गोल्डमोहर, अशोक आदी जस्ता विरुवा रोपणलाई अभियानका रुपमा संचालन गरी वातावरण स्वस्छता कायम गरिनेछ ।<br>१.४ विद्युत, वायोग्यास, सोलार, सुधारिएको चुल्लो जस्ता स्वच्छ उर्जाको प्रयोग, प्रदुषण कम गर्ने निर्माण प्रविधि र सामाग्रीको प्रयोग, जलवायु परिवर्तन र विपद् उत्थानशिल प्रयासहरुलाई स्थानीय विकास प्रक्रियामा एकीकृत गरिनेछ |
| २. सचेतना र व्यक्तिगत व्यवहार परिवर्तन प्रक्रियाबाट वातावरणीय स्वच्छता अभिबृद्धि गर्ने | २.१ जनचेतना अभिबृद्धि गरी प्लाष्टिक र प्लाष्टिकजन्य पदार्थ जथाभावी फाल्ने प्रवृत्ति नियन्त्रण गरिनेछ ।<br>२.२ टोलस्तरीय प्रतिस्पर्धामूलक कार्यक्रम सञ्चालन गरी समुदाय र घरआँगन सरसफाइको अभियान सञ्चालन गरिनेछ ।<br>२.३ टोलस्तरीय समिति तथा संस्थाहरूलाई परिचालन गरी समुदाय र टोल सरसफाई कार्यलाई नियमित रुपमा सञ्चालन गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| ३. विकास निर्माण तथा उद्यम विकास र श्रोत परिचालन सम्बन्धी कार्यमा कानून अनुसार वातावरणीय परीक्षण सम्बन्धी व्यवस्था पालना अभिबृद्धि गर्ने | ३.१ विकास निर्माण, उद्यम व्यवसाय, श्रोतको उपयोग कार्यमा कानून तथा नियमअनुसार वातावरणीय प्रभाव अध्ययन व्यवस्था पालना तथा अध्ययनबाट सिफारिश संरक्षणका कार्यहरुको अनिवार्य कार्यान्वयनको व्यवस्था गरिनेछ ।<br>३.२ वातावरण व्यवस्थापन सम्बन्धी नीति तथा कानून बारे निर्वाचित जनप्रतिनिधि, कर्मचारी, निर्माण व्यवसायी, उपभोक्ता समिति, उद्यमी र व्यवसायी तथा स्थानीय समुदाय अभिमुखीकरण तथा सचेतना अभिबृद्धि गरिनेछ ।<br>३.३ प्रदूषण (माटो, वायु, जल आदी) तथा यसको रोकथाम र व्यवस्थापनका उपायबारे स्थानीय स्तरमा सचेतना कार्यक्रम संचालन गरिनेछ । |
| **घ. विपद् जोखिम व्यवस्थापन** | |
| १. विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन अवधारणा लाई सबै विषय क्षेत्रमा मूलप्रवाहीकरण गर्ने | १.१ समुदाय तथा सरोकारवालासँगको साझेदारी, सहकार्य र समन्वयमा विपद् व्यवस्थापन र जलवायु परिवर्तन अनुकुलन सम्बन्धी कार्य संचालन गरिनेछ ।<br>१.२ वस्ती/टोलमा विपद् व्यवस्थापन समिति तथा कार्यदलहरू गठन गरिनेछ ।<br>१.३ समिति तथा कार्यदलहरूलाई तालिम लगायत क्षमता अभिबृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ ।<br>१.४ स्थानीय विपद् व्यवस्थापन संयन्त्रहरूलाई स्थानीय सामाजिक संरचनाअनुरुप लैंगिक तथा जातीय दृष्टिकोणले समावेशी बनाइनेछ ।<br>१.५ योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमनमा वडा तथा टोलस्तरीय समितिलाई सहभागी गराई विपद् व्यवस्थापनलाई मूलप्रवाहीकरण गरिनेछ ।<br>१.६ स्थानीय सरकारको क्षमता विकास कार्यक्रममा विपद् व्यवस्थापन सम्बन्धी विषय अनिवार्य रुपमा समावेश गरी संचालन गरिनेछ ।<br>१.७ प्रमुख वस्तीहरूमा उद्दार सामग्रीहरुको भण्डारण गरी नियमित अद्यावधिक गरिनेछ ।<br>१.८ बायोइन्जिनिङ प्रविधि प्रवर्द्धन नदी तटबन्धन, सडकको ढलोलाई स्थरीकरण गरी दिगोपना कायम गरिनेछ ।<br>१.९ विकासका निर्माणका गतिविधि सञ्चालन गर्दा विपद् जोखिमका अवधारणालाई सम्बोधन गरिनेछ । |
| २. विपद् तथा जलवायुजन्य जोखिम न्यूनीकरण, विपद व्यवस्थापनका लागि समुदाय तथा सरोकारवालासँग साझेदारी तथा सहकार्य अभिबृद्धी गर्ने | २.१ नगरपालिका, गैसस र नागरिक समाज संस्था र निजी क्षेत्रको समेत योगदान समावेश गरी स्थापित स्थानीय विपद व्यवस्थापन कोष बृद्धि र परिचालन गरिनेछ र वडास्तरमा आकस्मिक कोषको व्यवस्था गरिनेछ ।<br>२.२ टोल टोलमा विद्यार्थी र समुदायलाई मनोसामाजिक सहयोग प्रशिक्षण अभियानका रुपमा संचालन गरिनेछ ।<br>२.३ रेडक्रसको उपशाखाको संस्थागत क्षमता अभिबृद्धीमा सहयोग गरिनेछ ।<br>२.४ गैर सरकारी संस्था, संचार माध्यम तथा समुदायमा आधारित संस्था लगायत नागरिक समाज संस्थाहरुसँग सहकार्य गरी विपद पूर्व तयारी, जोखिम न्यूनीकरण र व्यवस्थापन कार्यक्रमलाई प्रभावकारी बनाईनेछ ।<br>२.५ सामुदायिक भवन भएका स्थान तथा प्रमुख वस्तीको उपयुक्त स्थानमा न्यूनतम पूर्वाधार सहित सामुदायिक आश्रयस्थलहरू निर्माण गरी आपत्कालका लागि सामुहिक सुरक्षित आवासको प्रवन्ध गरिनेछ । |
| ३. जलवायु परिवर्तन अनुकुलनलाई विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापनसँग एकीकृत गरी स्थानीय विकास प्रक्रियामा मूलप्रवाहीकरण गर्ने | ३.१ नगरपालिकामा वातावरण तथा फोहोरमैला व्यवस्थापनसँग एकीकृत गरी विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलन सम्बन्धी संयन्त्र र कार्य संचालनको व्यवस्था गरिनेछ ।<br>३.२ नगरपालिकाको विपद जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलन रणनीतिक योजना तर्जुमा गरी कार्यान्वयन र नतिजा अनुगमन गरिनेछ ।<br>३.३ जलवायु परिवर्तन अनुकुलनका लागि पानी संलकन प्रविधि, सुख्खा पोखरी, कृषि उत्पादन प्रविधिको विकास र विस्तार गरिनेछ ।<br>३.४ जलवायु परिवर्तन अनुकुलन सम्बन्धी सैद्धान्तिक र व्यवहारिक अभ्यासका बारेमा जनप्रतिनिधि, कर्मचारी र समुदायको अगुवाको लागि क्षमता विकास कार्यक्रम संचालन गरिनेछ । |

## ७.५ प्रमुख रणनीतिक कार्यक्रम (कार्यान्वयन योजना)

रणनितिक बिकास योजनाको अपेक्षित नतिजा प्राप्त गर्न नगरपालिकाको स्रोत, स्थानीय संघसंस्था, समुदाय, निजी क्षेत्र, प्रदेश तथा संघ सरकारसँग साझेदारी र सहकार्य गरी योजना अवधीमा प्राथमिकता आधारमा देहाय अनुसारको रणनीतिक कार्यक्रम संचालन गरिने छ ।

## बन बाताबरण तथा बिपद ब्यवस्थापन कार्यान्वयन योजना

| क्र.स. | लक्ष्य अनुसार प्रस्तावित क्रियाकलाप | स्थान तथा लाभान्वित समुदाय | इकाई | लक्ष्य (परिमाण) | | | | | वजेट (रु.हजारमा) | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ८१/८२ | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ८१/८२ | जम्मा |
| १ | भू उपयोग योजना तथा नीति निर्माण | न.पा | पटक | १ | ० | ० | ० | ० | १००० | ० | ० | ० | ० | १००० |
| २ | जल, वायु तथा ध्वनी प्रदुषण मापदण्ड तयार गर्ने | न.पा | पटक | १ | ० | ० | ० | ० | १००० | ० | ० | ० | ० | १००० |
| ३ | वातावरण शाखा खोल्ने | न.पा | पटक | १ | ० | ० | ० | ० | ५०० | ० | ० | ० | ० | ५०० |
| ४ | बृक्षारोपण नरसरी ब्याड स्थापर्ना | सवै वडाहरुमा | वटा | १ | १ | १ | १ | १ | १००० | १००० | १००० | १००० | १००० | ५००० |
| ५ | जल तथा वायु प्रदुषण मेसिन खरिद | न.पा | वटा | ० | १ | ० | ० | ० | ० | १००० | ० | ० | ० | १००० |
| ६ | वातावरण शाखाको कार्य विवरण तयारी | न.पा | पटक | १ | ० | ० | 0 | ० | ५०० | ० | 0 | 0 | ० | ५०० |
| ७ | वायोग्यास प्लान्ट निर्माण अनुदान कार्यक्रम | सवै वडाहरुमा | घरधुरी | १ | १ | १ | १ | १ | १००० | १००० | १००० | १००० | १००० | ५००० |
| ८ | ल्याण्डफिल साइटको संभाव्यता अध्ययन र निमार्ण | न.पा | पटक | १ | १ | १ | १ | १ | १००० | २५०० | २५०० | २५०० | २५०० | ११००० |
| ९ | प्रारांगिक मल उत्पादन सम्बन्धी चेतनामुलक कार्यक्रम | सवै वडाहरुमा | पटक | १ | १ | १ | १ | १ | १००० | १००० | १००० | १००० | १००० | ५००० |
| १० | बिषादिको प्रयोग निरुत्साहित गर्न चेतनामुलक कार्यक्रम | सवै वडाहरुमा | पटक | १ | १ | १ | १ | १ | १००० | १००० | १००० | १००० | १००० | ५००० |

| क्र.स. | लक्ष्य अनुसार प्रस्तावित क्रियाकलाप | स्थान तथा लाभान्वित समुदाय | इकाई | लक्ष्य (परिमाण) | | | | | वजेट (रु.हजारमा) | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ८१/८२ | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ८१/८२ | जम्मा |
| ११ | भुक्षय नियन्त्रण गरी तटिय क्षेत्रको नियन्त्रण गर्ने | | किमी | १ | १ | १ | १ | १ | ५००० | ५००० | ५००० | ५००० | ५००० | २५००० |
| १२ | जलाधार क्षत्रको संरक्षण द्वारा खानेपानी र सिचाई सुधार र विकाश | | क्षेत्र | १ | १ | १ | १ | १ | १००० | १००० | १००० | १००० | १००० | ५००० |
| १३ | बनको दिगो व्यावस्थानको माध्यम वाट वन पैदावारमा आत्मनिभर वन्दै गरिवी घटाउने कार्यक्रम | | वटा | १ | १ | १ | १ | १ | १००० | १००० | १००० | १००० | १००० | ५००० |
| १७ | बाढी नियन्त्रणका लागि तटबन्धन निर्माण | प्रभावित वडाहरुमा | गोटा | १ | १ | १ | १ | १ | १०००० | १५००० | १०००० | १०००० | १०००० | ५५००० |
| १८ | जैविक प्रविधीलाई प्राथमिकता दिई पानीको श्रोत बृद्धि | सवै वडाहरुमा | | १ | १ | १ | १ | १ | १००० | १००० | १००० | १००० | १००० | ५००० |
| १९ | बतावरणीय अनुकुलनता हेरी फोहोर लाई मोहर बनाई राजगारी श्रृजना गर्ने फोहोर व्यावस्थापन तथा अर्गानिक मल उत्पादन | २ | | १ | १ | १ | १ | १ | १००० | १००० | १००० | १००० | १००० | ५००० |
| २० | दीगो बन व्यवस्थापन तालिम | सवै वडाहरुमा | पटक | १ | १ | १ | १ | १ | ८०० | ८०० | ६५० | ६०० | ५०० | ३३५० |
| | जम्मा | | | | | | | | २७८०० | ३२३०० | २६१५० | २६१०० | २६००० | १३८३५० |

# परिच्छेद ८
# सुशासन तथा संस्थागत विकास क्षेत्र

## ८.१. पृष्ठभूमि

प्रत्यक्ष अधिकारको मोडेलमा आधारित संघीय शासन प्रणाली अनुसार संविधानबाट स्थानीय तहहरु स्थापना भई स्थानीय तहमा सेवा प्रवाह र विकास कार्यमा क्रियाशिल रहेका छन् । आम नागरिक विशेष गरी विपन्न तथा पछाडि परेका वर्ग समुदायले स्थानीय सरकारबाट ठूलो अपेक्षा राखेका छन् । संवैधानिक व्यवस्था, कानूनी शासन र जनअपेक्षा अनुसार कुशल, पारदर्शी, जवाफदेही ढंगले स्थानीय शासन संचालन गरी सेवा प्रवाह र विकास कार्यलाई प्रभावकारी बनाउने महत्वपूर्ण दायित्व स्थानीय सरकारको रहेको छ । स्थानीय सरकारको फराकिलो अधिकार क्षेत्र, साधन स्रोतमा बढोत्तरीसँगै जनआकांक्षा पनि बृद्धि भएका छन् ।

बृद्धि हुदै गएका जनआकांक्षा पुरा गर्न बदलिदो परिवेशसँगै सेवा प्रवाह र विकास व्यवस्थापनमा सिर्जनात्मक र वैकल्पिक उपायहरु अबलम्बन गर्न आवश्यक देखिएको छ । संगठन तथा क्षमता विकास, कर्मचारी व्यवस्थापन र अन्तर सरकार, निजी तथा गैर सरकारी क्षेत्रको साझेदारीको माध्यमबाट सेवा प्रवाह र विकास व्यवस्थापनलाई नतिजामूलक र प्रभावकारी बनाउने तर्फ नगरपालिकाले विशेष ध्यान दिन आवश्यक छ । यसलाई मध्यनजर गरी नगरपालिकाको सेवा प्रवाह र कार्यसम्पादनमा प्रभावकारिता अभिबृद्धि गरी सुशासन कायम गर्न स्थानीय कानून, नीति र सुशासन, संगठन तथा क्षमता विकास, राजस्व तथा श्रोत परिचालन र योजना व्यवस्थापनको वस्तुस्थिति विश्लेषण र योजनाको ढाँचा देहायअनुसार प्रस्तुत गरिएको छ ।

## ८.२. वर्तमान अवस्था

### ८.२.१ सुशासन, ऐन नियम तथा जवाफदेहिता

क) विद्यमान अवस्था, संभावना र अवसर

नगरपालिकामा आर्थिक तथा विनियोजन ऐन जस्ता विभिनन ऐन निर्माण गरिएको छ । यसैगरी नगर कार्यपालिकाबाट स्थानीय तहको अधिकार क्षेत्रका कार्यविभाजन तथा कार्यसम्पादन नियमावली र कार्यविधि निर्माण भई र सोको अभ्यासमा रहेका छन् । साथै स्थानीय तहको अधिकार क्षेत्रका अन्य कानुन तथा कार्यविधिहरु निर्माण तथा कार्यान्वयनको क्रममा रहेका छन्।

ख) समस्या तथा चुनौति

नेपालको संविधान, संघीय तथा प्रदेश कानुन अनुसार अनुकुलकानुन तथा कार्यविधिहरु निर्माण भएतापनि थप विषयमा कानून निर्माण आवश्यक देखिन्छ । तर्जुमा भएका ऐन, नीति, नियम, कार्यविधिको बारेमा सभा तथा कार्यपालिकाका निर्वाचित जनप्रतिनिधि, वडा आम नागरिक विशेष गरी विपन्न तथा लक्षित वर्गलाई सुसूचित गराउने, प्रभावकारी रुपमा कार्यान्वयन गर्ने र सो को पालना अपेक्षाकृत कमजोर रहेको छ । पारदर्शिता तथा जवाफदेहिताका लागि प्रभावकारी संयन्त्र तथा कार्यपक्रिया स्पष्ट हुन सकेको छैन ।

सेवा प्रवाह र कार्यसम्पादनमा गैसस, निजी क्षेत्र र समुदायसँग साझेदारी हुन सकेको छैन । नगरपालिकामा स्थानीय गैसस, व्यवसायी र लगानीकर्तालाई आकर्षित गर्ने प्रयास गरीएको छ । कृषि प्रसार, प्रविधि हस्तान्तरण, व्यावसायिक परामर्श सेवा, पूर्वाधार विकास सम्बन्धी अध्ययन, डिपिआर, डिजाइन इष्टिमेट, प्राविधिक सुपरभिजन, भएका कार्यको अभिलेखन र प्रकाशन जस्ता कार्यहरु व्यवसायिक निजी र गैसस लगायतका सेवा प्रदायक संस्था र निकायबाट सम्पादन गर्ने व्यवस्था आवश्यकता अनुसार मिलाउने प्रयास भइरहेको छ । प्रचुर संभावनाका बाबजुद निजी क्षेत्र र गैर सरकारी क्षेत्रसँगको साझेदारीलाई परिचालन गर्न प्राथमिकता दिएको छ ।

८.२.२ संस्थागत संरचना तथाा मानव संसाधन विकास

क) विद्यमान अवस्था, संभावना र अवसर

हाल नगरपालिकाको केन्द्र भण्डरामा कार्यालय भवन निर्माणधिन अवस्था रहेको छ । यसैगरी साविकको गा.वि.स भवन,सार्वजनिक पक्की भवनमा वडा कार्यालय संचालन भई रहेकाछन् । ५ नं वडा कार्यालय हाल नगरपालीका एकै स्थान तथा भवनमा संचालनमा रहेको छ । एकीकृत सेवा सहितको नगर कार्यपालिका कार्यालय भवन सवै वडाको केन्द्रमा वडा कार्यालय भवन, स्वास्थ्य संस्था भवनहरुको स्तरोन्नतीको लागि प्रयास भैरहेको छ । नगर कार्यपालिका कार्यालयमा २. वटा (स्कार पियो) जिप, १ व्याकहो लोडर र ९ वटा मोटरसाईकल रहेको छ। कार्यालयमा इन्टरनेट, विषयगत सेवा प्रवाहको लागि न्यूनतम कार्यकक्ष र भौतिक सामग्रीको व्यवस्थापन गरिएको छ । संघीय संरचना अनुसार कर्मचारीको समायोजन प्रक्रियासँगै हाल विषयगत शाखा तथा उपशाखा समेत कार्यपालिका कार्यालय र वडा कार्यालयमा गरी जम्मा ४० जना कर्मचारी कार्यरत रहेका छन् ।

ख) समस्या तथा चुनौति

नगर कार्यपालिका कार्यालय, विषयगत शाखा, वडा कार्यालय र इकाईहरुमा आवश्यकता र दरबन्दी अनुसार शाखा प्रमुख तथा वडासचिव लगायतका अन्य कर्मचारीको पदपूर्ती भई कार्यसम्पादन भैरहेको छ । नगरपालिका भित्र १ अस्पताल र ७ वटा स्वास्थ्य चौकी संचालनमा रहेको छ भने भौगोलिक रुपमा सबै वडामा स्वास्थ्य चौकी स्थापना हुन सकेको छैन । जनप्रतिनिधि तथा कर्मचारीमा समयसापेक्ष तथा जिम्मेवारी अनुसार विषयगत प्राविधिक तथा व्यवस्थापकीय सीप र दक्षताको कमी रहेको तथा नगरपालिका पदाधिकारी, कर्मचारी तथा नागरिक समाजको क्षमता विकासका रणनीति तथा योजना बनाउन पर्ने देखिन्छ । योजना अनुरुप जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता विकास सम्बन्धी कार्यक्रम संचालन गनु पर्ने देखिन्छ ।

८.२.३ वित्तीय क्षेत्र परिचालन

क) विद्यमान अवस्था, संभावना र अवसर

चालू आ.व.को बार्षिक बजेट करिव ८२ करोड रहेको छ । आन्तरिक आयका संभाव्यता अध्ययन तथा विश्लेषण गरी राजश्व सुधारका कार्ययोजना तर्जुमा गरिएको छ । यस नगरपालिकामा विकास साझेदार, अन्तरराष्ट्रिय र राष्ट्रिय संघ/संस्था तथा निजी क्षेत्रबाट पनि केही रकम परिचालन हुने अनुमान गरिएको छ । नेपाल सरकार तथा प्रदेश सरकारको अन्तरसरकारी वित्त हस्तान्तरणबाट उल्लेख्य अनुदान प्राप्त भएको र हुने सक्ने देखिन्छ । आन्तरिक स्रोत बृद्धिका लागि नगरपालिकाले सम्पत्ती कर लागु गर्न दायरा, दर प्रक्रिया समेतनिर्धारण गरेको छ ।

ख) समस्या तथा चुनौति

नगरपालिकाको अधिकारक्षेत्र भित्रको आन्तरिक आयको श्रोतहरु प्रर्याप्त नरहनु, आन्तरिक आयको संभावनाको तुलनामा सङ्कलन न्यून रहनु, निजि क्षेत्र, सहकारी र सरकारी क्षेत्रको समन्वयात्मक लगानीमा कमी रहनु, ऐलानी पर्ती जग्गाको लगत सङ्कलन यथेस्ठ र व्यवस्थित गनुपर्ने, साथै सरकारी बनेका संरचना तथा उपयोगकर्ताहरुसंग बहाल विटौरी शुल्क संकलन गर्ने देखिन्छ । यसैगरी संघ र प्रदेशको अनुदान प्रर्याप्त नहुनु, ऐनमा भएको व्यवस्था अनुसार करको दायरा विस्तार गर्न नसक्नु, कानूनी अस्पष्टका कारण घरेलु साना उद्योग तथा व्यवसायलाई दर्ता र नविकरणको प्रक्रियामा ल्याउन नसकनु जस्ता समस्या श्रोत परिचालनमा चुनौतीको रुपमा रहेका छन् ।

८.२.४ योजना व्यवस्थापन

क) विद्यमान अवस्था, संभावना र अवसर

स्थानीय तहको प्रोफाइल सूचना व्यवस्थापन प्रणाली सहित नगर वस्तुस्थिति विवरण तयार भएको छ । सहभागितामूलक प्रक्रिया अनुसार बार्षिक योजना तथा बजेट तर्जुमा गरी सभावाट स्वीकृत गर्ने परिपाटी संस्थागत बनेको छ । नगरपालिकाको आवधिक योजना लगायत यातायात, कृषि जस्ता विषय क्षेत्रका रणनीतिक तथा गुरुयोजना बन्ने क्रममा रहेका छन् । संचालित आयोजनाहरुको नियमित अनुगमन तथा सुपरीवेक्षण परिपाटी बसेको छ ।

नगरपालिकामा बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन भएको छन् । यसका साथै योजना तर्जुमा, कार्यान्वयन र अनुगमनमा सफ्टवयर प्रयोग गर्न थालिएको छ ।

ख) समस्या तथा चुनौति

नगर वस्तुस्थिति विवरण अनुसार सूचना र आवश्यकताका आधारमा एवं सहभागितामूलक ढंगबाट वार्षिक वजेट तथा योजना तर्जुमाको अभ्यास गर्दै आएको देखिन्छ । योजना तर्जुमा सम्वन्धी निर्देशिका तथा प्रावधान वारे समान वुझाईको कमी हुनु, वितरणमुखी हिसाबले धैरै संख्यामा आयोजना तथा कार्यक्रम छनौट र बजेट विनियोजन योजना व्यवस्थापनमा समस्याको रुपमा रहेको छ । फलस्वरुप आयोजना तथा कार्यक्रमलाई समयमा सम्पन्न गर्न र गुणस्तर कायम गरी ठोस उपलब्धी हासिल गर्न सकिएको छैन । योजना कार्यान्वयन तथा प्रगती सीमक्षा तथा अभिलेखन प्रभावकारी हुन सकिरहेको छैन । योजना कार्यान्वयन तथा अनुगमन मूल्याँकनका लागि स्पष्ट प्रणाली र खाकाको कमी रहेको छ । उपभोक्ता समिति गठन र सम्झौतामा ढिलाई हुनु, आयोजना कार्यान्वयन र उपभोक्ता समितिसंग सम्झौता आर्थिक वर्षको अन्त्यतिर हुनु, उपभोक्ता समितिहरुमा योजना कार्यान्वयन र अभिलेखन र निर्णय क्षमतामा कमी हुनु थप समस्याको रुपमा रहेका छन् । यसैगरी स्थानीय श्रम, सीप तथा जनसहभातिगामा न्यून हुनु तथा कागजमा सिमित रहनु वडा तथा टोलस्तरमा योजना तर्जुमा प्राथमिकता निर्धारण तथा छनौट सम्बन्धी ज्ञान, शिप र दक्षताको कमी हुँदा ठोस र उपलब्धीमूलक आयोजना तथा कार्यक्रम छनौट हुन नसक्नुजस्ता चुनौतीहरु रहेका छन् ।

## ८.३ लक्ष तथा उद्धेश्य

यस नगरपालिकाको सुशासन तथा संस्थागत विकास क्षेत्रको लक्ष्य देहायअनुसार रहेको छः

- नगरपालिकामा सेवा प्रवाह, कार्यसम्पादन र जवाफदेहिताको स्तर बढाउने

सुशासन तथा संस्थागत विकास क्षेत्रको उद्देश्यहरु देहायअनुसार रहेका छन्:

- स्थानीय नीति तथा कार्य सम्पादन प्रणाली सरल, स्पष्ट तथा पारदर्शी हुने
- संगठन विकास तथा स्थानीय सेवा व्यवस्थापन, क्षमता र कार्य सम्पादनमा अभिबृद्धि हुने
- आन्तरिक तथा वाह्य श्रोत परिचालन बृद्धि र व्यवस्थित हुने
- विकास व्यवस्थापन प्रणाली प्रविधिमैत्री, समावेशी र नतिजामूलक हुने

## ८.४ रणनीति तथा कार्यनीति

दीर्घकालीन सोचतर्फ उन्मुख भई नगर विकासको समष्टिगत लक्ष्य तथा उद्देश्य हासिल गर्न राप्ती नगरपालिकाको संस्थागत क्षमता एवं सरोकारवालासँग समन्वय, सहकार्य र साझेदारी अभिबृद्धि गरी आवधिक विकास योजनाको कार्यान्वयन गरिने छ। योजनाको लक्ष्य तथा उद्देश्य प्राप्तिका लागि संस्थागत विकास र सुशासन क्षेत्रमा देहायअनुसारका रणनीति तथा कार्यनीतिहरू अवलम्बन गरी रणनीतिक कार्यक्रम कार्यान्वयन गरिने छ ।

*तालिका १२: सुशासन तथा संस्थागत विकासका लागि रणनीति तथा कार्यनीति*

| रणनीति | कार्यनीति |
|---|---|
| **कानून, नीति तथा सुशासन** | |
| १. स्थानीय नीति, कानून निर्माण, प्रवलीकरण तथा प्रभावकारी कार्यान्वयन गर्ने | १.१ स्थानीय तहको अधिकार क्षेत्रका विषयमा नीति, ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्ड निर्माण र कार्यान्वयन गरिनेछ ।<br>१.२ निर्माण भएका ऐन, नियम तथा कार्यविधिहरु प्रकाशन, छलफल र प्रवोधीकरण गरी परिपालनामा अभिबृद्धि गरिनेछ ।<br>१.३ कार्यान्वयनमा रहेका ऐन, नियम, कार्यविधिहरुवारे समीक्षा गर्ने, सुझाव लिने र वार्षिक रुपमा आवश्यकता अनुसार अद्यावधिक तथा परिमाजन गर्दै लगिनेछ ।<br>१.४ नगरपालिकाको नीति, निर्णय, सेवा प्रवाह र कार्यसम्पादन बारे सेवाग्राहीसँग मत सर्वेक्षण गरी यस सम्बन्धमा पृष्ठपोषण र सुझाव प्राप्त गरिनेछ ।<br>१.५ स्थानीय तहको ऐन, नीति, नियम, कार्यविधि र मापदण्ड बारे पदाधिकारी तथा कर्मचारीको क्षमता विकास गरिनेछ ।<br>१.६ विधायन समिति गठन, समयसापेक्ष पुनगर्ठन, आवश्यकता अनुसार क्षमता विकास गरी ऐन, नियम तथा कार्यविधि निर्माणलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ । |
| २. सुशासन प्रवर्द्धन गरी सेवा प्रवाह प्रभावकारी, सहज र सेवाग्राहीमैत्री बनाउने | २.१ नगरपालिकामा सुशासन अभिवृद्धिकालागि कार्यविधि निर्माण गरी प्रभावकारी कार्यान्वयन गरिनेछ ।<br>२.२ सुशासन समिति गठन, आवश्यकता अनुसार पुनगर्ठन र क्षमता विकास गरिनेछ र समितिलाई समयसापेक्ष सक्रिय बनाईनेछ ।<br>२.३ नागरिक सहायता कक्षको निर्माण तथा व्यवस्थापन गरिनेछ ।<br>२.४ बालमैत्री, अपागंमैत्री, जेष्ठ नागरिकमैत्री तथा सम्पूर्ण सेवाग्राहीमैत्री भौतिक संरचना निर्माण तथा व्यवस्थापन गरिनेछ ।<br>२.५ नगर कार्यपालिका कार्यालयतथा वडाकार्यालहरुमा डिजिटल नागरिक बडापत्रको व्यबस्था गर्नुका साथै वडाका प्रत्येक टोलहरुमा नागरिक बडापत्र सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२.६ नगरपालिका केन्द्र तथा वडामा सेवाग्राही प्रतिक्षा कक्ष निर्माण तथा व्यवस्थापन गरिनेछ ।<br>२.७ सेवा प्रवाहको सहजता र सुविधाकोलागी सरोकारवालाको समन्वयमा सुशासन ऐन अनुसार र स्थानीय आवश्यकता अनुसार घुम्ति शिविरहरु संचालन गरिनेछ । |
| ३. जवाफदेहिता अभिबृद्धि संयन्त्र तथा प्रणालीलाई संस्थागत गर्ने | ३.१ सुशासन तथाजवाफदेहिता अभिबृद्धिका लागि कार्यविधि निर्माण गरी प्रभावकारी कार्यान्वयन गरिनेछ ।<br>३.२ नगरपालिकाको जवाफदेहिता अभिबृद्धि सम्बन्धी एकीकृत संयन्त्रको विकास गरी नियमित अभ्यास गरिनेछ<br>३.३ सेवाग्राहीको सन्तुष्टि मापन र सुझाब तथा उजुरी पेटिकाको व्यवस्था गरिनेछ ।<br>३.४ सूचना अधिकारीको क्षमता अभिबृद्धि मार्फत सर्बसाधारणमा सूचनाको पहुँच बृद्धि गरिनेछ । |
| ४. सूचना प्रविधिमैत्री सेवा प्रवाह अभिवृद्धि र नगरपालिकाको सूचना व्यवस्थापन गर्ने | ४.१ सेवा प्रवाह र प्रशासनिक कार्यमा क्रमशः सूचना प्रविधिको प्रयोग बृद्धि गरिनेछ ।<br>४.२ शाखा, उपशाखा तथा वडा कार्यलयमा कम्प्यूटर र सूचना प्रविधि उपकरण, भौतिक सामाग्री र कर्मचारीको व्यवस्थापन गरिनेछ ।<br>४.३ कार्यपालिका कार्यालयमा सूचना केन्द्र स्थापना तथा व्यवस्थापन गरिनेछ । सूचना केन्द्रमा आधारभूत सुविधा सहित समयसापेक्ष तथा नियमति सूचना अद्यावधिक गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | ४.४ व्यक्तिगत घटनादर्ता तथा व्यवस्थापन, राजश्व संकलन तथा अभिलेखन, योजना अभिलेखन तथा व्यवस्थापन, जिन्सी व्यवस्थापन, समाजिक सुरक्षा जस्ता विवरण सूचना प्रविधिमा आधारित हुने व्यवस्थाको विकास गरिनेछ।<br>४.५ नयाँ कर्मचारी भर्ना गर्दा सूचनाप्रविधि सम्वन्धी क्षमतालाई आधारभूत क्षमतामा समावेश गरिनेछ ।<br>४.६ कर्मचारी तथा जनप्रतिनिधिलाई क्रमशः सूचना प्रविधिमा क्षमता विकास गर्दै लगिनेछ । |
| **संगठन तथा क्षमता विकास** | |
| १.नगर कार्यपालिका तथा वडा कार्यालयको संगठन विकास, क्षमता विकास तथा कार्य जिम्मेवारी निर्धारण गर्ने । | १.१ संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी कार्यविभाजन र कार्यसम्पादन नियमावली अनुसार संगठन संरचना, दरबन्दी र तह निर्धारण गरिनेछ ।<br>१.२ स्थानीय तहको अधिकार क्षेत्रका विषयमा कार्यविभाजन तथा कार्यसम्पादन नियमावली अनुसार सरल र स्पष्ट कार्यविधि निर्माण गरी कार्य सम्पादन र सेवा प्रवाह सुचारु गरिनेछ ।<br>१.३ संगठन संरचना अनुसार विषय क्षेत्र समिति, शाखा, इकाई तथा वडा कार्यालय तथा कर्मचारीको कार्यविवरण तयार गरिनेछ ।<br>१.४ कार्यालयमा एकीकृत सेवा लागि लेआउट सहितको सोधपुछ, सहायता कक्ष, स्तनपान कक्ष र सेवाग्राही प्रतिछालय सहित कार्यकक्षको व्यवस्था गरिनेछ।<br>१.५ संगठन तथा क्षमता विकास रणनीति सहित नगरपालिकाको विस्तृत क्षमता विकास रणनीति तथा योजना तयार गरी कार्यान्वयन गरिनेछ ।<br>१.६ दरबन्दी अनुसार आवश्यक दक्ष कर्मचारी पदपूर्तिको लागि अन्तर तह समन्वय तथा पहल गरिनेछ ।<br>१.७ उद्योग तथा व्यवसाय, पर्यटन, खानेपानी तथा सरसफाई क्षेत्रमा सेवा केन्द्र तथा इकाई स्थापना गरी सेवा संचालन गरिनेछ । |
| २. समुदायमा आधारित संस्था तथा नागरिक समाजको क्षमता अभिबृद्धि गर्ने | २.१ गैसस तथा नागरिक समाज परिचालनको कार्यविधि निर्माण गरी सो अनुसार गैसस, समुदायमा आधारित संस्था  तथा नागरिक समाज परिचालन गरिने छ ।<br>२.२ स्थानीय आमा समूह, बाल क्लव, किशोर किशोरी क्लव, सहकारी आदिको क्षमता विकासका लागि कार्यक्रम संचालन तथा आवश्यकता अनुसार अनुदान सहयोग गरिनेछ ।<br>२.३ विकास कार्यमा समुदायको सहभागिता बृद्धि गर्न, वडास्तरका र संचालित आयोजना संचालन प्रक्रिया तथा गुणस्तरमा समुदायको निगरानी बढाउन प्रत्येक टोलमा टोल सुधार समितिसँग सहकार्य गरिनेछ ।<br>२.४ एकल महिला, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, भूमिहिन, विस्थापित तथा विपन्नहरुको संस्था तथा संजाल निर्माण र क्षमता विकास गरिनेछ । |
| ३ कार्यालय तथा कार्यकक्षको भौतिक सुविधा विकास तथा व्यवस्थापन गरी स्थानीय सेवा प्रवाह प्रभावकारी वनाउने | ३.१ कार्यपालिका कार्यालय तथा वडा कार्यलयहरुमा एकीकृत सेवा प्रवाह सहितको सुविधा सम्पन्न भवन निर्माण तथा स्तरोन्नती गरिनेछ ।<br>३.२ कार्यालयमा कार्यकक्ष आधारभुत सुविधा (फर्निचर, कम्प्युटर तथा विजुली) सहित व्यवस्थित र समयसापेक्ष अध्यावधिक गर्दै लगिनेछ ।<br>३.३ कार्यपालिका तथा  तथा वडा कार्यालयमा सुविधा सम्पन्न बैठक तथा सभा कक्षको निर्माण तथा आवश्यकता अनुसार स्तरोन्नती गरिनेछ ।<br>३.४ कार्यालयमा जनप्रतिनिधि, कर्मचारी तथा सेवाग्राहीका लागि शौचालय, पिउने पानी तथा सरसफाई व्यवस्थित गरिनेछ । |
| ४.जनप्रतिनिधि तथा कर्मचारी क्षमता विकास तथा प्रोत्साहन गर्ने | ४.१ जनप्रतिनिधि तथा कर्मचारी क्षमता विकास सम्वन्धी कार्यविधि निर्माण गरी कार्यान्वयन गरिनेछ ।<br>४.२ वार्षिक रुपमा जनप्रतिनिधि तथा कर्मचारीका लागि संचालन गर्ने गरी क्षमता विकासका कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | ४.३ क्षमता विकास कार्यक्रम तर्जुमा गर्दा ज्ञान, शिप तथा सोच एवं व्यवहार परिवर्तन सम्वन्धी तालिम, गोष्ठी एवं अवलोकन उत्कृष्ट स्थानीय तह अवलोकन भ्रमण जस्ता कार्यक्रमलाई प्राथमिकता दिईनेछ ।<br>४.४ कार्यविधि निर्माण गरी प्रत्येक वर्ष उत्कृष्ट कर्मचारी तथा उत्कृष्ट वडा प्रोत्साहन कार्यको व्यवस्था गरिनेछ । |
| ५. सरकारी सम्पत्तीको अभिलेख तयार गरी संरक्षण र उपयोग गर्ने | ५.१ नगरपालिकाको स्वामित्वमा रहेको, अन्य सरकारी र सार्वजनिक सम्पत्ती ( जग्गा, भवन तथा अन्य भौतिक संरचना) अभिलेख तयार गरी संरक्षण र सार्वजनिक हित तथा आयस्रोतको लागि व्यवस्थापन गरिनेछ ।<br>५.२ स्वामित्वमा रहेका तथा अन्य सरकारी तथा सार्वजनिक सम्पत्ति कार्यविधि निर्माण गरी सार्वजनिक हित तथा आयस्रोतको लागि परिचालन तथा व्यवस्थापन गरिनेछ ।<br>५.३ कार्यविधि तर्जुमा गरी नगरपालिकाको सम्पत्ति भाडा लगाउने तथा नष्ट भएर जाने संरचना तथा भौतिक सामग्रीको लिलामको व्यवस्था गरिनेछ ।<br>५.४ नगरपालिका क्षेत्रको सरकारी जग्गाहरु पहिचान गरी हालसाविक गरिनेछ । |
| **श्रोत परिचालन तथा व्यवस्थापन** | |
| १. आन्तरिक राजस्व/आन्तरिक आय बृद्धिमा जोड दिने | १.१ कर तथा गैर कर राजस्व सम्बन्धी ऐन, नियम तथा कार्यविधि बारे जनप्रतिनिधि तथा कर्मचारीको क्षमता विकास गरिनेछ ।<br>१.२ राजस्व व्यवस्थापन सम्बन्धी एकीकृत ऐन, नियम र कार्यविधि तयार गरी प्रभावकारी कार्यान्वयन गरिनेछ ।<br>१.३ स्थानीय आन्तरिक राजस्व परिचालनको संभाव्यता अध्ययन तथा विश्लेषण गरी राजश्व सुधार कार्ययोजना तर्जुमा तथा कार्यान्वयन गरिनेछ ।<br>१.४ आन्तरिक आयका दायरा दर वृद्धि र अवस्था अनुसार पुनरावलोकन गरिनेछ।<br>१.५ वार्षिकरुपमा प्रत्येक वडा तथा नपास्तरमा करदाता शिक्षा कार्यक्रम संचालन गरिनेछ<br>१.६ व्यवसाय दर्ता तथा नविकरण कार्यविधि तर्जुमा गरी सम्बन्धित उद्यमी, व्यवसायी र सरोकारवाला पक्षलाई जानकारी प्रदान र प्रचार प्रसार गरिनेछ।<br>१.७ सम्पत्ति कर सम्वन्धी कार्यविधि तर्जुमा गरी लागु गरिनेछ ।<br>१.८ मालपोतको सम्भाव्यता अनुसार शतप्रतिशत रकम संकलन गर्ने पहल गरिनेछ ।<br>१.९ आन्तरिक आयका श्रोतलाई दायराभित्र ल्याउन प्रभावकारी पहल गरिनेछ ।<br>१.१० सार्वजनिक पोखरीको आय तथा रकम पुन:विचार गरी ठेक्का आव्हान गरिनेछ । |
| २.राजश्व प्रशासन तथा संगठन विकास गर्ने | २.१ सूचना प्रविधिमा आधारित भई आन्तरिक आयको संकलन, दाखिला तथा अभिलेखनलाई नियमित र व्यवस्थित गरिनेछ ।<br>२.२ राजस्व परामर्श समितिको क्षमता विकास गरि सक्रियता अभिबृद्धि गरिनेछ।<br>२.३ राजश्व शाखा तथा वडा कार्यालयमा कर्मचारी व्यवस्था गरी भौतिक सुविधा सम्पन्न वनाईनेछ ।<br>२.४ कार्यविधि निर्माण गरी नपा केन्द्र तथा वडामा संकलन भएको राजश्व वढीमा एक हप्ता भित्र स्थानीय संचित कोषमा दाखिला गरिनेछ ।<br>२.५ कार्यविधि निर्माण गरी प्रत्येक वर्ष कम्तिमा तीन जना उत्कृष्ठ करदाता प्रोत्साहन गरिनेछ ।<br>२.६ निजी क्षेत्रलाई कर परामर्श सेवा केन्द्र संचालन गर्न प्रोत्साहन गरिनेछ ।<br>२.७ राजस्व सम्बन्धी आधार सूचना, अभिलेख, राजश्व संकलन, प्रशासन र खर्च व्यवस्थापमा सुधार गरिनेछ ।<br>२.८ कार्यपालिका कार्यालयतथा वडा कार्यालयमा राजश्व संकलन, अभिलेखन तथा व्यवस्थापन सूचना प्रविधिमैत्री गरिनेछ |

| रणनीति | कार्यनीति |
|---|---|
| ३. गैसस, समुदाय, विकास साझेदार, निजी क्षेत्र, प्रद्रेश र संघ सरकारका निकायसँग साझेदारी विकास गर्ने | ३.१ निजी क्षेत्र, समुदायमा आधारित संस्था, गैसस, विकास साझेदार, प्रदेश तथा नेपाल सरकारका सम्बन्धित निकायसँग नियमित वैठक, छलफल र संचार समन्वय र साझेदारी गरी स्रोत परिचालनमा बृद्धि गरिनेछ ।<br>३.२ अन्य स्थानीय तहसँग सहकार्य तथा सहयोगका लागि नीति तथा कार्यविधि तर्जुमा गरिनेछ ।<br>३.३ करदाता शिक्षा र राजस्व संकलनलाई अभियानका रुपमा संचालन गरिनेछ।<br>३.४ निजी क्षेत्रलाई कर परामर्श सेवा केन्द्र संचालन गर्न प्रोत्साहन गरी सेवाग्राहीलाई सहजीकरण गरिनेछ ।<br>३.५ समपुरक एवं विशेष अनुदान वृद्धिका लागि अन्तर सरकारी वित्त व्यवस्थापन ऐनले निर्धारित गरेका आधार अनुसार विस्तृत परियोजना प्रतिवेदन तथा प्रस्ताव तयार गरी संघ तथा प्रदेश सरकार समक्ष पेश गरिनेछ । |
| ४. वित्तिय अनुशासन तथा नियन्त्रणमा जोड दिने | ४.१ आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि निर्माण गरी प्रभावकारी कार्यान्वयन गरिनेछ ।<br>४.२ आन्तरिक लेखा परीक्षण शाखा स्थापना, संचालन तथा प्रभावकारी व्यवस्थापन गरिनेछ ।<br>४.३ बेरुजु असुली तथा न्यूनीकरणका लागि कार्ययोजना निर्माण गरी सो अनुसार कार्य गरिनेछ ।<br>४.४ नपा, वडा तथा उपभोक्ता समिति तहमा आन्तरिक नियन्त्रण प्रणाली तथा वित्तिय अनुशासन सम्वन्धी अभिमुखिकरण तथा अन्तरक्रिया नियमित रुपमा संचालन गरिनेछ । |
| **विकास व्यवस्थापन** | |
| १. योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन मूल्यांकनलाई प्रभावकारी वनाउने | १.१ योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन मूल्यांकन सम्वन्धी नमुना कार्यविधि/निर्देशिका नयाँ परिवेश अनुसार अद्यावधिक एवं अनुमोदन गरी प्रभावकारी कार्यन्वयन गरिनेछ ।<br>१.२ कार्यविधि अनुसारको समय सिमा, विषयक्षेत्र अनुसार बजेट सिमा निर्धारण कार्यक्रम तथा आयोजना छनौटको व्यवस्था अनिवार्य कार्यान्वयन गरिनेछ।<br>१.३ लक्षित वर्गका लागि भौतिक निर्माण तथा क्षमता विकास कार्यक्रम तर्जुमाको अनिवार्य व्यवस्था गरी प्रभावकारी कार्यान्वयन गरिनेछ ।<br>१.४ उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापनसम्वन्धी कार्यविधि अध्यावधिक गरी प्रभावकारी कार्यान्वयन गरीनेछ ।<br>१.५ आयोजना वैंक सम्बन्धी कार्यविधि तयार गरी योजना वैंक तयार गरिनेछ<br>१.६ डिपिआर तयार तथा संभाव्यता अध्ययन आयोजना बैंक समावेश अयोजनामा मात्र बजेट विनियोजनको व्यवस्था गरिनेछ ।<br>१.७ आयोजनाको प्राविधिक लगत ईस्टिमेट नेपाली भाषामा तयार गर्ने व्यवस्था गरी कार्यान्वयन गरिने छ ।<br>१.८ नपा तथा वडा एवं सरोकारवाला संग नियमित रुपमा योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन मू छलफल तथा अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ ।<br>१.९ उपभोक्ता समिति गठन, परिचालन र व्यवस्थापन र यस कार्यविधि बारे नपा तथा वडा नियमित छलफल तथा अभिमुखीकरण गरिनेछ । |
| २. योजना तर्जुमा, कार्यान्वयन र अनुगमन मूल्याँकनलाई सूचनामा आधारित र नतिजामूलक बनाउने | २.१ नगर वस्तुस्थिति विवरण नियमति अध्यावधिक तथा परिमार्जित गर्दे लगिनेछ<br>२.२ कार्यविधि निर्माण गरी प्रत्येक वर्ष स्थानीय आवश्यकताका आधारमा ( जनसंख्या, भौगोलिक अवस्था, विकास एवं गरिवी आदि) वडागत तथा विषयगत बजेट सिमा निर्धारणको अभ्यास गरिनेछ ।<br>२.३ आवधिक योजना तर्जुमा र मध्यमकालिन खर्च संरचना तर्जुमा गरी नतिजामूलक ढाँचामा बार्षिक योजना तर्जुमाठोस उपलब्धीमूलक बनाइनेछ।<br>२.४ ५० लाख भन्दा माथिका लागतका आयोजनाको तेश्रो पक्षबाट प्राविधिक परीक्षण गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | २.५ नतिजामूलक प्रक्रिया अनुसार नीति, योजना तथा कार्यक्रमको नियमित, बार्षिक, मद्यावधी र आवधिक अनुगमन तथा मूल्याङ्कन अनुगमन गरिनेछ ।<br>२.६ चौमासिक र बार्षिक समीक्षा तथा प्रमुख आयोजनाको तेश्रो पक्षवाट प्रभाव मूल्याङ्कन गरिनेछ । |
| ३. सहभागिमूलक योजना तर्जुमा तथा कार्यान्वयनमा जोड दिने | ३.१ बार्षिक योजना तथा बजेट कार्यविधि तयार गरी सहभागितामूलक र समावेशी प्रक्रिया अनुसा वस्ती तथा वडा हुदै विषयगत समिति मार्फत योजना तथा बजेट तर्जुमा गरी कार्यपालिका र सभामा छलफल तथा स्वीकृत गरिनेछ ।<br>३.२ सवै स्तरका छलफल तथा योजना तर्जुमा प्रकृयामा लक्षित वर्ग सहित नागरिक समाजको प्रतिनिधित्व तथा सहभागिता सूनिश्चित गरिनेछ ।<br>३.३ वस्ती तह देखिनै योजना तथा बजेटहरु स्पष्ट जानकारी दिई स्थानीय गौरका, ठोस तथा उपलब्धीमूलक योजना छनौट गर्ने वडा बजेट सिमा भित्रका आयोजना कार्यक्रममा वडाको प्राथमिकता अनुरुप बजेट विनियोजनको व्यवस्था गरिनेछ । |
| ४. गैसस, निजी क्षेत्र, समुदायमा आधारित संस्थासँग समन्वय र साझेदारीमा अभिबृद्धि गर्ने | ४.१ कार्यविधि तयार गरी विकास साझेदार, गैसस तथा समुदायमा आधारित संस्थासंग नियमित वैठक तथा अन्तरक्रिया संचालन गरिनेछ ।<br>४.२ गैसस, समुदाय, विकास साझेदार, निजी क्षेत्र, प्रद्रेश र संघीय सरकारका निकायसँग समन्वय वैठक तथा साझेदारीका क्षेत्रबारे अर्न्तक्रिया गरिनेछ ।<br>४.३ गैसस, समुदाय, विकास साझेदार, निजी क्षेत्र, प्रद्रेश र संघीय सरकारका निकायसँग समन्वय तथा साझेदारीमा योजना तर्जुमा र कार्यान्वयन गरिनेछ । |

## ८.५ प्रमुख रणनीतिक कार्यक्रम (कार्यान्वयन योजना)

आवधिक योजनाको अपेक्षित नतिजा प्राप्त गर्न नगरपालिकाको स्रोत, स्थानीय संघसंस्था, समुदाय, निजी क्षेत्र, प्रदेश तथा संघ सरकारसँग साझेदारी र सहकार्य गरी योजना अवधीमा प्राथमिकता आधारमा देहायअनुसारको रणनीतिक कार्यक्रम संचालन गरिने छ ।

## शुसासन तथा संस्थागत बिकास कार्यान्वयन योजना

| क्र.स. | लक्ष्य अनुसार प्रस्तावित क्रियाकलाप | स्थान तथा लाभान्वित समुदाय | इकाई | लक्ष्य(परिमाण) | | | | | वजेट (रु.हजारमा) | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ८१/८२ | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ८१/८२ | जम्मा |
| १ | कम्प्युटराईज प्रणली स्थापनाका लागी सामाग्री र जनशक्ति व्यावस्थापन | सबै कार्यलय | प्रत्येक वर्ष | १ | १ | १ | १ | १ | ६००० | ६००० | ६००० | ६००० | ६००० | ३०००० |
| २ | अनलाईन सेवा संचालन तथा सफटवयर खरिद | सबै कार्यलय | प्रत्येक वर्ष | १ | १ | १ | १ | १ | २००० | २००० | २००० | २००० | २००० | १०००० |
| ३ | सार्वजनिक जग्गाको संरक्षण र उपयोग | न.पा भित्र | प्रत्येक वर्ष | १ | १ | १ | १ | १ | १००० | १००० | १००० | १००० | १००० | ५००० |
| ४ | योजना तर्जुमा प्रकृया जनसहभागिता अभिबृद्धि | सबै वडाहरुमा र न.पामा | प्रत्येक वर्ष | १ | १ | १ | १ | १ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० |
| ५ | कार्यालयलाई आवश्यक फर्निचर हरु खरिद | सबै कार्यलय | प्रत्येक वर्ष | १ | १ | १ | १ | १ | १००० | १००० | १००० | १००० | १००० | ५००० |
| ७ | नगरपालिका स्तरमा सुचना पहुँचको अभिबृद्धिका लागी बुलेलेटिन प्रकाशन | सबै कार्यलय | प्रत्येक वर्ष | १ | १ | १ | १ | १ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० |
| ८ | योजना तथा कार्यक्रम अनुगमन | वडा र न.पामा | प्रत्येक वर्ष | १ | १ | १ | १ | १ | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० |
| ९ | सूचना केन्द्रको स्थापना | न.पामा | प्रत्येक वर्ष | १ | १ | १ | १ | १ | ४०० | ४०० | ४०० | ४०० | ६५० | २२५० |
| १० | नगरपालिका स्तरमा सुचना बोड कार्यकम | न.पामा | वडा र न.पामा | ० | १ | ० | ० | ० | ० | ५०० | ० | ० | ० | ५०० |

| क्र.स. | लक्ष्य अनुसार प्रस्तावित क्रियाकलाप | स्थान तथा लाभान्वित समुदाय | इकाई | लक्ष्य(परिमाण) | | | | | वजेट (रु.हजारमा) | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ८१/८२ | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ८१/८२ | जम्मा |
| ११ | आवश्यक कार्यविधि निर्देशिका तयारी तथा कार्यान्वयन | न.पा | आवश्यकता अनुसार | १ | १ | १ | १ | १ | १००० | १००० | १००० | १००० | १००० | ५००० |
| १२ | सामाजिक परिक्षण र सार्वजनिक सुनुवाई | न.पामा | प्रत्येक वर्ष | १ | १ | १ | १ | १ | १००० | १००० | १००० | १००० | १००० | ५००० |
| १३ | कमचारीहरुको क्षमता विकास कार्यक्रर्म | न.पामा र वडा | प्रत्येक वर्ष | १ | १ | १ | १ | १ | ६०० | ६०० | ६०० | ६०० | ६०० | ३००० |
| १४ | कमचारी प्रोत्साहर्न तथा पुरस्कृत कायकम | न.पामा र वडा | प्रत्येक वर्ष | १ | १ | १ | १ | १ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० |
| | जम्मा | | | | | | | | १४८०० | १५३०० | १४८०० | १४८०० | १५०५० | ७४७५० |

# परिच्छेद ९
# कार्यान्वयन व्यवस्था

## ९.१ संस्थागत व्यवस्था तथा मानव संशाधन योजना

संघीय शासन व्यवस्था अनुसार राज्यको पुनःसंरचना प्रक्रियाबाट स्थापित यस नगरपालिकाको शासन संचालन, निर्देशन र नियन्त्रण नगर कार्यपालिकाबाट हुदै आएको छ । कर्मचारी समायोजन भैसकेको अवस्थामा वडा कार्यालय समेत नगर कार्यपालिकाबाट प्रवाह गर्ने सेवा सुविधा र सम्पादन गर्ने कार्यलाई प्रभावकारी र नतिजामुखी बनाउन संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी कार्यालयको संगठन संरचना, कर्मचारी दरबन्दी र कार्यविवरण तयार गर्नु पर्ने देखिन्छ । यस नगरपालिकाको सन्दर्भमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्रस्तावित नमूना संगठन संरचना तथा कर्मचारी दरबन्दीलाई अनुशरण गर्ने प्रयास गरिएको छ ।

उक्त संगठन संरचना अनुसार यस नगरपालिकाको सन्दर्भमा प्रशासन तथा अनुगमन शाखा, पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा, सामाजिक विकास शाखा, शिक्षा युवा तथा खेलकुद शाखा, आर्थिक प्रशासन शाखा, आन्तरिक लेखापरीक्षण इकाई, स्वास्थ्य तथा सरसफाई र कृषि तथा पशु विकास सेवा केन्द्र गरी ८ वटा शाखा, ५ वटा उपशाखा, ३ वटा इकाई र १३ वटा वडा कार्यालयहरु २३ वटा इकाईहरु प्रस्ताव गरिएका छन् । प्रस्तावित संगठन अनुसार कतिपय शाखा, उपशाखा, इकाई स्थापना भई संचालनमा रहेका छन् भने कतिपय गठनको प्रक्रियामा रहेका छन् । यसैगरी प्रस्तावित दरबन्दी अनुसार केही शाखा, इकाई र केन्द्रमा कर्मचारीको पदपुर्ती भएको छ भने कतिपयमा हुन बाँकी रहेको छ ।

उपलब्ध विवरण अनुसार नगर कार्यपालिका प्रमुख प्रशासकीय अधिकृत समेत ५८ जना कर्मचारी कार्यरत रहेका छन् । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट यस नगरपालिकाको लागि प्रस्तावित संगठन संरचना देहायअनुसार रहेको छ ।




रणनीतिक नगर विकास योजनाको लक्ष्य तथा उद्देश्य हासिल गर्न संवैधानिक व्यवस्था तथा संघीय कानून अनुसार नगर कार्यपालिकाले कार्यविभाजन तथा कार्यसम्मादन नियमावली तयार तथा स्वीकृत गरी लागू गरिनेछ । यसैगरी वडा कार्यालय समेत नगर कार्यपालिकाबाट प्रवाह गर्ने सेवा सुविधा र सम्पादन गर्ने कार्यलाई प्रभावकारी र नतिजामुखी बनाउन संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी कार्यालयको संगठन संरचना, कर्मचारी दरबन्दी र कार्यविवरण तयार गरिनेछ ।

नगर कार्यपालिकाको कार्यलयमा कार्यारथ कर्मचारीको विवरण

| क्र.सं. | पद | तह/श्रेणी | सेवा | समूह | कार्यरत कर्मचारी |
|---|---|---|---|---|---|
| १. | प्रमुख प्रशासकीय अधिकृत | रा.प.दि | प्रशासन | सा.प्र. | गंगाबहादुर भुजेल |
| २. | अधिकृत | १० | प्रशासन | शि.प्र. | शम्भु प्रसाद पौडेल |
| ३. | पशु चिकित्सक | ८ | कृषि | भेटेनरी | शैलेन्द्र भण्डारी |
| ४. | अधिकृत | ७ | प्रशासन | सा.प्र. | दिपक थिङ |
| ५. | लेखा अधिकृत | ७ | लेखा | लेखा | गोपाल तिवारी |
| ६. | जन स्वास्थ्य अधिकृत | ७ | स्वास्थ्य | ज. स्वा | सुरेश न्यौपाने |
| ७. | अधिकृत | ६ | प्रशासन | सा.प्र. | राजेन्द्र मैनाली ,मुक्ति पौडेल, सारदा देवि शर्मा |
| ८. | आ.ले.प. अधिकृत | ६ | प्रशासन | लेखा | युवराज सुवेदी |
| ९. | अधिकृत | ६ | शिक्षा | शि.प्र. | रविना देउजा |
| १०. | इन्जिनियर | ६ | इन्जि. | सिभिल | सन्दीप ओझा |
| ११. | इन्जिनियर | ६ | इन्जि. | सिभिल | सुरज भट्टराई |
| १२. | इन्जिनियर | ६ | इन्जि. | सिभिल | अर्जुन पौडेल |
| १३. | प.हे.न.)सि.अ.न.मि.( | ५/६ | स्वास्थ्य | | तुलसी अधिकारी |
| १४. | हेल्थ असिस्टेन्ट)सि.अ.हे.ब.( | ५/६ | स्वास्थ्य | हे.ई. | राममणी सिलवाल<br>राजेन्द्र पराजुली )फ( |
| १५. | अधिकृत | ६ | कृषि | भेटेनरी | विनेद कुमार लाल कर्ण |
| १६. | अधिकृत | ६ | कृषि | | विजय डल्लाकोटी |
| १७. | सहायक | ५ | प्रशासन | सा.प्र. | राजेन्द्र सिलवाल |
| १८. | लेखा सहायक | ५ | प्रशासन | लेखा | खगेन्द्र पाठक<br>प्रवेश धिताल )फ( |
| १९. | प्रा.स. | ५ | शिक्षा | शि.प्र. | लक्ष्मी लामिछाने |
| २०. | कम्प्युटर अपरेटर | ५ | विविध | विविध | सुरेश चौलागाई |
| २१. | कम्प्युटर अपरेटर | ५ | विविध | विविध | रमेश चौधरी |
| २२. | पशु सेवा प्राविधिक | ५ | कृषि | भेटेनरी | हरि कृष्ण ढकाल |
| २३. | अमिन | ४ | ईन्जि. | सर्भे | मित्रा गिरी |
| २४. | सहायक | ४ | प्रशासन | सा.प्र. | प्रमिला न्यौपाने |
| २५. | स.ले.पा | ४ | प्रशासन | लेखा | सञ्जिव रेग्मी |
| २६. | सहायक महिला विकास निरीक्षक | ४ | विविध | विविध | देवी अधिकारी |
| २७. | सहायक | ४ | कृषि | | श्रृजना प्रजा |
| | | **वडा कार्यालयतर्फ** | | | |
| १ | सहायक | ५ | प्रशासन | सा.प्र. | खिमा लामिछाने<br>सुभास कुंवर<br>सुधन थिङ<br>विर्ज लाल डांगी<br>विष्णु अधिकारी |
| २ | सब.ई. | ५ | इन्जि. | सिभिल | निति भट्टराई |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | सभ्यता ढकाल<br>सञ्जिव कुमार दाहाल<br>सुजन राई<br>विजय पौडेल<br>विजय लामा |
| ३ | सहायक | ४ | प्रशासन | सा.प्र. | नविन राज रुवाली<br>सुस्मा पुडासैनी<br>सरिता भट्टराई<br>नविन कुमार प्रजापती<br>मंगल तमाङ<br>लेखनाथ घलान<br>कमला मुक्तान |
| ४ | अ.सब.ई. | ४ | इन्जि. | सिभिल | चेतनाथ थपलिया<br>रामशरण थपलिया |

**आन्तरिकतर्फ स्वीकृत दरबन्दी**

| क्र सं. | पद | तह | सेवा | स्वीकृत दरवन्दी |
|---|---|---|---|---|
| १ | इन्जिनियर | छैटौ तह | | २ |
| २ | अभिलेख प्रशासक | छैटौ तह | | १ |
| ३ | सूचना प्रविधि अधिकृत | छैटौ तह | विविध | १ |
| ४ | कानुनी सहजकर्ता | पाँचौ तह | | १ |
| ५ | कम्प्यूटर अपरेटर | ५ | विविध | २ |
| ६ | सामाजिक परिचालक | ४ | विविध | ५ |
| ७ | ग्रामीण सहजकर्ता | १ | विविध | १ |
| ८ | व्याक हो लोडर अपरेटर | श्रेणी विहिन | | १ |
| ९ | व्याक हो लोडर सहायक | श्रेणी विहिन | | १ |
| १० | हलुका सवारी चालक | श्रेणी विहिन | | २ |
| ११ | कार्यालय सहयोगी | श्रेणी विहिन | | १९ |
| १२ | नगर प्रहरी | श्रेणी विहिन | | ३ |
| | जम्मा संख्या | | | ३९ |

## ९.२ योजना कार्यान्वयन

नगरपालिकाको नेतृत्वमा तर्जुमा भएको यस रणनीतिक नगर विकास योजना नगरपालिका लगायत स्थानीय स्तरका सबै सरोकारवालाहरुको सार्थक सहयोग र प्रयत्नबाट कार्यान्वयन हुनेछ । यस रणनीतिक योजनामा आधारमा वार्षिक योजना तथा बजेट तर्जुमा गरी योजनाको कार्यान्वयन गरिनेछ । साथै रणनीतिक नगर विकास योजनामा आधारित भई तीन बर्षको खर्चको प्रक्षेपण सहित मध्यमकालिन खर्च संरचना र आयोजना बैंक तयार गरिनेछ र सो बमोजिम प्राथमिकता प्राप्त कार्यक्रममा वार्षिक बजेट तर्जुमा गरी योजना कार्यान्वयन गरिने छ । यसरी वार्षिक योजना तथा वजेट तर्जुमा गर्दा योजनाको समग्र लक्ष्य, रणनीति तथा प्राथमिकता, विषयक्षेत्रगत उद्देश्य तथा कार्यक्रम एवम् मध्यमकालिन खर्च संरचना र आयोजना बैंकलाई आधार लिईने छ ।

रणनीतिक नगर विकास योजनाको स्वीकृती पछि नगर कार्यपालिकाले सबै विषयगत समिति एवं शाखा, उपशाखा, इकाई, सबै वडा कार्यालय तथा सम्बन्धित सरोकारवालालाई बार्षिक योजना मार्फत योजनाको कार्यान्वयनको लागि लिखित रुपमा जानकारी प्रदान गरिनेछ। यस प्रकार तयार रणनीतिक योजनाको आधारमा सहभागितात्मक प्रक्रिया बमोजिम वार्षिक योजना तथा बजेट तर्जुमा गरी रणनीतिक योजनाको कार्यान्वयन सुनिश्चित गरिने छ। नमूनाको लागि रणनीतिक नगर विकास योजनाको आधारमा बार्षिक योजना तर्जुमाको ढाँचामा प्रस्तुत गरिएको छ। वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा गर्दा प्रयोग गरिने एकीकृत योजना तथा बजेट तर्जुमाको ढाँचामा दिईएको छ।

## ९.३ वित्तीय श्रोत व्यवस्थापन

### ९.३.१ श्रोत अनुमान तथा प्रक्षेपण

यस रणनीतिक नगर विकास योजनालाई सफलतापूर्वक कार्यान्वयन गर्न स्रोत व्यवस्थापनको महत्वपूर्ण भूमिका हुन्छ। नगरपालिकाको आन्तरिक स्रोत-साधन, संघ, प्रदेशबाट प्राप्त हुनसक्ने वित्तीय हस्तान्तरण तथा राजश्व बांडफांड लगायत अन्य स्रोतबाट प्राप्त हुने रकम समेतको अधिकतम उपयोग गरी आवधिक योजनाको अपेक्षित लक्ष्य उद्देश्य तथा प्रतिफल तहको नतिजाहरु हासिल गर्नका लागि वित्तीय व्यवस्थापनलाई प्रतिफलसँग आवद्ध गरिनेछ।

नतिजा तालिकामा उल्लेखित लक्ष्य प्राप्त गर्न तर्जुमा गरिएको कार्यान्वयन तथा लगानी योजनामा नगरपालिकाले आन्तरिक र वाह्य श्रोतबाट प्राप्त गर्ने आयका अतिरिक्त सबै सरोकारवालाको लगानी समेत प्रक्षेपण गरी योजनाको लागि उपलब्ध अनुमानित स्रोतमा समावेश गरिएको छ।

यस रणनीतिक नगर विकास योजनाको ५ वर्ष अवधिका लागि आन्तरिक, वाह्य श्रोत, जनसहभागिता र अन्य स्रोतबाट जम्मा रु. ४ अर्ब ६५ करोड ५३ लाख ७७ हजार हुने देखिन्छ। आ.व. २०७७/७८ को अनुमानित ८४ करोड २५ लाख अनुमान गरिएको छ भने यर्थाथ करिब ८२ करोण बजेट रहेको छ। गत आ.व.को यथार्थ र चालू आ.व.को अनुमानित आयको कम्तिमा पनि वार्षिक ५ प्रतिशतका दरले आयबृद्धि हुनसक्ने आधारमा ५ वर्षको कूल श्रोतको अनुमान प्रक्षेपण गरिएको छ। योजनाको संभाव्य श्रोत तथा सो को प्रक्षेपण देहायअनुसार प्रस्तुत गरिएको छ।

*तालिका १४: प्रक्षेपण गरिएको आवधिक/बार्षिक बजेट*

| बजेटका श्रोतहरु | वार्षिक प्रक्षेपण (आर्थिक बर्ष अनुसार रकम रु. हजारमा) | | | | | |
|---|---|---|---|---|---|---|
| | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | जम्मा |
| आन्तरिक आय रकम | ७०५०० | ७४०२५ | ७७७२६ | ८१६१२.५६ | ८५६९३.१९ | ३८९५५७ |
| संघ सरकारको राजस्व बाँडफाँड | ११६०१४ | १२१८१४.७ | १२७९०५ | १३४३००.७१ | १४१०१५.७४ | ६४१०५०.५८ |
| प्रदेश सरकारको राजस्व बाँडफाँड | ४१८०५ | ४३८९५.२५ | ४६०९० | ४८३९४.५१ | ५०८१४.२४ | २३०९९९.०१ |
| संघ सरकारको वित्तीय समानीकरण अनुदान | १६६२०० | १७४५१० | १८३२३६ | १९२३९७.२८ | २०२०१७.१४ | ९१८३५९.९१ |
| संघ सरकारको सशर्त अनुदान | २९३७०० | ३०८३८५ | ३२३८०४ | ३३९९९४.४६ | ३५६९९४.१९ | १६२२८७७.९ |
| संघ सरकारको समपुरक अनुदान | ३०००० | ३१५०० | ३३०७५ | ३४७२८.७५ | ३६४६५.१९ | १६५७६८.९४ |

| बजेटका श्रोतहरु | वार्षिक प्रक्षेपण (आर्थिक बर्ष अनुसार रकम रु. हजारमा) | | | | | |
|---|---|---|---|---|---|---|
| | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | जम्मा |
| संघ सरकारको विशेष अनुदान | १०००० | १०५०० | ११०२५ | ११५७६.२५ | १२१५५.०६ | ५५२५६.३१३ |
| प्रदेश सरकारको वित्तीय समानीकरण अनुदान | १०७९७ | ११३३६.८५ | ११९०४ | १२४९८.८८ | १३१२३.८२ | ५९६६०.२४१ |
| प्रदेश सरकारको ससर्त अनुदान | २९८९० | ३१३८४.५ | ३२९५४ | ३४६०१.४१ | ३६३३१.४८ | १६५१६१.१२ |
| प्रदेश सरकारको समपुरक अनुदान | १०६०० | १११३० | ११६८७ | १२२७०.८३ | १२८८४.३७ | ५८५७१.६९ |
| प्रदेश सरकारको विशेष अनुदान | ३००० | ३१५० | ३३०७.५ | ३४७२.८८ | ३६४६.५२ | १६५७६.८९ |
| अ÷गैसस विकास साझेदार बाट संचालित कार्यक्रम लगानी | १०००० | १०५०० | ११०२५ | ११५७६.२५ | १२१५५.०६ | ५५२५६.३१ |
| समुदायको लगानी तथा योगदान रकम | २०००० | २१००० | २२०५० | २३१५२.५ | २४३१०.१३ | ११०५१२.६३ |
| निजी क्षेत्रको लगानी रकम | ३०००० | ३१५०० | ३३०७५ | ३४७२८.७५ | ३६४६५.१९ | १६५७६८.९४ |
| स्थानिय पूर्वाधार विकास कार्यक्रम | २४००० | २५२०० | २६४६० | २७७८३ | २९१७२.१५ | १३२६१५.१५ |
| कूल बार्षिक बजेट | ८६६५०६ | ९०९८३१.३ | ९५५३२३.५ | १००३०८९ | १०५३२४३ | ४७८७९९२.६२ |

### ९.३.२ विषयक्षेत्र अनुसार प्रस्तावित बजेट

